# देउराली गा.वि.स. का नेवार जातिको संस्कृतिमा आएको परिवर्तन एक समाजशास्त्रीय अध्ययन

मानविकी तथा सामाजिकशास्त्र संकाय अर्न्तगत

पृथ्वीनारायण क्याम्पस समाजशास्त्र तथा मानवशास्त्र विभागको

स्नातकोत्तर तह द्धितिय बर्षको आठौं पत्रको प्रयोजनको

लागि प्रस्तुत

## शोध-पत्र

प्रस्तुतकर्ता

मनिता श्रेष्ठ

रोल नं. ०५८/२०६४

रजिष्ट्रेशन नं.: ६-२-३८-२१३६-२००१

त्रिभुवन विश्व विद्यालय

समाजशास्त्र तथा मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा,

२०७०

# <u>सिफारिस पत्र</u>

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय, पृथ्वीनारायण क्याम्पस अन्तर्गत समाजशास्त्र एवं मानवशास्त्र विभागको स्नातकोत्तर तह द्धितिय वर्ष आठौ पत्रको प्रयोजनको लागि क्रमाङ्क ५८/२०६४ का शोधार्थी श्री मनिता श्रेष्ठ ***"देउराली गा.वि.स. का नेवार जातिको संस्कृतिमा आएको परिवर्तन एक समाजशास्त्रीय अध्ययन"*** शीर्षकको प्रस्तुत शोध पत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निकै परिश्रमपूर्ण तयार पारिएको यस शोधकार्यबाट म पूर्ण सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.....................................

शान्ति भुसाल

विभागीय प्रमुख

पृथ्वीनारायण क्याम्पस

समाजशास्त्र/मानवशास्त्र विभाग

मिति : २०७०/०५/०२

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र अर्न्तगत समाजशास्त्र तथा मानव शास्त्र विभाग, पृथ्वीनारायण क्याम्पसका शोधार्थी श्री मनिता श्रेष्ठले स्नातकोत्तर तह द्वितीय वर्षको आठौ प्रश्नको प्रयोजनको लागि यस विभाग प्रस्तुत गर्नुभएको **“देउराली गा.वि.स. का नेवार जातिको संस्कृतिमा आएको परिवर्तन एक समाजशास्त्रीय अध्ययन”** विषयक यस शोधपत्र समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको लागि उचित ठहरिएकाले शोधपत्र मूल्याङ्कन समितिबाट स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

शान्ति भुसाल
शोध निर्देशक

सह-प्राध्यापक ज्योति भट्टचन
बाह्य परीक्षक

शान्ति भुसाल
विभागीय प्रमुख

मिति २०७०/०५/०२

# कृतज्ञता ज्ञापन

जनसंख्या तथा भाषाको रूपमा नेपालको छैठो स्थानमा रहेको विभिन्न रितिरिवाज चाडपर्व, संस्कार, संस्कृतिको धनी मानिने नेवार जातिको मूल थलो काठमाण्डौं उपत्यका मानिएता पनि नेपाल राज्यको ७५ जिल्लामा छरिएर रहेको तथ्याङ्कबाट पाउन सकिन्छ । व्यापार वा व्यावसायको सिलसिलामा उपत्यकादेखि वाहिरिएका यी जातिहरूको केही मात्रामा अध्ययन भएतापनि बाहिरको नेवार संस्कृतिको त्यति अध्ययन नभएको सन्दर्भमा कास्की जिल्लाको देउराली गा.वि.स. का नेवारहरूको परम्परागत संस्कृतिमा आएको परिवर्तनको बारेमा अध्ययन गर्न प्रोत्साहित गर्नुहुने तथा शोध कार्यमा निर्देशन दिनुहुने समाजशास्त्र तथा मानवशास्त्र विभागका विभागीय प्रमुख शान्ति भुसाल प्रति हार्दिक कृतज्ञता ज्ञापन प्रकट गर्न चाहन्छु । बाह्य परीक्षकको रुपमा सहयोग गर्नुहुने आदरणीय गुरु ज्योति भट्टचन प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । विभिन्न सल्लाह र सुझाव दिई सहयोग गरिदिनु भएकोमा गुरु अमृत भण्डारी र इन्द्रकला बराल प्रति पनि कृतज्ञता टक्र्याउन चाहन्छु ।

यो शोधपत्र तयार पार्दासम्म धेरै पक्षहरूबाट सहयोगको अवसर पाएको छु । शोधपत्रको अवधिभर आफ्नो अमूल्य समयमा पनि आवश्यक सहयोग दिएर सहयोग गर्नुहुने श्री विश्वशान्ति उ.मा.वि.का नि.वर्तमान प्र.अ. हरि राज घिमिरे ज्यू, पू.प्र.अ. रामलाल श्रेष्ठ र शिक्षक सर्वरी पौडेल ज्यू लाई धन्यवाद दिन चाहन्छु । विभिन्न महत्वपूर्ण सूचना दिई सहयोग पुऱ्याउनु हुने महेन्द्रगुफा, पोखरा निवासी श्री सुरेश श्रेष्ठ ज्यू र कम्प्यूटरमा टाइपिङ्ग गरी सहयोग गर्नुहुने रन्जना थापा साथै गोर्खाली डिजिटल सेवालाई धन्यवाद दिन चाहन्छु ।

मनिता श्रेष्ठ

शोधार्थी

मिति २०७०/०५/०२

# शोधसार

नेपालमा बहुजाति, बहुभाषिक, बहुसंस्कृति रहेको छ । ती मध्ये नेवार जातिको उत्पति र बसोबासका बारेमा व्याख्या गरिएको छ । नेवार जाति संस्कृति र रितिरिवाजमा धनी मानिन्छ । यो जातिको रितिरिवाज र संस्कृतिमा पहिलेको तुलनामा हाल के परिवर्तन देखिएको छ भनि पहिचानको लागि यो अध्ययन गरिएको छ ।

यस शोधपत्रमा देउराली गा.वि.स.का नेवार जातिको संस्कृतिमा आएको परिवर्तनको बारेमा विश्लेषण गर्न खोजिएको छ । यसका उद्देश्यमा देउराली गा.वि.स.मा बसोबास गरेका नेवार जातिले अंगिकार गरेका प्रमुख सामाजिक संस्कारहरु चाडपर्वहरु र रितिरिवाजको बारेमा अध्ययन गर्नु रहेको छ । त्यस्तै उनीहरुको सामाजिक संस्कार चाडपर्व र रितिरिवाजमा आएको परिवर्तनको विश्लेषण गर्नु पनि रहेको छ । यसका लागि अनुसन्धानात्मक र वर्णनात्मक अध्ययन विधिको उपयोग गरिएको छ । सूचनाको प्रकृति प्राथमिक र द्वितीय तथ्याङ्क संकलन विधिको उपयोग गरिएको छ जस अन्तर्गत घरधुरी सर्वेक्षण, प्रश्नावली सूची, प्रत्यक्ष सम्पर्क, अवलोकन र अन्तर्वार्ता आदिको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनको लागि नमूना छनौटको रुपमा पाँच गाउँबाट दश-दश घरधुरी पर्ने गरी पचास घरधुरीलाई उत्तरदाताको रुपमा छनौट गरिएको छ ।

यस शोधपत्रमा नेवार जातिको प्रमुख संस्कार चाडवाड र रितिरिवाजको बारेमा अध्ययन गरी त्यसमा देखिएका परिवर्तनका बारेमा विश्लेषण गरिएको छ । नेवार जातिको सामाजिक संस्कार, रितिरिवाज चाडपर्व मनाउने तरिका, भेषभुषा, पेशा आदिमा परिवर्तन हुँदै गइरहेको छ । जन्म संस्कार, मृत्यु विवाह आदि जस्ता संस्कारमा परिवर्तन देखिएका छन् । त्यस्तै पेशामा पनि नयाँ पेशा अपनाउन थालेका छन् । मातृभाषा बोल्नेको संख्या कम हुँदै गएको छ । घण्टाकर्ण, योमरी पुन्ही आदि चाड मनाउन छाडेका छन् । दशैं तिहार जस्ता चाड मनाउने तरिकामा परिवर्तन आएको छ । जसको कारण खोज्दा समयको अन्तराल, विभिन्न जातिको संगत, समयको अभाव, परसंस्कृतिकरण, आधुनिकता आदिका कारण परिवर्तन हुँदै गइरहेको देखिएको छ । विशेष गरी ब्राम्हण समुदायको संस्कारको छाप बढी परेको देखिन्छ ।

# विषय सुची


सिफारीस पत्र I

स्वीकृति पत्र II

कृतज्ञता ज्ञापन III

विषय सूची IV

तालिका सूची V

चित्र सूची VI

शोधसार VII


## परिच्छेद : एक

## परिचय


१.१ अध्ययनको पृष्ठभूमि १-३

१.२ समस्याको कथन ४-५

१.३ अध्ययनको उद्देश्य ५

१.४ अध्ययनको महत्व ६-७

१.५ अध्ययनको सीमा ७

१.६ अध्ययनको संगठन ८


## परिच्छेद : दुई


२.१ सैद्धान्तिक समीक्षा ९-११

२.२ पूर्व साहित्यको समीक्षा ११-१९


## परिच्छेद : तीन

## अनुसन्धान विधि


३.१ अध्ययन क्षेत्र छनौटको औचित्य २०

३.२ अनुसन्धान ढाँचा २०

३.३ सूचनाको प्रकृति र स्रोतहरु २०-२१

३.३.१ प्राथमिक तथ्याङ्क २१

| | | |
|---|---|---|
| | ३.३.२ द्वितीय तथ्याङ्क | २१ |
| ३.४ | जनसंख्या तथा नमूना | २१ |
| ३.५ | प्राथमिक तथ्याङ्क संकलनका विधि र प्रविधिहरु | २२ |
| ३.६ | सूचना संकलन विधि | २२-२४ |
| | ३.६.१ घरधुरी सर्वेक्षण | २२ |
| | ३.६.२ अन्तर्वार्ता अनुसूची | २३ |
| | ३.६.३ अवलोकन | २३ |
| | ३.६.४ मूख्य सूचनादाताहरूसँग अन्तर्वार्ता | २३ |
| | ३.६.५ वैयक्तिक अध्ययन | २३ |
| | ३.६.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण | २४ |

## परिच्छेद : चार

## अध्ययन क्षेत्रको परिचय र सूचनादाता

| | | |
|---|---|---|
| ४.१ | अध्ययन क्षेत्रको परिचय | २५ |
| ४.२ | अध्ययन क्षेत्र रहेको गा.वि.स.को जनसांख्यिकी अवस्था | २५ |
| | ४.२.१ धर्म | २८ |
| | ४.२.२ आर्थिक क्रियाकलाप | २८-२९ |
| | ४.२.३ गुठी | २९-३० |
| | ४.२.४ शिक्षा | ३२ |
| | ४.२.५ वैवाहिक स्थिति | ३२-३८ |

## परिच्छेद : पाँच

## नेवार जातिको सामाजिक साँस्कृतिक अवस्था

| | | |
|---|---|---|
| ५.१ | देउरालीका नेवार समुदायले अपनाएका प्रमुख संस्कारहरू | ३९-५३ |
| | ५.१.१ जन्म संस्कार | ३९ |
| | ५.१.२ पास्नी | ४० |
| | ५.१.३ व्रतवन्ध (घ्योती र टोपी दिने) | ४०-४१ |
| | ५.१.४ फरिया दिने | ४१ |
| | ५.१.५ वेल विवाह (इहि) | ४१-४२ |

५.१.६ गुफा राख्ने (बाह्र टेउ) ४३-४४
५.१.७ विवाह संस्कार ४५-४६
५.१.८ विवाह साइपाटा ४७-४९
५.१.९ मृत्यु संस्कार ४९-५३
**५.२. देउरालीका नेवारहरूले मनाउने चाडपर्वहरू ५४-६३**
५.२.१ विस्केट जात्रा ५४
५.२.२ आमाको मुख हेर्ने (मातातीर्थ औँसी) ५४
५.२.३ अक्षय तृतीया ५५
५.२.४ चण्डीपूर्णिमा/बुद्धजयन्ती ५५
५.२.५ सिठी नख/कुमार षष्ठी ५५-५६
५.२.६ हरिशयनी एकादशी/हरिवोधनी एकादशी ५६
५.२.७ घण्टाकर्ण ५६-५७
५.२.८ नागपञ्चमी ५७
५.२.९ जनैपूर्णिमा ५७
५.२.१० गाईजात्रा ५७-५८
५.२.११ कृष्णजात्रा ५८
५.२.१२ बाबुको मुख हेर्ने (बुवा औंसी) ५८-५९
५.२.१३ दशैं ५९-६०
५.२.१४ तिहार ६१-६२
५.२.१५ माघे संक्रान्ति ६३

## परिच्छेद : ६

## देउरालीका नेवारहरूमा आएको सामाजिक सांस्कृतिक परिवर्तनहरू

६.१ बच्चा जन्मनुअघि गर्नुपर्ने विधिमा परिवर्तन ६४-६६
६.२ बच्चा जन्मेपछि गर्नुपर्ने विधिमा परिवर्तन ६६-७०
६.३ विभिन्न चाडपर्वहरूमा आएको परिवर्तन ७१-७५
६.४ सामाजिक रितिरिवाजमा आएका परिवर्तनहरु ७५-८१

## परिच्छेद : सात

### सारांश, निष्कर्ष र सुझाव


७.१ सारांश ८२-८४

७.२ निष्कर्ष ८४

७.३ सुझावहरु ८५

**सन्दर्भग्रन्थ सूची** ८६-८७

**अनुसूची** ८८-९५

# तालिका सूची


| तालिका | शीर्षक | पृष्ठ |
|---|---|---|
| २.१ | बौद्ध तथा हिन्दू नेवारहरूले अपनाउँदै आएको पेशा | १४ |
| ४.१ | लिङ्गको आधारमा जनसंख्या वितरण | २५ |
| ४.२ | जातिगत आधारमा जनसंख्या वितरण | २६ |
| ४.३ | भाषागत आधारमा जनसंख्या वितरण | २७ |
| ४.४ | धर्मको आधारमा जनसंख्या वितरण | २८ |
| ४.५ | मुख्य आम्दानीको स्रोतको अवस्था | २८ |
| ४.६ | गुठी संस्थाहरुको अवस्था | २९ |
| ४.७ | देउरालीका नेवार जातिको किसिम | ३० |
| ४.८ | देउरालीका नेवारहरूको समुदायको शैक्षिक अवस्था | ३२ |
| ४.९ | विवाहको किसिम | ३४ |
| ४.१० | परिवारको प्रकार | ३५ |
| ४.११ | पारिवारिक संरचनागत विवरण | ३६ |
| ४.१२ | घरको किसिम | ३७ |
| ४.१३ | पूर्ख्यौली बसोबास स्थल | ३७ |
| ४.१४ | हालको पेशागत विवरण | ३८ |
| ४.१५ | मातृभाषागत विवरण | ३८ |

# परिच्छेद : एक

## १.१ अध्ययनको पृष्ठभूमि

व्यक्ति व्यक्ति मिलेर परिवार बन्दछ । परिवार परिवार मिली समाज बन्दछ । समाज मानवीय सम्बन्धको जालो हो । समाजमा विभिन्न किसिमका जातजाति, धर्म, संस्कार रहेका हुन्छन् । परम्परादेखि चल्दै आएका विभिन्न धर्म, संस्कृति, विवाह, नाताकुटुम्ब, सामाजिक आर्थिक, सांस्कृतिक, राजनैतिक संगठन तथा विविध संस्थाहरू आदिको अन्तरसम्बन्धको स्वरूपबाट नै समाजको निरन्तरता रहेको छ ।

नेपालमा चारजात छत्तीस वर्णको फूलबारी हो । नेपालमा बहुजाति, बहुभाषिक, बहुसंस्कृति रहेको छ । फूलबारीमा अनेक थरीका फूलले फूलबारी सुन्दर बनाए जस्तै यहाँ रहेका विभिन्न जातजाति, धर्म संस्कृतिले नेपाललाई सुन्दर बनाएका छन् । यहाँ अनेकतामा एकता रहेको छ । विभिन्न जाति सम्प्रदाय एकतामा जुटी नेपाललाई अखण्ड बनाएका छन् । भाषागत रूपमा यी जातजातिहरूलाई दुई भागमा विभाजन गर्न सकिन्छ । एकथरी गोर्खाली तथा पर्वते जसले इण्डो आर्यन नेपाली भाषा बोल्दछन् भने अर्काथरी टिवेटियन बर्मन भाषा बोल्दछन् । वि.सं. २०५८ को जनगणनाअनुसार नेपाली भाषा अर्थात इण्डो आर्यन भाषा बोल्नेको संख्या १,१०,५३,२५५ (४८.६१%) रहेको छ भने टिवेटियन भाषा वोल्नेको संख्या १,२०,९८,१६५ अर्थात (५१.३९%) रहेको छ । टिवेटियन बर्मन भाषा अन्तर्गत नेवारी भाषा पनि पर्दछ । वि.सं. २०५८ को जनगणनाअनुसार नेवारी भाषा वोल्नेको संख्या ३,२५,४५८ वा कूल जनसंख्याको ३.६३% रहेको छ । वि.सं. २०६७ मा देउरालीमा गा.वि.स. ले गरेको सर्वेक्षण अनुसार यस गा.वि.स. का नेवारहरूको संख्या ७०४ जना रहेको छ भने जम्मा जनसंख्या ३३५९ रहेको छ ।

टिवेटियन वर्गमा सांस्कृतिक विशेषताअनुसार विभिन्न समूहमा विभाजित रहेको पाइन्छ । यी जातिहरूमा मंगोलियन शारीरिक विशेषता पाइन्छ । यी जातिहरूमा नेवार जातिको संस्कृतिलाई निकै उच्च स्तर मानिन्छ । सभ्यताको हिसाबले यी जातिहरू नेपालको अंग्रपक्तिमा रहेको पाइन्छ । नेवार जातिको प्रमुख वासस्थान नेपालको राजधानी काठमाण्डौं

शहर रहेको पाइन्छ भने यी बाहेक विभिन्न जिल्लाका सदरमुकाम तथा शहरवजारमा केन्द्रित रहेको पाइन्छ ।

नेपालको इतिहास हेर्दा भाषा वंशावली र हिमवत् खण्डले तालका रूपमा रहेको काठमाण्डौं उपत्यकाको पानी निकासा गराईसकेपछि बाग्मती र विष्णुमतीको दोभानमा तपस्या गरि बसेको 'ने' नामका ऋषिको निर्देशनद्वारा व्यवस्था वा शासन चलाइएकाले 'ने' मुनिद्वारा पालित राज्यको नाम नेपाल भएको भन्ने छ । गोपाल वंशावली र अन्य समकालिन वंशावली अनुसार 'नीप' (नेप) नाम गरेका ग्वालाहरूको एक समूह यहाँ बसेकाले यस ठाउँको नाम नेपाल हुन गयो ।

फ्रान्सेली लेखक सिल्भा लेभीले यो नीप भन्ने संस्कृत शब्दबाट आल थपिएर नेपाल भएको अनुमान गरेका छन् । यस्तै न्यार्वा भन्ने जाति नेवार र तामाङको रक्त मिश्रणबाट बनेको हो भन्ने तर्क तामस यंगले र जर्ज ग्रियर्सनले पेस गरेका छन् । न्यार्वा शब्दबाट नेवार बनेको र नेवारबाट नेपाल बनेको भन्ने ग्रियसर्नको मतलाई नेपाली इतिहास विद् बाबुराम आचार्यले युक्तिपूर्ण भनि स्वीकार गरेका छन् । (नेपाल, २०४०) रेग्मीको भनाइअनुसार नेवारको पुर्खाको सम्बन्ध किराँत र लिच्छवि हुनसक्छ । यिनीहरूले एक समयमा नेपाल उपत्यकामा शासन गर्दथे । (रेग्मी, १९५२)

किराँत, कोलिय, साल्मलिय, शाक्य, लिच्छवि तथा श्रेष्ठहरूको संयुक्त समूहलाई नै नेपाल उपत्यकाको समूह मानिन्छ । नेवारी सभ्यताको सुरूवात छैंठौ शताब्दीतिर भएको मानिन्छ । विष्ट, (१९६७) का अनुसार नेवारहरू काठमाण्डौं उपत्यकाका सबभन्दा पुराना वासिन्दा मानिन्छन् । नेवारहरूका आदि पुर्खा किँरात र लिच्छविहरू तथा विभिन्न दिशावाट आएका अनेक उत्पत्तिका सबै मानिसहरू कालान्तरमा नेवार भए त्यसैले नेवारमा आर्य मङ्गोल र केही मात्रामा अष्ट्रेलाइड आदिवासी सबै मिसिएका छन् भन्ने विश्वास गरिन्छ, त्यसरी नेवार भन्ने एउटा जात वा जाति नभई यसभित्र धेरै जातका र धेरै दिशाबाट आएर मिसिएका तर कालान्तरमा सबै नेवार भनिने गरेका मानिन्छन् । त्यस्तै नेवारी भाषा पनि तिब्बती र वर्मेली भएतापनि यसमा प्रशस्त मात्रामा भारोपेली भाषा मध्येका संस्कृत र नेपाली भाषाको प्रभाव परेको छ । नेवारमध्ये खेतीको काम गर्ने ज्यापू, व्यापार गर्ने साहु, धार्मिक, सामाजिक र आर्थिक स्तरमा माथि ठहरिने क्षेत्री बराबरका श्रेष्ठ र ६ थरी बाहुनहरू

पनि छन् । भाषा, रीति र चालचलनको यी सबै जातहरूलाई मिलाएर नेवार भन्ने गरिएको छ । (विष्ट, १९६७)

मल्लकालीन नेपालमा अनेकौं राज्यको सिर्जना भएको थियो । यक्ष मल्लको उपत्यकालाई तीन भागमा विभाजन गरी छोराहरूलाई राजा बनाएका थिए । भक्तपुरका राजा राज्य मल्ल, बनेपाका राजा रण मल्ल र काठमाण्डौंका राजा रत्न मल्ल भएका थिए । यस समयमा शक्ति प्राप्त गर्ने घात, प्रतिघात, द्वन्द र राज्य राज्यबीच युद्ध हुने गरेको र राजनैतिक अस्थिरता कायम रहेकाले गोरखाका राजा पृथ्वीनारायण शाहले नेपाल अधिराज्य एकिकरण गर्ने क्रममा वि.सं. १८०१ मा नुवाकोट र १८१९ मा मकवानपुर, वि.सं. १८२२ मा कीर्तिपुर, १८२५ मा ललितपुर र काठमाण्डौं र १८२६ मा भादगाउँ माथि विजय गरी शाहवंशीय राज्यको स्थापना भई मल्ल (नेवार) राजाहरूको अन्त्य भएको कुरा विभिन्न इतिहासबाट प्रष्ट हुन आउँछ ।

यसरी नेवारहरूको शासनकाल समाप्त भएपनि फेरि शासन गर्नलाई कुनै लालसा नदेखाई शान्तिपूर्ण जीवनयापन गर्न थाले । बरू शिक्षा हासिल गरेर उच्च सरकारी निकायमा काम गर्न थाले । नेवार संस्कृति नेपाली समाजको एक महत्वपूर्ण, मनोरम र सौहाद्रपूर्ण कार्यका रूपमा मानि आएको छ । यसरी नेवार राज्यको अन्त्यपछि नेवार जातिहरू पढीलेखी सरकारी जागिरको सिलसिलामा वा व्यापारको सिलसिलामा नेपाल राज्यको विभिन्न जिल्लाहरूमा जान थाले । विशेष गरी सदरमुकाम बजार क्षेत्रम स्थायी रूपमा नै बसोबास गर्न थाले । यी जातिहरू नेपालको ७५ जिल्लाहरूमा नै छरिएर रहेको पाइएतापनि पश्चिमी क्षेत्रभन्दा पूर्वी क्षेत्रमा र पहाडी क्षेत्रहरूमा बढी बसोबास गरेको पाइन्छ ।

## १.२ समस्याको कथन

नेवार जातिको मुख्य थलो काठमाण्डौंलाई मान्न सकिन्छ र यिनीहरूलाई यस उपत्यकाको आदिवासीका रूपमा लिन सकिन्छ । लिच्छवि काललाई स्वर्ण युग भनिन्छ किनभने त्यस समयमा आर्थिक, सामाजिक, साँस्कृतिक, धार्मिक र राजनैतिक क्षेत्रमा यथेष्ट सुधार भएका थिए । नेपाल तिब्बत र भारतबीचमा रहेकोले यी दुई राष्ट्रबीच व्यापारिक कार्यमा मध्यस्थताको भूमिका निभाइ काठमाण्डौंका बासिन्दाहरूको थुप्रै व्यापारी ज्ञान प्राप्त गरे । यही व्यापारिक कार्यका लागि काठमाण्डौं बाहिर पनि विभिन्न सदरमुकामहरूमा गई व्यापारिक क्रियाकलापहरू गर्न थाले । नेपालभित्र एवं भारत र तिब्बतका विभिन्न शहरहरूमा पनि नेवारहरू व्यापारी कार्यमा लागेका पाउँछौं ।

व्यापारको सिलसिलामा उपत्यकाबाट स्थानान्तरण भई गएका नेवारहरूले आफ्नो साथमा विभिन्न संस्कृतिहरू पनि सँगै लिएर गएका छन् । काठमाण्डौं बाहिर बसोबास गर्ने नेवारहरूले आ-आफ्नो ठाउँको चाडपर्व र विधि विधानका चलन गरेको पाउँछौं । भक्तपुरबाट गएका नेवारहरूले आफ्नो चाड विस्केट मान्दछन् भने पाटन/ललितपुरबाट गएका नेवारहरूले "बुगधो" मान्दछन् । पनौतीबाट गएका नेवारहरूले घोडेजात्रा चाड मान्दछन् । नेवार जाति एक भएपनि यसभित्र विभिन्न थरहरू जस्तै : श्रेष्ठ, जोशी, मल्ल, प्रधान, तिम्ला, ताम्राकार, चित्रकार आदि धेरै थरहरू पाइन्छन् । देउराली गा.वि.स.को सम्बन्धमा हेर्दा यस गा.वि.स.मा श्रेष्ठ र जोशी थर मात्र रहेका छन् ।

कुनै पनि जातिको संस्कृतिमा ठाउँ, समय, मौसमले पनि प्रभाव पार्दछ । स्थानीय जातिको भाषा, संस्कृति, चालचलनले नेवार जातिको भाषा, पहिरन, खानपान, चाडपर्व, रितिरिवाजमा प्रभाव परेको देखिन्छ । सामाजिक अर्न्तक्रियाबाट नै सामाजिक प्रणाली सञ्चालन हुने हुनाले जुन ठाउँमा स्थायी रूपमा नेवार जाति बसोबास गर्दै गए त्यस ठाउँको स्थानीय संस्कृतिको प्रभाव परेको देख्छौं । यस प्रभावबाट कतिपय ठाउँहरूमा नेवार जातिहरूले आफ्नो मूल संस्कृतिबाट केही हदसम्म विचलन भएको पाउँछौं भने कतिपयलाई स्थानीय संस्कृतिमा विलय भई न्यूनतम मात्रामा मात्र नेवारी परम्परागत संस्कृति चिन्हको रूपमा सीमित रहेको पाउँछौं । काठमाण्डौं उपत्यकाबाट टाढा रहेका नेवारहरूमा परम्परा र संस्कृति पनि कम रहेको पाउँछौं । यस सिलसिलामा देउराली गा.वि.स. मा बसोबास गर्दै

आएका नेवारहरूको अंगिकार गरेको संस्कृति रीतिरिवाज, चाडपर्वहरूको विवेचना गर्नु सान्दर्भिक देखिन्छ । काठमाण्डौंबाट विस्थापित भई गएका यी नेवारहरूले अपनाउँदै आएको संस्कृति तथा काठमाण्डौंका नेवारहरूको संस्कृतिमा देखा परेका मूल परिवर्तनहरूको बारेमा अध्ययन गर्ने यस अध्ययनको कार्यक्षेत्र रहेको छ । देउरालीमा आएका नेवारहरू काठमाण्डौं, भक्तपुर, ललितपुर, पाटन आदि ठाउँबाट आएका हुनाले चाडपर्व रितिरिवाजहरू पनि फरक छन् । यस अध्ययनमा नेवार जातिको मूल संस्कृति, चाडपर्व, रीतिरिवाज तथा देउरालीका नेवारहरूले अपनाएको संस्कृति, चाडपर्व तथा रीतिस्थिति कस्तो छ र वर्तमान अवस्थामा कस्तो परिवर्तन देखिएको छ त्यसको पहिचान गर्नका लागि यो अध्ययन गरिएको छ ।

निम्न प्रश्नको उत्तर खोज्ने प्रयास गरिएको छ ।

१. देउरालीका नेवारहरूमा सामाजिक सांस्कृतिक परिवर्तन के आएका छन् ?

२. यदि छन् भने के केमा परिवर्तन आएका छन् र किन ?

३. त्यस्तो परिवर्तन कुन कुन संस्कारमा कस्तो देखिएको छ ?

४. कुन चाडपर्वमा के परिवर्तन देखिएको छ ?

५. कुन रितिरिवाजमा कस्तो परिर्वतन देखिएको छ ?

६. खानपान र भेषभूषामा के परिवर्तन देखिएको छ ?

७. छोरा र छोरीको स्थानमा परिवर्तन देखिएको छ कि छैन ? छ भने कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

**सामान्य उद्देश्य**

देउराली गा.वि.स. का नेवार जातिको संस्कृतिमा आएको परिवर्तनको समाजशास्त्रीय अध्ययन गर्ने ।

यस अध्ययनमा विशिष्ट उद्देश्यहरू निम्न छन् :

क. देउराली गा.वि.स. मा बसोबास गरेका नेवार जातिले अंगीकार गरेका प्रमुख सामाजिक संस्कारहरू चाडपर्व र रीतिरिवाजबारे अध्ययन गर्ने ।

ख. देउरालीका नेवारहरूको सामाजिक संस्कार, चाडपर्व र रितीरिवाजमा आएको परिवर्तन अवलोकन गरी बिश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

हाम्रो देश नेपालमा बहुजाति र बहु संस्कृति रहेको छ। सबै संस्कृतिको आ-आफ्नै प्रकारको महत्व र इतिहास छ। जातिय परम्परा हराउनु मौलिकता हराउनु हो। त्यसैले यसको संरक्षण गर्न आवश्यक छ। संस्कृति समाजको सम्पत्ति हो। संस्कृतिले समाजको विशेषता तथा गुणहरूको पहिचान गर्छ र यसले विशिष्ट रूपबाट समाजले अङ्गिकार गरेको विश्वास मान्यता र धारणाहरूको अभिव्यक्त गर्दछ। कुनै जातिको आफ्नो पहिचान उसका संस्कृति र संस्कारले उजागर गर्दछ।

विभिन्न जनजातिको आफ्नै मौलिक संस्कृति र संस्कार हुन्छ नेवारको पनि आफ्नो भिन्नै संस्कृति र संस्कार छ। अन्य जातिबाट नेवार जातिको भिन्नता यही विशेष संस्कृति र संस्कारले विस्तृत गर्दछ, । काठमाण्डौभित्र केन्द्रित नेवार समुदाय विशेष गरी व्यापारिक उद्देश्यले नेपालभित्र विभिन्न नेवारी समूहको रूपमा बसोबास गरी सामाजिक व्यवहार संस्कारहरू अघि बढाइराखेका छन् भने कतिपय ठाउँहरूमा सीमित संख्यामा नेवारहरू बसोबास गरेकोले नेवारी संस्कार, संस्कृति र रितिरिवाज केही मुख्यमुख्य बाहेक लोप हुन गएको ठहरिन्छ। नेपाल एउटा सानो मुलुक भएतापनि साँस्कृतिक विविधताले भरिपूर्ण मुलुक हो। बहुजाति, बहुभाषा, बहुसंस्कृति नेपालको सम्पत्ति हो। यस्तो सानो मुलुकमा यति धेरै जाति धर्म, संस्कृति र जातिगत पेशा रहेकोले समाजशास्त्रीय मानवशास्त्रीय, दृष्टिकोणबाट अध्ययन गर्नु आवश्यक छ। शिक्षा, यातायात, बसाइँसराइँ, आधुनिक प्रविधि, सूचना र संचारको विकाससँगै, संस्कृति, चाडपर्व, परम्परागत पेशा व्यवसायबाट पनि परिवर्तन भइरहेका छन्। ती समुदायले जीवनस्तरमा पनि विकासको गति र विश्वव्यापिकरण सँगै आफ्ना पुराना मूल्य मान्यता र संस्कृतिमा पनि परिवर्तन हुँदैछन्। विभिन्न जातिहरूको आपसमा सामाजिकीकरण भएको छ। परम्परागत पेशा छाड्नुपर्ने र अन्य पेशा अँगाल्नुपर्ने अवस्था विकासको क्रममा आएको छ।

यसै क्रममा देउरालीमा पनि काठमाण्डौं, भक्तपुर, पनौती लगायतका ठाउँहरूबाट विभिन्न गाउँहरूमा बास बस्दै बसाइँसराइ गरी आएको पाइन्छ। यी नेवारहरू अझ आ-आफ्नो संस्कार, रितिरिवाज र चाडपर्वहरूभन्दा कति फरक हुँदै गएका रहेछन् र यसलाई जीवन्त गर्न के गर्नुपर्दछ भन्ने विषयलाई केन्द्रित गरी यो अध्ययन गरिएको छ। यस

अध्ययनले सामाजिक र साँस्कृतिक विचलनबारे अध्ययन गर्ने हुनाले अध्ययनको आवश्यकता महशुस गरिएको हो । साथै यस गाउँका नेवारजातिहरुको अध्ययन अझसम्म नभएको हुँदा यस अनुसन्धानबाट प्राप्त नतीजा पछि अध्ययन गर्न चाहनेहरुको लागि पनि महत्वपूर्ण हुन जाने र बाटो निर्देशन गर्न सक्छ भनि अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नो सीमाहरू हुन्छन् । यही सीमाहरूको आधारमा अध्ययनलाई सीमावद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अनुसन्धान कार्य सदैव निश्चित अवधि निश्चित ठाउँ र निश्चित निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएको हुँदा अनुसन्धान कार्यको मूल्य मान्यता र अवधारणा अवश्य पनि हुन्छ । त्यसैले यो अनुसन्धानले कार्य पनि निश्चित सीमाभित्र मात्र यसको परिणाम र निष्कर्ष स्वीकार योग्य छ ।

कुनैपनि विषयवस्तुको अध्ययन गर्ने क्रममा सीमाको निर्धारण गर्नुपर्ने अपरिहार्यता देखिन्छ । सीमाको पूर्व निर्धारण गर्नुको प्रमुख कारण समग्रमा सम्पूर्ण पक्षको अध्ययन गर्न नसक्नुका साथै समय र आर्थिक खाँचोले गर्दा नै हो, अझ भन्नुपर्दा यो अध्ययन पृथ्वीनारायण क्याम्पस पोखराको समाजशास्त्र, मानवशास्त्र विभागको स्नातकोत्तर तहको शोधपत्रको लागि मात्र तयार गर्न लागिएको हो ।

यस अध्ययन क्षेत्रभित्र कास्की जिल्लाको देउराली गा.वि.स. लाई लिइएता पनि नमूना अध्ययनको रूपमा पाँचवटा बस्ती देउराली बजार, हटिया, पौवा, स्यामलथर र देउराली फेदीलाई लिइएको छ । यो अध्ययन केबल नेवारी समुदायको सामाजिक तथा सांस्कृतिक अध्ययन/अनुसन्धान गरिने भएकाले यस अनुसन्धानले सम्पूर्ण नेवार जातिको सामाजिक तथा सांस्कृतिक अवस्थालाई उजागर नगर्न सक्छ तथा नेपाल भित्र बसोबास गर्दै आएका नेवार जातिको अध्ययनका लागि सामान्यीकरण नहुन पनि सक्ने हुन्छ ।

## १.६ अध्ययनको संगठन

यस शोधपत्रमा परिच्छेद एकमा अध्ययनको परिचय शीर्षक राखी अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, सीमा र संगठन राखिएको छ । त्यस्तै परिच्छेद दुईमा पूर्वसाहित्यको समीक्षा गरिएको छ । अनुसन्धान विधिमा अनुसन्धान र वर्णनात्मक विधिको प्रयोग गरिएको छ। सूचनाको प्रकृति प्राथमिक र द्वितीय तथ्याङ्क संकलन विधि प्रयोग गरिएको छ। त्यस्तै जनसंख्या तथा नमूना छनौटमा जम्मा १३० घरधूरी मध्ये ५० घरधूरीलाई लिइएको छ। सूचना संकलन विधिमा घरधूरी सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन र वैयक्तिक अध्ययनको प्रयोग गरिएको छ।

परिच्छेद चारमा अध्ययन क्षेत्रको परिचय, जनसांख्यिकी, धार्मिक, शैक्षिक र वैवाहिक अवस्थाको बारेमा विश्लेषण गरिएको छ। त्यस्तै परिच्छेद पाँचमा नेवार जातिको सामाजिक, सांस्कृतिक अवस्थाबारे अध्ययन गरिएको छ। जसमा यस ठाउँका नेवार जातिले अपनाउँदै आएका संस्कारहरू, चाडपर्व, रितिरिवाजका बारेमा उल्लेख गरिएको छ भने परिच्छेद छ मा यस ठाउँका नेवारहरूमा आएको सामाजिक, सांस्कृतिक परिवर्तनका बारेमा व्याख्या गरिएको छ । परिच्छेद सातमा सारांश, निष्कर्ष र सुझाव लेखि सन्दर्भ ग्रन्थ सूची राखि शोधपत्र तयार गरिएको छ।

# परिच्छेद : दुई

## २.१. सैद्धान्तिक समीक्षा

समाज र संस्कृतिको अध्ययनलाई एक निर्दिष्ट निष्कर्षमा पुऱ्याउनको लागि नै विभिन्न सामाजिक स्वरूप, प्रक्रिया, मान्यता र परिस्थितिलाई विभिन्न दृष्टान्त अर्न्तगत राखेर व्याख्या र विश्लेषण गर्न थालिएको पाइन्छ । सामाजिक, सांस्कृतिक प्रक्रियालाई अध्ययन, व्याख्या र विश्लेषण गर्ने सम्बन्धमा खास खालको सैद्धान्तिक नमूनाको प्रयोग गरिएको हुन्छ । जसबाट नै सामाजिक प्रक्रियाका बारेमा एउटा निष्कर्ष निकाल्न सकिन्छ । यसलाई निर्दिष्ट समाज र संस्कृतिमा सामान्यकरण गरिने सक्ने हुन्छ । यसै सन्दर्भमा संरचनागत प्रकार्यात्मक सैद्धान्तिक नमूना पनि एउटा महत्वपूर्ण दृष्टिकोण हो । जसले समाजलाई एउटा प्रणाली वा व्यवस्था उपागमनबाट विश्लेषण गर्ने गर्दछ । सिङ्गो सामाजिक व्यवस्थालाई एउटा पद्धति मानेको हुन्छ । यहि पद्धति भित्रका व्यवहार, क्रियाकलाप, सम्बन्ध, निर्भरता तथा अस्थित्वको बारेमा विश्लेषण गर्न यस नमूना बढि व्यवहारिक मानिएको छ । समाज र संस्कृतिको अध्ययन गर्ने सम्बन्धमा प्रत्येक विषय वा घटनाक्रमको अध्ययनलाई पूर्ण रूपमा बुझ्नका लागि त्यस भित्रको कार्यकारण सम्बन्ध पहिल्याउनका लागि सामाजिक, सांस्कृतिक यथार्थलाई प्रष्ट पार्नका लागि सामाजिक व्यवस्थामा सबै संलग्न पक्षको एकिकृत रूप र प्रक्रियालाई अध्ययन गर्नुपर्छ भन्ने मान्यता यसमा रहेको छ । कुन एकाइको कहाँ कस्तो प्रभाव छ भन्ने तथ्य यहि प्रक्रियाबाट बुझ्न सकिन्छ । यहि तथ्यलाई सर्वप्रथम दुर्खाइमले सामाजिक घटनाको कार्यकारण सम्बन्ध पत्ता लगाउने सम्बन्धमा उल्लेख गरेका छन् ।

यस सैद्धान्तिक नमूनाले सिङ्गो सामाजिक परिस्थितिलाई एउटा व्यवस्था मान्दछ । यहि व्यवस्था संचालनका लागि विभिन्न उपभागहरू संलग्न हुन्छन् । यिनै उपभागहरूको प्रकार्यात्मक सम्बन्धमा नै मूल व्यवस्था संचालन भएको हुन्छ भन्ने मान्यतालाई सर्वोपरि ठानी सामाजिक घटनाको अध्ययन गरिन्छ । एउटा सामाजिक व्यवस्थाभित्र अनगिन्ती उपव्यवस्थाहरू रहेका हुन्छन् । प्रत्येक उपव्यवस्थाहरू भित्र पनि अनेकौं एकाईहरू संलग्न

मान्यता राखिन्छ । समाजमा हुने प्रत्येक घटनाक्रमहरूले सामाजिक व्यवस्थाका लागि सकारात्मक कार्य नै गरिराखेका हुन्छ भन्ने मान्यता यस उपागमनमा पाइन्छ । जुन मान्यतालाई सच्याउने कार्य पनि नव-प्रकार्यात्मक विश्लेषक आर.के. मर्टन जस्ता विद्वानहरूबाट नै भएको छ ।

रेडक्लिफ ब्रोनले आफ्नो अध्ययनमा सामाजिक संरचनालाई निकै जोड दिएका छन् । उनको महत्वपूर्ण कृति "Structure and Function in Primitive society" (1952) हो । उनले Andaman Islander हरूको अध्ययन गरि तिनीहरूको जीवन पद्धति संस्कार र संस्कृति आदिका बारेमा अध्ययन गर्दा तिनीहरूले अवलम्बन गर्ने रितिरिवाज बिच के कस्तो सम्बन्ध छ भन्ने बारेको अध्ययनमा संरचनागत प्रकार्यात्मक नमूनाको प्रयोग गरेको पाइन्छ । उनको अध्ययनको प्रकृति वैज्ञानिक र कार्यक्षेत्रमा आधारित थियो । उनका अनुसार समाजमा रहने आदर्श, मूल्य मान्यता, प्रथाहरू तथा संस्थाहरू एक आपसमा अन्तरसम्बन्धित छन् । यिनै तत्वहरूको एकिकृत रूप नै सामाजिक संरचना हो । यसै संरचनामा संलग्न एकाईहरू बिचको एकिकरण, अन्तरनिर्भरता  तथा प्रकार्यात्मक सम्बन्धले व्यवस्थाको निरन्तरतालाई टेवा पुऱ्याउँछ भन्ने धारणा उनको छ । सामाजिक निर्दिष्ट मान्यता र संस्कारको भन्ने धारणा र कार्य नबुझिकन सामाजिक प्रकार्य र संस्कारलाई विश्लेषण गर्न सकिदैन भन्ने उनको दृष्टिकोण छ ।

समाज एउटा विन्दुमा स्थिर रहदैन निरन्तर परिवर्तन तर्फ उन्मुख हुन्छ । समाज भित्रका विभिन्न इकाईहरुमा योजनावद्ध तथा स्वतः स्फूर्तरुपमा परिवर्तनका संकेतहरु देखिन्छन् । हिजोका व्यवहारमा आज परिर्वतन देखिन्छन् । भने भोलि त्यो रुपमा रहदैन । परिवर्तन सर्वव्यापी नियम हो । मानविय अन्तरक्रिया अन्तरसम्वन्धमा समय सापेक्ष रुपले परिवर्तन देखिन्छ त्यो परिवर्तनले मानविय व्यवहार एवम् संस्कारहरु रुपान्तरण हुन्छन् । नेवारी समाजले आफ्नो छुट्टै मौलिक विशेषता वोकेको हुन्छ । समय सापेक्ष रुपमा स्वत स्फूत एवम् आधुनिकीरण प्रक्रियाका कारण नेवारी समाज पनि रुपमान्तरण हुदै आएको छ । यसको प्रभाव अध्ययन क्षेत्रमा पनि अवश्य पर्दछ् ।

डेभिड जेरी र जुलिया जेरी (२०००) ले सामाजिक परिवर्तन गराउने संस्कारलाई मानविय जीवनमा दैनिक हुने अभ्यासहरु जसले पवित्र तथा समाजिक जीवनका पक्षलाई

समेटेको हुन्छ  भनेका छन् । उनका अनुसार संस्कारले मानविय जीवनको सांकेतिक गुणलाई प्रकार्यमा बदल्छ ।

मानविय सामाजिक संरचनामा विभिन्न विकासात्मक गतिविधिले परितर्वन गर्दछन् । यस्ता परिवर्तनहरु समाजमा प्रचलित संस्कार, संस्कृति, रितिरिवाज, चालचलन, भेषभूषा, आदिमा देखिन्छ ।

समाजभित्र र समाज बाहिर देखा परेका आविष्कार र अन्वेषणहरुले अन्ततः सांस्कृतिक परिवर्तन स्रोतका रुपमा काम गर्दछन् जसलाई सांस्कृतिक परिवर्तनका परिणाम नकार्न सकिदैन । वास्तवमा समाजले स्वीकार गर्न आविष्कार र अन्वेषणहरुबाटनै सांस्कृतिक परिवर्तन निरन्तर नियमित रुपमा परिवर्तित हुदै जान्छ । (एम्बर एण्ड एम्वर १९८५)

## २.२ पूर्व साहित्यको समीक्षा

नेपालमा समाज तथा मानव शास्त्रीय अध्ययन सुरू गरेको धेरै भएको छैन । केही विदेशी विद्वानहरूबाट २००७ साल अगाडि केहि अध्ययनहरू भएको पाइन्छ तर तिनीहरूले गरेको अध्ययन जातिगत अध्ययन थिएन । भनिन्छ ति विद्वानहरू कुनै पनि अध्ययनको लागि नेपाल नआएका घुम्न वा धर्म प्रचार प्रसारका लागि आएका थिए । २००७ साल पछि नेपालको विदेशी तथा स्वदेशी विद्वानहरूबाट जनजातीय अध्ययनमा चासो देखाउन थालियो । विदेशी विद्वानहरू सेडन (१९८०), हाइमेन डोर्फ (१९६६), पि. कप्लान (१९७२) आदि रहेका छन् भने नेपाली विद्वानहरूमा प्रा. डोर बहादुर  विष्ट (१९७३), प्रा. जी.एस. नेपाली ( १९६५), डा. गणेशमान गुरुङ्ग (१९८२), डा. डिल्लीराम दाहाल (१९८४), डा. प्रेम कुमार खत्री (वि.सं. २०३६), डा. नविन कुमार राई (१९७५), डा. ऋषि केशवराज रेग्मी (१९८५) आदि रहेका छन् ।

केही समय यता नेपालमा जातीय अध्ययनमा प्रगति भएको पाइन्छ । यसरी गरिएको अध्ययनमा जातिहरूको जनजीवनबारे प्रकाश पार्ने प्रयास गरिएको पाइन्छ । विभिन्न समाजशास्त्रीय तथा मानवशास्त्रीयहरूका साथै अन्य विद्वानहरूद्वारा विविध पक्षमा नेवार

जातिको अध्ययन गरेका छन् । ती विद्वानहरूले अध्ययन गरेका विषयहरूलाई यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

नेवार जाति काठमाण्डौं उपत्यकामा बसोवास गर्ने प्रमुख जाति मानिन्छ । तर आजकाल नेपाल राज्यको हिमाल, पहाड, तराई सबै ठाउँमा यस जाति छरिएर रहेको पाइन्छ । भाषा संस्कृतिमा अरू जातजातिभन्दा सम्पन्न मानिने गरी जातिभित्र नै चारजात छत्तीस वर्णको फूलबारी समान सामाजिक संरचना रही नेपाली समाजमा छुट्टै पहिचान रहेको देखिन्छ । काठमाण्डौं उपत्यकाबाट नेवारहरू व्यापार, नोकरी आदिको विभिन्न सिलसिलामा देशका विभिन्न सदरमुकाम र गाउँमा बसाई सरेका देखिन्छन् भने आजभोलि व्यापार, नोकरी र कृषि पेशा अंगालेका अध्ययनबाट देखिन्छ । यस देउराली गा.वि.स. मा काठमाण्डौं उपत्यकामा पाइने सबै थरका नेवारहरू पाईँदैनन् । यहाँ श्रेष्ठ र जोशी थरका नेवारहरू मात्र बसोवास गर्छन् । यसरी भाषा, संस्कृति र सामाजिक संरचनामा छुट्टै पहिचान रहेका यी जातिहरूमा काठमाण्डौं उपत्यकामा नेवारहरूका वारेमा स्वदेशी तथा विदेशी अनुसन्धानकर्ताहरूले अध्ययन गरेको पाइन्छ भने उपत्यका बाहिर नेवारहरूको विषयमा अध्ययन गरेको पाइदैन अथवा पाइएतापनि एकदमै कम मात्रामा भएको देखिन्छ । विभिन्न समाजशास्त्रीय तथा मानवशास्त्रीय विद्वानहरूले नेवार जातिको बारेमा अध्ययन गरेका छन् ।

देउराली गा.वि.स. का नेवारहरूको बारेमा अध्ययन गरेको कुनै कृति नपाइएतापनि नेवारहरूको संस्कृतिको अध्ययन गर्ने सिलसिलामा काठमाण्डौंका नेवारहरूको त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानव तथा समाजशास्त्रीय अध्ययन गरिएका पुस्तक, थेसिस तथा अन्य प्रकाशनहरूबाट केही पूर्व साहित्य समीक्षा गरिने प्रयास गरिएको छ ।

लेभी, (१९६५) का सिद्धान्त अनुसार नेवारहरू हिमालयको उत्तरी क्षेत्रबाट बसाइँ सरेर नेपाल आएका हुन् । रेग्मी, (१९५२) का भनाइ अनुसार नेवारको पुर्खाको सम्बन्ध किराँत र लिच्छविसँग हुनसक्छ । यिनीहरूले एक समयमा नेपाल उपत्यकामा शासन गर्दथे । नेपाली, (१९६५) का अनुसार नेवारहरू दक्षिण भारतका आदिवासी हुनुपर्छ । किनकि मलवारका हिन्दू समुदायको रीतिरिवाजसँग नेवार संस्कृतिका धेरै समानताहरू पाइन्छन् ।

धर्म मान्ने आधारबाट नेवारहरूलाई मुख्यतया दुई भागमा विभाजन गर्न सकिन्छ ।

१) बौद्ध मार्गी जसले बुद्धको पूजा गर्दछन् ।

२) हिन्दूमार्गी जसले विभिन्न देवी देवताहरूको पूजा गर्दछन् ।

नेवारहरू मुख्यतया दुई धर्म मान्दछन् बौद्ध र हिन्दू धर्म यी दुई धर्ममध्ये कुन धर्मको प्रभुत्व बढी रहन गएको थियो भन्ने वारेमा विभिन्न विद्वानले विभिन्न विचारहरू प्रस्तुत गरेका छन् । नेवारहरूको आदि स्थान र उद्‌गम स्थान काठमाण्डौं उपत्यका हो । मध्यकालमा विभिन्न प्रयोजन र उद्देश्य लिएर आएका व्यक्ति काठमाण्डौं उपत्यकामा आई वसोबास गर्दै जाँदा कालान्तरमा यी सबै नेवार भए । त्यसैले नेवारमा आर्य, म·f]ल र अष्ट्रेलाइड आदिवासी सबै नै मिसिएका छन् भन्ने विश्वास गरिन्छ । विष्ट, (१९७३) का अनुसार नेवार कुनै जात र जाति नभई विभिन्न जात र जातिहरूको सम्मिश्रण हो । यसलाई हामी नेवारहरूले प्रयोग गर्ने भाषाबाट पनि प्रष्ट पार्न सक्छौ । प्राय : नेवार भाषाको स्वरूप तथा संरचना तिब्बत बर्मेली हो तापनि यसमा प्रयोग हुने भाषामा संस्कृत र नेपालीको प्रशस्त मात्रामा प्रभाव परेको देखिन्छ । नेवारहरूको सामाजिक संरचना जात र थरहरूको समूह वनावटबाट प्रभावित भएको देख्दछौं । यी जात र थरका समूहहरू पेशागत रूपबाट विशिष्ट सीप प्राप्त सामाजिक एकाइको रूपमा विकसित भएतापनि यी सीपहरूमा यी समूह जातिमात्र नभई अन्य समूह पनि यी कार्य गर्न स्वतन्त्र छन् ।

नेपाली, (१९६५) का अनुसार वौद्ध मार्गी र हिन्दूमार्गीहरू विभिन्न जात र थरहरूमा वर्गीकृत भएको पाउँछौं । बौद्ध र हिन्दूमार्गी नेवारहरूले अपनाएको पेशालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं. २.१

### वौद्ध तथा हिन्दू नेवारहरूले अपनाउँदै आएको पेशा

| जात | हिन्दूमार्गी | पेशा | वौद्धमार्गी | पेशा |
|---|---|---|---|---|
| ब्राम्हण | देउबाहुन्<br>भट्टबाहुन<br>झाबाहुन | पुरोहित | बज्राचार्य/गुभाजु | पुरोहित |
| क्षेत्री | छ थरी श्रेष्ठ | व्यापार/सरकारी सेवा | बरे | मन्दिरमा पूजा गर्ने |
| वैश्य | ५ थरी श्रेष्ठ | व्यापार/सरकारी सेवा | उदास/ज्यापू | |

गठु, शुद्ध, खुश, पुन, नौं सायमी, कौं छिपा, दुई, वलामी, कसाई, जोगी, पोडे, कुलु, च्यामें यी जातिहरू वौद्ध र हिन्दू मार्गीहरू दुवैका साझा जाति मानिन्छन् । नेवार जाति पुरोहित गर्ने र नगराउने आधारमा छुट्याउन सकिन्छ ।

**१) यी थर/ जात जसकहाँ ब्राम्हण वा बज्राचार्यहरूले पुरोहित गर्ने गर्दछन् ।**

- देउ ब्राम्हण
- ब्रजाचार्य
- बरे
- झा बाहुन
- सेस्यो
- उदास
- ज्यापू
- सायमी
- खुश
- छिपा
- नौं
- कौ

**२) यी थर/जात जसकहाँ ब्राम्हण वा बज्राचार्यहरूले पुरोहित गर्ने गर्दैनन् ।**

- ना
- जोगी
- कुलु
- पोडे
- च्यामे

नेपाली, (१९६५) ले काठमाडौं उपत्यकाको नेवारहरूको समाजशास्त्रीय, सांस्कृतिक, मानवशास्त्रीय  सबै विविध पक्षबाट गहन अध्ययन गरेका छन् । उनले नेवार जातिको आर्थिक तथा भौतिक जीवनको साथसाथै जन्मदेखि मृत्यु संस्कार, गुठी, संस्थागत, विभिन्न चाडपर्व, रितिरिवाज सम्बन्धमा काठमाण्डौंका विभिन्न ठाउँको नेवारहरूको तुलनात्मक अध्ययन गरेका छन् ।

त्यस्तै विष्ट, (१९६७) "सबै जातको फूलबारी" मा उनले नेवारहरूको बारेमा पनि उल्लेख गरेका छन् । त्यस्तै उनले "पिपुल इन नेपाल" मा काठमाण्डौं उपत्यकाको नेवारहरूको सांस्कृतिक तथा मानवीय दृष्टिकोणले अध्ययन गरेको पाइन्छ ।

शान्ति शुरभ, (२०२६) का अनुसार किराँत, कोलिया, शाक्य, लिच्छवि तथा श्रेष्ठहरूको संयुक्त समूहलाई नै नेपाल उपत्यकाको समूह मानिन्छ ।

हेगन, (१९९८) का अनुसार नेवार जातिमा हिन्दू र वौद्ध दुवै धर्मका अनुयायी पाइन्छन् कोही कोहीले दुवै धर्म मान्दछन् । यी दुवै धर्मालम्वीमा जात प्रथा छ । व्यापारी र ज्यापू छुट्टै जातमा पर्दछन भने पोडे, च्यामेलाई पानी नचल्ने जातको मानिन्छ ।

रेग्मी, (१९५२) ले आफ्नो पुस्तक "मेडिएभल नेपाल" मा नेवार समुदायलाई विभिन्न समूह उपसमूह तथा वर्गमा विभाजन गरेको पाइन्छ ।

नेवारी समाजमा सामाजिक संस्थाहरू जस्तै जाति, परिवार, गुठी, संगीत र सांस्कृतिक संस्थाहरू धर्मद्वारा निर्देशित गरिएका हुन्छन् । साथै सामाजिक तथा राजनैतिक संस्थाहरू पनि धार्मिक क्रियाकलापहरूद्वारा निर्देशित हुन्छन् । (टोफिन, १९८२)

रोशर, (१९६६) ले मानवशास्त्रीय अध्ययन गरेको सोसियल मोबिलिटि इन द नेवार काष्ट सिष्टम लेखमा नेवारहरूको व्यक्तिगत सामाजिक चलफिर, जातिय प्रथा र सामाजिक

अवस्थाको विश्लेषण गरेका छन् । उनले नेवार जातिलाई “ल कले जु पिम” र “ल कले मजु पिम” (पानी चल्ने र नचल्ने जात) भनी दुई जाति अन्तर्गत विभिन्न नाम थरद्वारा वर्गीकरण गरेका छन् ।

शर्मा, (२०६३) का अनुसार नेवार 'सी गुठी' र 'सना गुठी' को कार्यशैलीमा केही फरक भएतापनि यो सामान्यत : समानार्थी उद्देश्यको गुठी हो । कतिपय 'सी गुठी' मा स्वंय फुकी र गुठियार सदस्यहरू दाह कार्यमा संलग्न हुन्छन् भने 'सना गुठी' मा सहभागिताको काम खाली मलामी गएर मात्रै पूरा गरिन्छ । कतिपय 'सी गुठी' मा खास दाह कार्यका लागि 'ग' भनिने ज्यापू समुदायबाट नियुक्त सदस्य हुन्छन् र दाहमा 'सी गुठी' का सदस्यहरू आफै संलग्न भइ रहनु पर्दैन तर देउरालीको नेवारहरूमा 'सी' र 'सना' दुइवटै गुठीका रूप नभइकन केवल गुठी संस्थाको रूपमा रही मृत्यु संस्कारका सबै कार्यहरूमा प्रत्येक सदस्यहरू सहभागी हुनुपर्दछ । गुठीका सदस्यहरूले सहयोग मागेको खण्डमा अन्य कार्यहरूमा पनि सदस्यहरू सहभागी हुनुपर्दछ ।

नेपाली, (१९६५) ले नेवारहरूको बारेमा विस्तृत रूपमा आफ्नो पुस्तक “द नेवार्स” मा व्याख्या गर्नुभएको छ । उक्त पुस्तक १४ अध्यायमा विभाजित छ । पहिलो अध्यायमा नेवार जातिको उत्पत्ति र काठमाडौं उपत्यकाबारे व्याख्या गरिएको छ । यसमा काठमाण्डौं नै नेवार जातिको उत्पत्ति भएको तथ्यलाई उजागर गरेको छ । दोस्रो र तेस्रो अध्यायहरूमा नेवारहरूको पेशा बसाइ, लवाइखवाइबारे व्याख्या गरिएको पाउँछौ । नेवारहरू विभिन्न पेशामा लागेका र कृषि कार्य यस जातिका केही उप जातिले गर्ने गरेका तथ्य पनि प्रस्तुत गरेका छन् । घरको आकार, घर बनाउने सामूहिक प्रयत्न, लवाइ आदिबारे पनि यी अध्ययनहरूमा व्याख्या गरिएको छ । चौथो अध्यायमा नेवार जातिमा जन्म तथा प्रवर्तनबारे उल्लेख गरेको पाउँछौं । नेवार जातिमा गर्भाधान भएको वेला देखि जन्मसम्म गर्नुपर्ने कार्यहरू तथा नगर्नु पर्ने कार्यहरूबारे उल्लेख गरेको पाउँछौं । पाँचौं अध्यायमा नेवार जातिको मृत्यु संस्कारबारे लेखकले विस्तृत व्याख्या गरेका छन् । उनका भनाइअनुसार नेवार जातिको मृत्यु आत्माको स्थानान्तरणको रूपमा मान्ने हुनाले आत्माले उचित स्थान प्राप्त गर्ने कुरा उल्लेख छ । उनका भनाइअनुसार नेवार जातिको सामाजिक संरचना जातीय आधारमा तहगत छन् । छैठौं अध्यायमा जाति अनुसार पेशा, बसाइँ लवाई आवास र अन्य विविध सामाजिक र संस्कारजन्य कार्यहरू गर्नुपर्ने कुरा उल्लेख गरेका छन् । यस अध्यायमा

नेवारको ब्राम्हण देखि पानी नचल्ने तल्लो जात सम्मका बारेमा व्याख्या गरिएको छ । सातौं अध्यायमा नेवार जातिका “गुठी संस्था” बारे उल्लेख छ । गुठी एक सामाजिक र धार्मिक विशेषतामा आधारित संस्था हो । आठौं अध्यायमा नेवार जातिको विवाह संस्कारबारे उल्लेख छ । विवाह कस्तोसँग गर्न सकिने कस्तोसँग गर्न नसकिने तथा विवाह गर्न अपनाइने पूर्व कार्यहरू पनि यस अध्यायमा उल्लेख भएको छ । नेवार जातिमा संगोत्रताबारे दशौं अध्यायमा उल्लेख भएको छ । संगोत्रताभित्र विभिन्न भूमिका खेल्नेहरू वीचको सम्बन्धबारे यस अध्ययनमा विस्तृत रूपमा उल्लेख भएको पाउँछौं । एघारौं र बाह्रौं अध्यायमा नेवार जातिमा सबै देवता मान्ने, मन्दिरको निर्माण त्यस  प्रतिको विश्वास हिन्दू बौद्ध धर्महरूको मिश्रित विश्वासको सोच, संस्कारसँग जोडिएका मन्दिरहरूबारे व्यापक रूपमा व्याख्या गरिएको छ । तेह्रौं र चौधौं अध्यायहरूमा नेवार जातिले मान्ने चाडपर्वहरूको चर्चा गरेको पाउँछौं । चाडपर्वहरूलाई सामूहिक तथा घरायसी गरी दुई भागमा विभाजन गरेको पाउँछौं । सामूहिक चाडपर्वमा समाजका सहिष्णुता वृद्धि गर्ने गरेको पर्वहरू त्यसलाई मान्ने त्यसलाई मान्ने तरीकाहरू उल्लेख गरेको पाउँछौं भने घरायसी चाडपर्वमा आफू तथा आफन्तहरूले संयुक्त वा एकल रूपमा के के चाडपर्व मनाउँछन्, त्यसको उद्देश्य तथा मनाउन तरीकाबारे उल्लेख गरेका छन् ।

नेवार आदिवासी जनजातिका रूपमा जनजातिको परिभाषामा तत्कालिन श्री ५ को सरकारद्वारा गठित जनजाति उत्थान प्रतिष्ठान कार्यक्रम (२०५३) ले जनजातिको परिभाषा निम्नानुसार गरेको छ ।

जनजाति भन्नाले आफ्नो मातृभाषा र परम्परागत रितिरिवाज भएको तर चाडपर्वको दृष्टिले हिन्दू वर्णाश्रम व्यवस्थाभित्र नपर्ने विशेषताहरू भएको समुदायलाई सम्झिनुपर्छ ।

१) जसको आफ्नो छुट्टै सामुहिक सांस्कृतिक पहिचान छ ।

२) जसको आफ्नो छुट्टै परम्परागत भाषा, धर्म र रीतिरिवाज छ ।

३) जसको आफ्नो छुट्टै लिखित वा अलिखित इतिहास छ ।

४) जसको आफ्नो परम्परागत सामाजिक संरचना समानतामा आधारित छ ।

५) जुन समुदायको आधुनिक नेपालको राजनीतिक र राज्य संचालनमा निर्णायक भूमिका छैन ।

६) जो नेपालको आदिवासी वा मूलवासी हुन् ।

७) जसको आफ्नो परम्परागत भौगोलिक क्षेत्र छ ।

८) जुन समुदायभित्र हामीको भावना छ ।

९) जो आफूलाई जनजाति भनी दावा गर्दछन् ।

(जनजाति उत्थान प्रतिष्ठान कार्य दल २०५३:१:२)

डिस्नेरी अफ सोसियोलोजीका अनुसार एउटा वृहत समाजको उपसमूहको रूपमा अस्तित्वमा रहेको त्यस्तो समूह, जसको साझा सांस्कृतिक परम्परा र पहिचानको भावना छ । एउटा निश्चित सांस्कृतिक विशेषताहरूमा उनीहरूका समाजका अरू सदस्यहरूभन्दा केही निश्चित पक्षहरूमा भिन्न हुन्छन् । उनीहरूका आफ्नै भाषा धर्म र निश्चित परम्परा पनि हुन सक्दछन् ।

यस परिभाषा अनुसार नेवार, गुरू·, मगर, थकाली आदि जातिहरू आदिवासी जनजातिमा पर्दछन् । नेपाल सरकारले ५९ जातिहरूलाई आदिवासी जनजातिका रूपमा मान्यता दिएको छ ।

नेपाल आदिवासी जनजाति महासंघ तथा नेपाल सरकार मानवीय विकास सूचाङ्क २०५८ (साक्षरता दर, पक्की घर, भूमिको स्वामीत्व, व्यवसाय, भाषा, जनसंख्या तथा स्नातक तह वा सो भन्दा माथिको शैक्षिक स्थिति) को आधारमा नेपाल आदिवासी जनजाति महासंघका महासचिव डा. ओम गुरुङ्गको संयोजकत्वमा गठित जनजाति वर्गीकरण कार्यदलद्वारा वर्गीकृत नेपालका आदिवासी जनजातिहरूको वर्गीकरण सूची (मिति २०६०/११/१८) मा सम्पन्न संघीय परिषद्को बैठकले सर्वसम्मतिद्वारा अनुमोदित) :

| **क. लोपान्मुख समूह** | **ख. अति सीमान्तीकृत समूह** | **ग. सीमान्तीकृत समूह** |
|---|---|---|
| १. कुसुण्डा | १. माझी | १. सुनुवार |
| २. बनकरिया | २. सियार | २. थारु |
| ३. राउटे | ३. ल्होमी | ३. राई |
| ४. सुरेल | ४. थुदाम | ४. भुजेल |

५. हायु
६. राजी
७. किसान
८. लाप्चा
९. मेचे
१०. कुशबाडिया

५. धानुक
६. चेपाङ
७. सतार (सन्थाल)
८. झाँगड
९. थामी
१०. बोटे
११. दनुवार
१२. बरामु

५. कुमाल
६. राजवंशी
७. गन्गाइ
८. धिमाल
९. भोटे
१०. दराई
११. ताजपुरिया
१२. पहरी
१३. तोक्पेगोला
१४. डाल्पो
१५. फ्रि
१६. मुगाल
१७. लार्के
१८. ल्होपा
१९. दुरा
२०. वालुङ

**घ. सुविधावञ्चित समूह**

१. गुरुङ्ग
२. मगर
३. राई
४. लिम्बु
५. छैरोतन
६. तांवे
७. तीनगाउँले थकाली
८. बाह्गाउँले
९. मार्फाली थकाली
१०. शेर्पा
११. याक्खा
१२. छन्तयाल
१३. जिरेल
१४. व्यांसी
१५. ह्योल्मो

**ङ) उन्नत समूह**

१. नेवार
२. थकाली

# परिच्छेद : तीन

# अनुसन्धान विधि

## ३.१ अध्ययन क्षेत्र छनौटको औचित्य

नेवारी संस्कृति विशेष संस्कृति भएको, यस क्षेत्रका नेवारहरूको अध्ययन अझसम्म नभएको हुनाले र यस सम्बन्धी अध्ययन गर्ने चासो रहेको हुँदा नेवारहरूको सामाजिक तथा सांस्कृतिक पक्षहरूको विश्लेषण र वर्णन गर्ने उद्देश्यले यस अध्ययनको चयन गरिएको छ । उक्त उद्देश्य प्राप्त गर्नका लागि यस अध्ययनले समाविष्ट गरेको अनुसन्धान विधिको वर्णन यस परिच्छेदमा गरिएको छ ।

## ३.२ अनुसन्धान ढाँचा

यो अध्ययन अन्वेषणात्मक र वर्णनात्मक दुवै ढाँचामा रहेको छ । देउरालीमा वसोबास गरेका नेवारहरूले अपनाएको रीति स्थिति तथा चाडपर्वको लागि त्यस क्षेत्रमा बसोबास गरेका नेवारहरूसँग प्रत्यक्ष सम्पर्क गरी उनीहरूले व्यक्त गरेका भनाइहरूलाई वर्णन गर्ने कार्य गरिएको छ । नेवार जातिको सांस्कृतिक पक्षको र सामाजिक, सांस्कृतिक परिवर्तनबारे अनुसन्धान गरिएको छ ।

## ३.३ सूचनाको प्रकृति र स्रोतहरू

यस अध्ययनमा तथ्याङ्कहरू संख्यात्मक र गुणात्मक प्रकृतिका रहेका छन् । जसमा दुई प्रकारका तथ्याङ्कलाई प्रयोग गरिएको छ ।

१) प्राथमिक तथ्याङ्क

२) द्वितीय तथ्याङ्क

### ३.३.१. प्राथमिक तथ्याङ्क

प्राथमिक स्रोतबाट लिइएका तथ्यांकहरू यस अन्तर्गत पर्दछन् । नेवारहरूको संस्कृति रितिरिवाज चाडपर्वबारे जानकारी पाउन प्रत्यक्ष नेवारहरूसँग गई अन्तर्वार्ता, प्रश्नावली, अवलोकन, स्थलगत अवलोकन र वैयक्तिक अध्ययन गरी सूचना प्राप्त गरिएको छ ।

### ३.३.२ द्वितीय तथ्याङ्क

यस गा.वि.स.का नेवारहरूको सामाजिक सांस्कृतिक स्थिति वर्णन गर्दा आवश्यकताअनुसार द्वितीय तथ्यांकको प्रयोग गरिएको छ । द्वितीय स्रोतहरूमा सम्बन्धित लेख, पुस्तक, रचना, जनरल पत्रपत्रिकामा प्रकाशित अप्रकाशित पुस्तक गा.वि.स कार्यालयको रिपोर्ट आदिको प्रयोग गरिएको छ ।

## ३.४. जनसंख्या तथा नमूना

देउराली गा.वि.स. का नेवारहरूको सांस्कृतिक सामाजिक अवस्थाको अध्ययन गर्ने क्रममा यस गा.वि.स. का जम्मा १३० परिवार नेवारका रहेका छन् । जसमा कुल जनसंख्या ७०४ रहेको छ । यी कुल जनसंख्यामध्ये ३८.४६% (५०) परिवारको घरमूलीलाई अध्ययनको लागि उद्देश्यमूलक नमूना छनौट गरिएको छ । यस गा.वि.स. देउराली बजार हटिया गाउँ, स्यामलथर, पौवा र फेदीबाट प्रतिनिधित्व हुने गरी १० घरधुरी पर्ने गरी उद्देश्यमूलक नमूना छनौट गरिएको छ ।

## ३.५ प्राथमिक तथ्याङ्क संकलनका विधि र प्रविधिहरू

प्राथमिक सूचनाको मूल स्रोत नमूना छनौटमा राखिएका परिवारहरू हुन् । उनीहरूसँग सूचना संकलन गर्ने विविध प्रक्रियाहरू अपनाई आवश्यक सूचना संकलन गरिएको छ । द्वितीय सूचना देउराली गा.वि.स कार्यालय, पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय, केन्द्रिय तथ्यांक विभाग, त्रि.वि.वि. को केन्द्रीय पुस्तकालय र श्री विश्व शान्ति उ.मा.वि. को पुस्तकालयबाट तथ्यांक र सूचना संकलन गरिएको छ ।

## ३.६ सूचना संकलन विधि

तोकिएको उद्देश्य प्राप्त गर्न निम्न प्राथमिक सूचना संकलन विधिको प्रयोग गरिएको थियो ।

### ३.६.१ घरधुरी सर्वेक्षण

घरधुरी सर्वेक्षण अध्ययनको मुख्य तथ्याङ्क संकलन विधिहरु मध्ये एक हो । घरधुरी सर्वेक्षणमा अर्ध संरचनात्मक प्रश्नावली बनाई अध्ययन गरिएको छ । यसबाट अवलोकन र अन्तर्वाताबाट संकलन हुन नसकेका तथ्याङ्क बुझ्न मद्दत पुगेको थियो । घरधुरी सर्वेक्षणमा प्रति परिवार एक जनाबाट तथ्याङ्क लिएको थियो । जसका लागि घरको मुख्य व्यक्ति जो घर व्यवहार चलाउने घरमुली हो उसलाई नै अध्ययनमा प्राथमिकता दिइएको थियो । स्थलगत सर्वेक्षण अनुसार यस गा.वि.स मा बसोबास गर्ने नेवारहरूको घरधुरी जम्मा १३० र जनसंख्या ७०४ रहेको देखिन्छ । यी जनसंख्या मध्ये ३८% वा ५० परिवारलाई अध्ययनको लागि नमुना छनौट गरिएको छ । घरधुरी सर्वेक्षण गर्नाका लागि घरधुरी सर्वेक्षण सूची तयार पारिएको छ । जसमा घरमुलीको नाम, थर, लि·, उमेर, धर्म, शिक्षा, भाषा, पेशा, वैवाहिक आदि समावेश गरिएको छ । प्रश्नावली अनुसूची १ मा दिइएको छ ।

### ३.६.२ अन्तर्वार्ता अनुसूची

अन्तर्वार्ता अनुसुची प्राथमिक तथ्याङ्क संकलन एक विधि हो । नमूना छनौटमा परेका घरपरिवारसँग प्रत्यक्ष गई विशेषगरी बूढापाकासँग अन्तर्वार्ता लिने काम भएको थियो । सोधपुछ गर्ने क्रममा प्रश्न प्रति प्रश्न गरिएका थिए । विस्तृत सूचना बुझ्नका लागि पटक पटक सोधपुछ गर्ने काम गरिएको थियो ।

### ३.६.३ अवलोकन

अवलोकन पनि तथ्याङ्क संकलन गर्ने एउटा महत्वपूर्ण विधि हो । अध्ययनकर्ता स्वयं स्थानमा वसोवास गर्ने भएकाले नेवार समुदायले अपनाएको रीतिस्थिति र चाडपर्वहरूमा प्रत्यक्ष रूपमा सहभागी बनी आवश्यक सूचना संकलन गरेको थियो । यसरी अवलोकन गर्दा अध्ययन वढी विश्वासिलो, गुणात्मक र प्रमाणिक हुने विश्वास गरिएको छ ।

### ३.६.४ मूख्य सूचनादाताहरूसँग अन्तरवार्ता

प्रश्नावली, अवलोकनका अतिरिक्त गाउँका बूढापाका, अनुभवी व्यक्तिहरू, शिक्षित वर्ग शिक्षक आदिसँग सोधपुछ गरी उक्त जानकारीलाई अध्ययनमा समावेश गरिएको छ ।

### ३.६.५ वैयक्तिक अध्ययन

अध्ययन क्षेत्रका तीनजना छुट्टा छुट्टै विशेषता भएका उत्तरदाताहरूको वैयक्तिक अध्ययन गरी सूचना संकलन गरिएको छ ।

### ३.६.६ तथ्याङ्क प्रस्तुतीकरण र विश्लेषण

अध्ययनबाट प्राप्त तथ्याङ्कलाई आवश्यकता अनुसार संख्यात्मक र व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ । संख्यात्मक रुपमा प्राप्त तथ्याङ्कलाई तालिका र स्तम्भचित्रमा प्रस्तुत गरी विश्लेषण गरिएको छ भने अन्य संकलनलाई व्याख्यात्मक रुपमा प्रस्तुत गरिएको छ ।

# परिच्छेद : चार

## अध्ययन क्षेत्रको परिचय र सूचनादाता

### ४.१ अध्ययन क्षेत्रको परिचय

नेपाल राज्यको पश्चिमाञ्चल विकास क्षेत्रको गण्डकी अञ्चल अन्तर्गत कास्की जिल्लाको पूर्वी भेगमा देउराली गा.वि.स अवस्थित रहेको छ । समुद्री सतहबाट करिब तीन हजार मिटर उचाइमा रहेको यो गा.वि.स जिल्ला सदरमुकाम पोखराबाट २६ कि.मी रहेको छ । यस गा.वि.स.को मुख्य बजार देउराली बजार हो । यस गा.वि.स. को पूर्वमा सिद्ध गा.वि.स. कास्की, उत्तरमा थुम्की रूपाकोट गा.वि.स. पश्चिममा लेखनाथ नगरपालिका र दक्षिणमा थप्रेक गा.वि.स. तनहुँ पर्दछ । यस गा.वि.स. को क्षेत्रफल १८.६० वर्गकिलोमिटर छ । यो गा.वि.स. ८३.१२ देखि ८४.१७ डिग्री पूर्वी देशान्तर र २८.०९ देखि २८.१४ डिग्री उत्तर अक्षांशमा पर्दछ ।

### ४.२ अध्ययन क्षेत्र रहेको गा.वि.स. को जनसांख्यिकी अवस्था

देउराली गा.वि.स. को स्थलगत सर्वेक्षण २०६७ अनुसार यस गा.वि.स. को कुल जनसंख्या ३३५९ रहेको छ । जसमा परिवार संख्या ६१८ रहेको छ । औसत परिवार संख्या ५.४५ रहेको छ ।

**तालिका नं. ४.१ लिङ्गको आधारमा जनसंख्या वितरण**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| पुरूष | १६५० | ४९.१५ |
| महिला | १७०९ | ५०.९५ |
| जम्मा | ३३५९ | १००.०० |

**स्रोत : गा.वि.स प्रोफाइल २०६७**

यस गा.वि.स. मा पुरूष जनसंख्या १६५०(४९.१५) र महिला जनसंख्या १७०९ (५०.९५) गरी जम्मा ३३५९ कुल जनसंख्या रहेको छ । यसबाट पुरूषभन्दा महिला जनसंख्या बढी देखिन्छ ।

**तालिका नं. ४.२**

**जातिगत आधारमा जनसंख्या वितरण**

| जात | संख्या | प्रतिशत |
|---|---|---|
| ब्राम्हण | ८७० | २५.९ |
| गुरू· | ७९९ | २३.७८ |
| नेवार | ७०४ | २०.९५ |
| क्षेत्री | ५०७ | १५.०९ |
| कामी | २१७ | ६.४६ |
| दमाई | १७३ | ५.१५ |
| अन्य | ८९ | २.६४ |
| जम्मा | ३३५९ | १०० |

**स्रोत : गा.वि.स प्रोफाइल २०६८**

यो गा.वि.स. एक बहुजाति, बहुभाषी र बहु धार्मिक जनसंख्या बसोबास गर्ने गा.वि.स.हो । यहाँको मुख्य वासिन्दाहरूमा गुरूङ्, ब्राम्हण, क्षेत्री, नेवार, कामी दमाई, सार्की जस्ता व्यवसायिक जातिहरू सबै वस्ती एवं वडाहरूमा छरिएर बसेको पाइन्छ ।

यस गा.वि.स. को जातिगत जनसंख्या हेर्दा सबैभन्दा बढी ब्राम्हण ८७० (२५.९%) रहेको देखिन्छ । त्यसपछि क्रमश : गुरूङ्ग ७९९ (२३.७८%), नेवार ७०४ (२०.९५%), क्षेत्री ५०७ (१५.०९%), कामी २२७ (६.४६%), दमाई १७३ (५.१५%) र अन्य ८९ (२.७४%) रहेको देखिन्छ ।

**तालिका नं. ४.३**
**भाषागत आधारमा जनसंख्या**

| भाषा | संख्या | प्रतिशत |
|---|---|---|
| नेपाली | १८४५ | ५४.९५ |
| गुरूङ्ग | ७९९ | २३.७८ |
| नेवारी | ७०४ | २०.९५ |
| मगर | ८ | ०.२३ |
| उर्दु | ३ | ०.०८ |
| जम्मा | ३३५९ | १०० |

**स्रोत : गा.वि.स. प्रोफाइल २०६७**

गुरूङ्ग, नेवार, मगर जस्ता जनजातिले आफ्नो मातृभाषा आफ्नो घर परिवार समुदायमा बोल्ने गर्दछन् । अन्य, जातिहरूले नेपाली भाषा नै प्रयोग गर्दछन् । समाज र कार्यालयहरूमा भने सबैले नेपाली भाषा नै वोल्छन् । यहाँको विद्यालयमा मातृभाषाबाट शिक्षा दिइने सुविधा छैन । जसको कारण मातृभाषा बोल्नेको संख्या घट्दो छ ।

यस गा.वि.स. को भाषागत आधारमा जनसंख्या हेर्दा नेपाली भाषा बोल्नेको संख्या १८४५ (५४.९५%), गुरूङ्ग भाषा बोल्ने ७९९ (२३.७८%) नेवारी ७०४ (२०.९%), मगर ८ (०.२३%) उर्दु ३ (०.०८%) रहेका छन् ।

## ४.२.१ धर्म

**तालिका नं. ४.४**

**धर्मको आधारमा जनसंख्या**

| धर्म | संख्या | प्रतिशत |
|---|---|---|
| हिन्दू | २४९० | ७४.१२ |
| वौद्ध | ८६१ | २५.६३ |
| मुस्लिम | ३ | ०.०८ |
| क्रिश्चियन | ५ | ०.१४ |
| जम्मा | ३३५९ | १०० |

**स्रोत : गा.वि.स. प्रोफाइल २०६७**

यस अध्ययन क्षेत्रमा मुख्यतया दुईवटा धर्म मान्ने मानिसहरू रहेका छन् । ब्राम्हण क्षेत्री, गुरूङ्ग, नेवार र दलितहरू हिन्दू धर्म मान्दछन् भने धेरैजसो गुरूङ्गहरू वौद्ध धर्म मान्दछन् । हिन्दू धर्म मान्नेहरूको संख्या २४९० (७४.१२%), वौद्ध धर्म मान्नेको संख्या ८६१ (२५.६३%), क्रिश्चियन ५ (०.१४%) र सबभन्दा कम मुस्लिम धर्म मान्ने ३ (०.०८%) रहेका छन् ।

## ४.२.२ आर्थिक क्रियाकलाप

देउराली गा.वि.स. का वासिन्दाहरूले विभिन्न किसिमका पेशा अपनाएका छन् । सबैभन्दा बढी कृषि पेशा, कृषि र पशुपालन, व्यापार, सरकारी तथा नीति सेवा, वैदेशिक रोजगार र केही ज्याला मजदूर गरी जीविकोपार्जन गर्छन् । यहाँका मानिसहरूको मुख्य पेशा कृषि रहेको छ । कृषिमा धान, मकै, कोदो, मुख्य बालीका रूपमा लगाइन्छ यसका अलावा तोरी, मास, भटमास, तील, आदि खेती पनि गरिन्छ ।

**तालिका नं. ४.५ मुख्य आम्दानीको स्रोतको अवस्था**

| आम्दानीको स्रोत | घरसंख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ३७० | ५९.८७ |
| सेवा | १४० | २३.६५ |
| व्यापार | ६० | ९.७० |
| ज्याला मजदुरी | ३० | ४.८५ |
| अन्य | १८ | २.९१ |
| जम्मा | ६१८ | १००.०५ |

**स्रोत : गा.वि.स. प्रोफाइल २०६७**

यस तालिकाबाट यस गा.वि.स. का मानिसहरूको मुख्य आम्दानीको स्रोत बारे थाहा पाउन सकिन्छ । जसमा कृषि पेशामा संलग्न ३७० (५९.८७%), सेवा १४० (२२.६५%), व्यापार ६० (९.७०%) ज्यालामजदूरी ३० (४.८५%) र अन्य (२.९१%) रहेका छन् ।

## ४.२.३ गुठी

गुठी एक सामाजिक संस्था हो । देउराली गा.वि.स. मा बसोबास गर्ने नेवारहरू विभिन्न गुठीमा आवद्ध छन् । सर्वेक्षण अनुसार त्यहाँको गुठी संस्थाको अवस्था निम्न रहेको पाइन्छ ।

**तालिका ४.६**

**गुठी संस्थाहरूको अवस्था**

| क्र.स. | गुठीको नाम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | देउरालीका स्यामलथर गुठी | २२ | १६.९२ |
| २. | देउराली हटिया गुठी | ३३ | २५.३८ |
| ३. | देउराली पौवा गुठी | ३५ | २६.९२ |
| ४. | देउराली बेत्यानी गुठी | ३१ | २३.८४ |
| ५. | देउराली फेदी गुठी | ९ | ६.९२ |
| जम्मा | | १३० | १००.० |

**स्रोत स्थलगत सर्वेक्षण २०६९**

देउरालीका नेवारहरूमा ५ वटा गुठी संचालनमा रहेको पाइन्छ । देउराली गा.वि.स मा बसोवास गर्ने जम्मा १३० घरधुरीमा देउराली स्यामलथर गुठीमा २२ घर, देउराली हटिया गुठीमा ३३ घर, देउराली पौवा गुठीमा ३५ घर, देउराली बेत्यानी गुठीमा ३१ घर र देउराली फेदी गुठीमा ९ घर रहेको छ ।

**तालिका नं. ४.७**

**देउरालीका नेवार जातिको किसिम**

| क.स. | जाति (थर) | घरसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रेष्ठ | ११० | ८४.६१ |
| २ | जोशी | २० | १५.३९ |
| जम्मा | | १३० | १००.०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

यस गा.वि.स. मा श्रेष्ठ र जोशी थरका नेवारहरूमात्र बसोवास गर्छन् । जसमध्ये श्रेष्ठ थरको ११० घरपरिवार र जोशी थरका जम्मा २० घर परिवार मात्र बसोबास गर्छन् ।

यस गा.वि.स का नेवारहरू प्राय सबै भादगाउँ (भक्तपुर) बाट बसाई सरी आएका हुनाले प्राय : यहाँका सबै बासिन्दाहरूको रीतिस्थिति एउटै रहेको छ । कोही नोकरीका लागि कोही व्यापारका लागि उपत्यका छोडी आएका थिए भने कोही चाडपर्व बढी मान्दा खर्च धान्न नसकेर उपत्यका छाडेर बसाइँ सरेका थिए तर यहाँ नेवारका ब्राम्हण, खेतीपाती गर्ने ज्यापू, नङ सरसफाई गर्ने पोडे च्यामेजस्ता जातिहरू पाइँदैनन् । यहाँका नेवारहरूको जीवनस्तर उच्च नभएकाले सबै काम आफै गर्छन् । खेतीपाती गर्ने, घरटोल सरसफाइ गर्ने, नङ् काट्ने पशुपालन गर्ने काम आफै गर्छन् । कोही व्यापार गर्ने गर्छन् । कोही, खेतीपाती गर्ने पशुपालन गर्ने गर्दछन् भने कोही नोकरी गर्ने गर्छन् । चाडपर्वमा मासु आफै काट्ने गर्दछन् भने अरूबेला फ्रेस हाउसबाट ल्याएर आवश्यकता पूर्ति गर्दछन् ।

विभिन्न धार्मिक चाडपर्वहरू मनाउने गर्दछन् । छोरीज्वाइँ भेटघाट गर्ने, अनुभव सल्लाह सुझाव आदानप्रदान गर्ने गर्दछन् । नेवारको परिवारमा छोरीको स्थान अन्य जातिमा भन्दा केही उच्च स्थानमा रहेको पाइन्छ । औंसी पूर्णिमामा छोरीलाई विहानै टीका लगाइदिने गर्दछन् भने छोरीलाई विहान निम पूजा गर्न लगाउँदछन् ।

यहाँका नेवारहरूको महिला र पुरूषहरूमा कामका केही भिन्नता छ । यस समुदायमा पुरूषहरू पढ्ने, नोकरी गर्ने, व्यापार व्यवसाय गर्ने तथा खेती किसानीमा रेखदेख गर्ने गर्दछन् भने महिलाहरू घरको लिपपोत, सरसफाइ, खाना पकाउने, कपडा धुने, बच्चाको स्याहारसुसार गर्ने, पूजाआजा गर्ने, बत्ती काट्ने, चाडपर्वका लागि सामग्री तयार पार्ने र खेतीपाती तथा पशुपालन गरेको भए घाँस काट्ने, गोबर सोहोर्ने, दूध दुहुने आदि काम गर्दछन् । पुरूषहरू बाहिरको काम, व्यापारको काम भएमा गर्ने नभएमा खेल्ने, घुम्ने, आराम गर्ने गर्दछन् भने महिलाहरू घरायसी काममा व्यस्त रहन्छन् । छोरीलाई अर्काको घर जाने जात भनेर घरायसी काम पूजाआजाको काममा लगाइन्छ भने छोरालाई खेल्न, डुल्न, पढ्न बढी छुट दिइन्छ । तर आजकाल आधुनिक शिक्षाका कारण छोरीलाई पनि उच्च शिक्षा दिन थालिएको छ ।

### ४.२.४ शिक्षा

शिक्षा जीवनका लागि नभई नहुने अपरिहार्य तत्व हो । यसले व्यक्तिको प्रतिभा विकास गर्ने र आवश्यकता पूर्ति गर्न सहयोग गर्दछ । यसर्थ शिक्षा प्रदान गर्नका लागि यस गा.वि.स. मा जम्मा विद्यालय संख्या ६ रहेको छ । जसमा ४ वटा सामुदायिक प्राथमिक विद्यालय, १ वटा नीजि प्राथमिक विद्यालय रहेको छ र १ वटा सामुदायिक उच्च मा.वि. रहेको छ ।

**तालिका नं. ४.८**

**देउरालीका नेवार समुदायको शैक्षिक अवस्था**

| क.सं. | शैक्षिक स्तर | प्रतिनिधि संख्या | % |
|---|---|---|---|
| १ | निरक्षर | २ | ४% |
| २ | साक्षर | १७ | ३४% |
| ३ | प्राथमिक (<५) | ११ | २२% |
| ४ | निम्न माध्यमिक (६-८) | ९ | १८% |
| ५ | माध्यमिक (९-१०) | ५ | १०% |
| ६ | उच्च शिक्षा (१०<६) | ६ | १२% |
|  | जम्मा | ५० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

देउरालीका नमूना लिइएको ५० घरधुरीका घरमूलीको शैक्षिक स्थिति सर्वेक्षण गर्दा निरक्षर २ जना, साक्षर १७ जना, प्राथमिक ११ जना, निम्न माध्यमिक ९ जना, माध्यमिक ५ जना र उच्च शिक्षा लिने ६ जना मात्र रहेको देखियो । यसबाट साक्षर बढी देखियो भने उच्च शिक्षा लिनेको संख्या कम देखियो ।

## ४.२.५ वैवाहिक स्थिति

नेवारहरूको संस्कार, संस्कृति र पारिवारिक व्यवस्थामा आफ्नै विशेषता रहेको पाइन्छ । विवाहपश्चात छोरी जन्मघर छाडी श्रीमान्को घर जानुपर्छ । चाडपर्व, विवाह, व्रतबन्ध हरेक संस्कारमा उनको सम्बन्ध श्रीमानको घरसँग हुन्छ र माइतीसँग बाहिरी कूलबाट छुटिएर श्रीमानको कूलमा मिसिन जान्छ । दशैं, कुलपूजामा विवाहित छोरी देवताको थानमा जान पाउँदैनन् । विवाहित छोरीको मृत्यु भएमा माइतीलाई जुठो लाग्दैन काजक्रिया श्रीमान तिरकाले गर्दछन् । माइती मरेमा विवाहित छोरीले पाँच दिन बारे पुग्छ । तर श्रीमानको घरतिर मरेमा १३ दिन नै जुठो बार्नुपर्छ ।

विवाह भएपछि छोरीलाई देवाली पूजाआजामा माइती घरबाट बाहेक गरिन्छ । प्रो. नेपालीले "द नेवार्समा" लेखेका छन् कि विवाहित छोरीले विवाह भएको एक वर्षसम्म माइतीको देवाली पूजा र जातीय भोजमा सामेल हुन पाउँछ अर्थात अर्को विवाहित घरको देवाली पूजा र जातीय भोजमा सामेल नभएसम्म भन्ने भनाइ रहेतापनि देउरालीका नेवारहरूमा भोजभतेरमा विवाहित छोरी सामेल भएपनि कुलपूजामा सामेल गराइँदैन । विवाहित छोरीको आफ्नो माइतीघरप्रति भावनात्मक सम्बन्ध निकै गहिरो देखिन्छ । नेवारहरूमा यस तथ्यलाई सम्मानका साथ सूचित गरिन्छ । नेवार समुदायमा विवाहित केही महिलाहरूको जबसम्म बच्चा पैदा हुँदैन तबसम्म माइत वस्न आउने प्रचलन रहेको पाइन्छ । विवाह भएको एक दुई वर्षपछि विस्तारै माइत भेट्ने क्रम कम हुँदै जान्छ । तापनि माइतमा राम्रो सम्बन्ध कायम रहेको हुन्छ । प्रा. नेपालीको "द नेवार्स" अनुसार काठमाण्डौं पांगाका नेवारहरूमा जब विवाहित छोरीहरू माइती घर आउँछन् । घरबाट बोलाउन वा लिन नपठाउँदै पतिको घर जानु निकै अशिष्ट मानिन्छ । यदि श्रीमतीबाट सन्तान भएन भने धेरैजसो विवाहित पतिले उनका पत्नीलाई लिन पठाउँदैनन् यस्ता उदाहरणहरू काठमाण्डौं र पांगामा प्रशस्त भेट्न पाइन्छ । महिलाहरूलाई सम्बन्ध विच्छेद गर्ने अधिकार पुरूषको तुलनामा बढी हुन्छ तापनि पुरूषहरूले नै महिलाहरूलाई हटाउने प्रयास गर्दछन्, व्यवहारिक रूपमा विवाहित पतिहरूले नै महिलालाई हटाउन चाहेमा एक तर्फी निर्णय लिन्छन् । महिलाहरूले आफ्नो कानूनी अधिकारको दावी गरेपनि लामो समयको प्रतिक्षा पछि सम्बन्ध विच्छेद गर्न स्वीकृत दिन वाध्य हुन्छन् ।

देउरालीका नेवारहरूले विवाहित छोरीलाई माइती पक्षकाले लिन पठाउँछन् र घरकाले स्वीकृति दिएमा दुलही लिएर फर्कन्छन् । घरबाट बोलाएपछि माइतीले कोसेली बनाइ पुऱ्याउन जान्छन् । ५० घरको घरमूलीको वैवाहिक स्थिति हेर्दा ५० जना वा १००% घरमूली नै विवाहित देखियो ।

**विवाहको किसिम**

विवाह एक सामाजिक संस्कार हो । जसबाट परिवार र समाज चलेको हुन्छ । यस्तो विवाह गर्ने तरिकाका आधारमा यसलाई विभिन्न प्रकारमा विभाजन गरिएको छ । जसअनुसार यहाँ तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.९**

**विवाहको किसिम**

| क.सं | विवाहको किसिम | प्रतिनिधि संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्रेम विवाह | ८ | १६ |
| २ | अदालती विवाह | - | - |
| ३ | मागी विवाह | ४२ | ८४ |
| जम्मा | | ५० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

विवाह विभिन्न किसिमबाट गरिन्छ । ती किसिममध्ये कुन विवाह गर्नुभएको हो भन्ने प्रश्न गर्दा प्रेम विवाह गर्ने ८ जना वा (१६%) ले र मागी विवाह ४२ जना (८४%) ले गरेको पाइयो भने अदालती विवाह गरेको पाइएन र यसबाट यहाँका नेवारहरूमा परम्परागत विवाह प्रणाली चलनमा रहेको पाइन्छ ।

**परिवारको प्रकार**

व्यक्ति व्यक्ति मिलेर परिवार बन्छ । परिवार बिनाको समाजको कल्पना गर्न सकिदैन । परिवारलाई बसोबास गर्ने संख्याका आधारमा वर्गीकरण गरिएको छ जसमा एकल परिवार र संयुक्त परिवार पर्दछन् । एकल परिवार भन्नाले बाबु आमा र छोराछोरी मात्रै बसोबास गर्नुलाई भनिन्छ भने बाबुआमा, छोराछोरी, नातिनातिना, काकाकाकी, फुपू आदि बसोबास गर्नुलाई संयुक्त परिवार भनिन्छ । यस क्षेत्रमा बस्ने परिवारको प्रकार यस प्रकार छ ।

**तालिका नं. ४.९**

**परिवारको प्रकार**

| परिवारको प्रकार | प्रतिनिधि घर | प्रतिशत |
|---|---|---|
| एकल परिवार | २१ | ४२ |
| संयुक्त परिवार | २९ | ५८ |
| जम्मा | ५० | १०० |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

देउरालीका ५० घरमा गरिएको घरधुरी सर्वेक्षणमा एकल परिवारमा बस्नेको संख्या ३१ वा (४२%) र संयुक्त परिवारमा बस्नेको संख्या २९ (५८%) रहेको पाइयो । यसबाट यहाँका नेवारहरू अझै पनि संयुक्त परिवारमा बढी नै बस्ने गरेका छन् भन्ने थाहा हुन्छ ।

परिवारमा बस्ने सदस्य संख्याको आधारमा परिवारको संरचनागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१०**

**पारिवारिक संरचनागत विवरण**

| **परिवारको आकार** | **घरसंख्या** | **प्रतिशत** |
|---|---|---|
| ४ जना सम्म | १६ | ३२.० |
| ४ देखि ७ | २६ | ५२.० |
| ८ वा ८ भन्दा माथि | ८ | १६.० |
| जम्मा | ५० | १००.० |

**स्रोत : फिल्ड सर्वेक्षण २०६९**

एकै परिवारमा बस्ने संख्याका आधारमा सर्वेक्षण गर्दा एक परिवारमा ४ जना सम्म बस्ने सानो परिवार १६ अर्थात ३२%, ४ देखि ७ जना सम्म बस्ने मध्यम परिवार, २६ वा ५२% र ८ वा ८ भन्दा धेरै बस्ने ८ वा १६% रहेको पाइयो । यसबाट अधिकांश परिवार मध्यम संख्यामा भएको पाइयो ।

**तालिका नं. ४.११**

**घरको किसिम**

| क.सं. | घरको किसिम | घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | इटा ढुङ्गा माटोले बनेको | ३७ | ७४.० |
| २ | इटा ढुङ्गा सिमेन्टले बनेको | ६ | १२.० |
| ३ | आर.सी.सी. | ७ | १४.० |
| जम्मा | | ५० | १००.० |

**स्रोत : फिल्ड सर्वेक्षण २०६९**

अध्ययन क्षेत्रका घरको किसिम हेर्दा इटा, ढुङ्गा, माटोले बनेको र जस्ताको छानो भएको घर ३७ वा (७४%) रहेको पाइयो भने ६ वटा (१२%) घर ईटा, ढुङ्गा र सिमेन्टद्वारा बनेका र जस्ताको छानो भएका छन् भने आर.सी.सी. ढलान गरेको घर ७ वा (१४%) रहेका छन् । यसबाट इटा ढुङ्गाको कच्ची घर नै वढी देखियो भने आर.सी.सी ढलान गर्नेहरू क्रमशः बढ्दो रहेको पाइयो ।

**तालिका नं. ४.१२**
**पुर्ख्यौली बसोबास स्थल**

| क.सं. | स्थान | प्रतिनिधि घर संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | काठमाण्डौं | - | - |
| २ | भक्तपुर | ५० | १००.० |

**स्रोत : स्थलगत सर्वेक्षण, २०६९**

यहाँका नेवारहरूको पुर्ख्यौली बसोबास स्थल भक्तपुर वा भादगाउँ रहेको भन्ने कुरा सबै प्रतिनिधि घरले बताए ।

**तालिका नं. ४.१३**

**हालको पेशागत विवरण**

| **क.सं** | **पेशा/व्यवसाय** | **प्रतिनिधि घरसंख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | कृषि | २३ | ४६.० |
| २ | व्यापार | १० | २०.० |
| ३ | नोकरी | १२ | २४.० |
| ४ | अन्य | ५ | १०.० |
| ५ | जम्मा | ५० | १००% |

**स्रोत : स्थलगत सर्वेक्षण २०६९**

देउरालीमा बस्ने नेवारहरूको हालको पेशालाई हेर्दा कृषि पेशाअपनाएका घर (४६%) व्यापार पेशा अपनाएका घर १० घर वा (२०%), नोकरी गर्ने १२ घर वा (२४%) र अन्य पेशा अपनाएका ५ वा (१०%) रहेको पाइयो । यसबाट यहाँका नेवारहरू कृषि, नोकरी र व्यापारमा बढी लागेको देखियो ।

**तालिका नं. ४.१४**

**मातृभाषागत विवरण**

| **क.सं.** | **भाषा** | **प्रतिनिधि घर संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | नेवारी वोल्ने | ३१ | ६२.० |
| २ | नेवारी नवोल्ने | १९ | ३८.० |
| जम्मा | | ५० | १००.० |

**स्रोत : स्थलगत सर्वेक्षण**

यहाँका नेवारहरूको नेवारी भाषा बोल्ने क्रम छाड्दै गएका छन् । जम्मा ३१ घर वा (६२%) ले नेवारी बोल्ने र १९ वा (३८%) ले नेवारी भाषा वोल्न छाडेका छन् । आजकाल संचारको माध्यमको विकाससँगै नयाँ पुस्ताहरूको मातृभाषा वोल्न सिकेका छैनन् । यसरी नै जाने हो भने मातृभाषा लोप हुने स्थिति देखिन्छ ।

# परिच्छेद : पाँच

## नेवार जातिको सामाजिक साँस्कृतिक अवस्था

### ५.१ देउरालीका नेवार समुदायले अपनाएका प्रमुख संस्कारहरू

कुनै पनि जातजातिको जन्मदेखि मृत्युपर्यन्त आ-आफ्नै संस्कृति हुन्छ । त्यसै नेवारको पनि आफ्नै भिन्न संस्कारहरू रहेका छन् । यहाँका नेवारहरूले काठमाण्डौंमा मनाइने संस्कारहरू सँगै लिएर आएको भएतापनि स्थानीय विभिन्न जातिहरूको भाषा, संस्कारसँग मिश्रित भई काठमाण्डौंका भन्दा केही भिन्न भाषा र संस्कार रहेको पाइन्छ ।

### ५.१.१ जन्म संस्कार

नेवार जातिका महिलाहरू गर्भवती भएपछि माइतीलाई बोलाएर दही चिउरा खुवाउने चलन छ । सुत्केरी हुने समयमा सुडेनीलाई बोलाई सालनाल काट्न लगाइन्छ । तर आजकाल नजीकैको स्वास्थ्यचौकीमा लैजाने वा सिस्टरलाई घरमै बोलाउने गरिन्छ । सुत्केरीलाई ११ दिनसम्म छुट्टै राखिन्छ । सुत्केरीलाई कुखुरा वा खसीको मासु र घ्यू भात ३/४ पटकसम्म पकाएर खुवाइन्छ । कसैले ६ दिन त कसैले ११ दिनमा न्वारान गर्दछन् । ११ वा न्वारानको दिनमा लिपपोत गरेर गाईको गहुँत छरेर चोखो बनाइन्छ । गाईको गहूँत पर्वते ब्राम्हणलाई मन्त्राउन लगाई पातीले घरभित्र जताततै छर्ने र सबैले खाएर चोखिन्छन् ।

न्वारानको दिनमा “समेवजी” तयार गरिन्छ । समेवजीमा चिउरा, फुरौला भटमास अदुवा, लसुन, अण्डा, मासु, माछा, रक्सी समावेश गरिन्छ । बच्चा र सुत्केरीलाई नुवाइधुवाई गराई सूर्य भगवानको पूजा गर्न लगाइन्छ । माइती, गुठी, दाजुभाई, छरछिमेकीलाई वोलाएर भोज पनि खुवाइन्छ । निम्तालुहरूले तेल, चामल, पैसा, कपडा आदि सगुन सुत्केरीलाई दिन्छन् । एक महिनापछि सुत्केरीलाई माइतमा सुत्केरी खुवाउन लैजाने चलन छ ।

### ५.१.२ पास्नी

बच्चा जन्मिसकेपछि छोरी भएमा ५ महिनामा र छोरा भएमा ६ महिनामा पास्नी (भात खुवाई गर्ने) गरिने चलन छ । जसलाई नेवारीमा "जा नकेउ" भनिन्छ । यस दिनमा बच्चा र आमा दुवै नुहाएर घर लिपपोत गरेर सफा पारिन्छ । रोटी, फलफूल, सगुन, चिउरा, भटमास, मासु, माछा, अदुवा, लसुन, अण्डा रक्सी आदि तयार गरी सुकुन्डामा बत्ती वालिन्छ र पूजा गरिन्छ । बच्चालाई टीका लगाई नयाँ लुगा दिइन्छ । बच्चालाई भात खुवाउँदा मामाले काखमा लिएर पहिला मावली खलकले, घरका परिवारले, निम्तालु सबैले टीका लगाई भात ३ पटक तामाको पैसाले खुवाइन्छ र मुख चुठाई गक्ष अनुसार सामान दक्षिणा दिने गर्दछन् । बच्चाको मामाले कानमा सुनको एकजोडी मुन्द्री, हातमा सक्नेले पञ्चरत्ने बाला नसक्नेले चाँदीको बाला, खुट्टामा चाँदीको कल्ली, पञ्चकलीको कपडा (पाट, मलमल, ढाका, गब्लुङ, तुल) पाँचथरी गासेर लुगा र कपडामा कपास टाँसेर तकुवा टोपी र बच्चाको आमाबाबुलाई कपडा र सगुन दिने चलन छ । किस्ती (बहुतामा चामल, सिङ्गो सुपारी दक्षिणा राखेको) लिएर मामाले बच्चालाई बोकेर मन्दिरमा दर्शन गराएर ल्याएपछि सबैलाई टीका प्रसाद खुवाई पास्नी कार्य सकिन्छ ।

### ५.१.३ व्रतवन्ध (धोती र टोपी दिने)

छोरा ५ देखि ९ वर्ष भएपछि वा विजोर वर्ष भएपछि व्रतवन्ध गर्ने चलन छ यसलाई द्योतीटोपी दिने पनि भनिन्छ । ब्राम्हणले साइत हेरेपछि जुरेको दिनमा केटालाई नुहाएर, फुपूले चरेसको थालमा एकमाना चामल र दक्षिणा राखी माथिबाट सेतो वा रातो रूमालले छोपी थाल थापेपछि मामाले कपाल खौरी दिन्छन् र उक्त कपाल नदीमा लगेर बगाइन्छ । कपाल खौरीसकेपछि केटालाई फेरि नुहाएर सुकुण्डामा बत्ती बाली पूजा गरेपछि घरका मुख्य मानिसले केटालाई द्योती टोपी र सगुन दिइन्छ । ब्राम्हणलाई बोलाएर होम पूजापाठ गरिसकेपछि मृगको छाला र झोला भिराएर आफन्तले टीका नयाँ कपडा सुगन चामल,

दक्षिणा भिक्षाको रूपमा दिइन्छ । त्यसपछि देवताको मन्दिरमा लगी दर्शन गराइन्छ र सबै परिवार निम्तालु आदिलाई भोज खुवाइन्छ ।

### ५.१.४ फरिया दिने

छोरालाई जस्तै छोरीलाई पनि ५ वर्षमा फरिया दिने चलन छ, जसलाई नेवारी भाषामा 'परासी बेउ' भनिन्छ । ब्राम्हणबाट साइत हेराएर घर लिपपोत गरी केटी र परिवार नुहाएर चोखो हुन्छन् । पूजा सामग्री तयार गरी दुईवटा टपरीमा चामल राखी कलश दियो स्थापना गरी पूजा गरिसकेपछि कन्यालाई टीका प्रसाद लगाई नयाँ चोलो, गुन्यू र सगुन दिइन्छ ।

### ५.१.५ बेल विवाह (इहि)

यो कर्म छोरी ५-९ वर्षको उमेर पूरा भएपछि विजोड वर्ष पारेर गरिन्छ । छोरी रजस्वला हुनु अगाडि नै वेलविवाह र गुफा राख्ने काम गरिसक्नु पर्छ । वेल विवाहलाई नेवारी भाषामा इहि भनिन्छ । यो कर्म व्यक्तिगत वा सामूहिक रूपमा सम्पन्न गरिन्छ । नेवार जातिको ब्राम्हण राख्नुपर्ने हुनाले काठमाण्डौंबाट बाहुन बोलाएर यो काम गर्न प्रत्येक इहि गर्ने घरबाट पैसा उठाइन्छ । यो कार्य गर्न ३ दिन लाग्छ । पहिलो दिन केटीलाई नुहाइधुवाई गरी नयाँ कपडा लगाइदिन्छ त्यो दिन कन्यालाई घर छिमेक वा आफन्तकोमा खुवाउने चलन छ । दोस्रो दिन पनि कन्यालाई नुहाइधुवाई गरी सनपाटको नयाँ साडी चोखो गहना लगाई दुलही जस्तै सिँगारेर जग्गेमा बसाइन्छ । पूजा सामाग्री, सुकुण्डा कोटपूजा, ज्वाला न्हेकं (एक विशेष किसिमको ऐना) सिन्नमु (विशेष किसिमको सिन्दुर राख्ने भाँडा) तयार गरी विधिपूर्वक होम पूजा गरिन्छ । काँचो धागो पहेँलो रङ्गले रंगाएर डल्लो पारी कन्यालाई १०८ पटक खुट्टाको पैतालादेखि शरीरसम्म घुमाउने, नाउँले खुट्टाको नङ काटी रातो रङ्ग लगाइदिने, कन्यालाई खुट्टाले मास पिस्न लगाउने जस्ता क्रियाहरू सम्पन्न हुन्छ ।

उक्त दिन कन्यालाई नून खान दिइँदैन । आफन्तहरूले खीर, मिठाई, फलफूल, दूध दही ल्याएर खुवाउँछन् ।

तेस्रो दिनमा पनि कन्यालाई नुहाईधुवाई गराई लुगा गहना लगाई सिंगार पटार गराएर जग्गेमा बसालिन्छ । तेस्रो दिनमा पनि पूजा सामाग्रीहरू तयार गराई लैजानुपर्छ । पूजापाठ होम सकिएपछि कन्यादान कार्य हुन्छ । उक्त कार्यको लागि एक तोला सिन्दुर माटोको पालामा बेल राखेर प्रत्येक कन्यालाई कन्यादान दिइन्छ । बेललाई उनीहरू दुलाहा मानेर घरमा राख्दछन् । जस्तो बेल पऱ्यो उस्तै बूढा पाउँछ भन्ने चलन छ । कन्यादानको कार्य सकिएपछि कन्यालाई घरमा परिवारका साथै आफन्तहरूले टीका लगाउँदै तीन पसरी चामल कपडा अनि दक्षिणा दिन्छन् ।

त्यसपछि कन्यालाई कार्यक्रमको कार्य समितिद्वारा काँसको थालमा दाल, भात, अचार, मासु सिउ (बोकाको टाउकोको प्रमुख ९ अङ्गहरू जस्तैः कान दुईवटा, आँखा दुईवटा, ओठ दुईवटा, नाक, जिब्रो र चिउँडो पकाएको खान दिइन्छ) खाना खुवाइसकेपछि कलवाय कार्य (ठूलो भाँडामा हात धोइदिने काम) हुन्छ । कन्यालाई नायो (पूजारी) द्वारा नवोलिकन पूजा गर्न लगाइन्छ र नायोले कलवाय गराई फर्किदा करूवाको पानी छर्कदै आइ हातखुट्टा धोई कुल्ला गरेपछि मात्र बोलिन्छ । त्यसपछि प्रत्येक घरमा अगाडि आँगनमा गोबर माटाले मण्डलाकार गरेर लिप्छन् र बीचमा काठको पिर्का विछ्याई त्यसमाथि कन्यालाई उठ्न लगाई टीका प्रसाद दिई घरको परिवारले चामलको भिक्षा दक्षिणा दिई घरभित्र लान्छन् र टीका प्रसाद सगुन दिन्छन् । चारदिनपछि नुहाई कन्यालाई टीका प्रसाद, नयाँ लुगा दिने गर्दछन् ।

देउरालीमा नेवार ब्राम्हण छैन त्यसैले यहाँ सामुहिक वेल विवाह हुँदैन । आर्थिक स्थिति राम्रो भएकाले काठमाण्डौं, पाल्पा, बुटवल लगेर इहि गर्दछन् भने धेरै यही नजिकैको बेलको वोटमुनि लगेर केही मात्र विधि पुऱ्याई बाहुनी कन्याद्वारा सिन्दुर राख्न लगाएर वेल विवाह कार्य सम्पन्न गर्दछन् ।

## ५.१.६ गुफा राख्ने (बाह्र टेउ)

इहि गरिसकेपछि ७, ९, ११ वा विजोर वर्ष पारी रजस्वला हुनु अगाडि नै गुफा राख्नुपर्दछ । गुफा राख्दा मंसिर पुस वा जाडो महिना पारिन्छ । गुफा नराख्दै महिनावारी भएमा तुरून्तै गुफा राख्नुपर्दछ । ब्राम्ह्णबाट साइत हेराई बाह्रदिनभित्र औंसी पूर्णिमा नपर्नेगरी गुफा राखिन्छ । गुफा राख्ने दिई सुकुण्डामा बत्ती वोलेर बेलुकीपख अध्यारो कोठामा कन्यालाई राखिन्छ उसलाई सहयोग गर्न एकजना साथी “बाह्र पासा” राखिन्छ । कन्यालाई ३ दिनसम्म नून खान दिइदैन । चारदिनमा नुहाएर अण्डाको सगुन दिई नून खान दिइन्छ । पहिलो दिन देखि बाह्रदिनसम्म सूर्य भगवान र छोरा मान्छेको मुख हेर्नुहुँदैन । छैठौं दिनमा कपासको बाह्र ख्याक (कुटिनी बूढी भूत जस्तै) बनाएर मह राखेर भित्तामा टासिन्छ । साथै कपासको चन्द्र, सूर्य, घण्टा एवंम् तारा बनाई ख्याकको अगाडि टाँस्नुपर्छ । ६ दिनमा ऐना, काइयो, राखिन्छ । छैंठौ दिनमा आफन्तहरूले “छुस्यामुस्या” (बाह्रथरी गेडागुडी अन्न) भुटेर विभिन्न परिकारका रोटी, मिठाई, खीर, तरकारी अचार सगुन बनाई खुवाउँछन् । उक्त दिन नखुवाउने आफन्तहरूले आठौं, दशौं, एघारौं दिनमा खुवाउन आउँछन् । यसैदिन बुकुवा नेवारीमा कों (चिउरा, चामल, मेथी, सुन्तलाको बोक्रा भुटेर पिसेर बनाएको पीठो) थोरै एउटा बहुतमा र अर्कोमा तेल राखी “बाह्र ख्या” लाई छुट्याइन्छ र बाँकी गुफा बस्ने भेट्न आउने कन्याका साथीहरूले मुख, हात खुट्टामा दल्छन् । बाह्र दिनसम्म कन्याका साथीहरू आई नाचगान रमाइलो गर्छन् । गुफा राखेको दिनदेखि बाह्र दिनसम्म गुफा राखेको घर तथा सन्तानहरूको घरमा पूजापाठ केही पनि चल्दैन । बाह्रौ दिनमा घर लिपपोत गरी नुहाई, धुवाई गरेपछि चोखो भई पूजा पाठ गर्छन् ।

बाह्रौ दिनमा घर लिपपोत गरी कन्यालाई विहान सबेरै नुहाइदिएर नयाँ कपडा सारी, चोली, गहना लगाई सिंगारपटार गरी तयार पार्छन् । पूजा सामाग्री तयार गरेपछि बाह्रा पासाले कन्याको मुख छोपी तामाको भाँडामा गाईको दूध र पानी मिसाइ त्यसैमा सूर्यको छायाँ हेर्न लगाइन्छ । त्यसपछि आँगनमा मण्डलाकार गरी गोबर माटाले लिपेको ठाउँमा पिर्का विछ्याई ती कन्यालाई पूर्वतिर मुख फर्काइ बस्न लगाइन्छ र सूर्यको मूर्ति तथा सूर्य भगवानलाई पूजा गर्न लगाई “ज्वाला न्हेक” (विशेष खालको ऐना) हेर्न लगाएपछि मात्र सूर्य भगवान तथा छोरा मान्छेको मुख हेर्न दिइन्छ । सूर्य भगवानको पूजा सकिएपछि कन्यालाई

किस्ता (बहुतामा चामल, सिङ्गो सुपारी र दक्षिणा) लिन लगाई मन्दिरमा दर्शन गराउन लैजान्छन् । मन्दिरबाट फर्केपछि घरभित्र कलश दियो स्थापना गरी पूजा गरिन्छ । यस दिन आफन्त, सन्ताल टोल छिमेकहरूले कन्यालाई टीका लगाइ कपडा, दक्षिणा र चामल दिन्छन् भने निम्तालुहरूलाई सगुन दिई भोज खुवाउने चलन छ ।

भोजको कार्यक्रम सकिएपछि कलवाय गर्ने कार्य हुन्छ । यसका लागि सबै परिवारले खाइसकेपछि घरभित्र गोबर माटाले लिपपोत गरी वीचमा पिर्का राखेर बाह्रा बसेका कन्याहरूलाई वस्न लगाइन्छ । उनीहरूलाई भोजको साथै सिउ खाने दिइन्छ । खाना खाइसकेपछि नायोले जूठो सफा गरी उक्त ठाउँमा कन्याहरू र नायो दुवै नवोली पूजा गर्छन् । पूजा सामाग्रीमा केशरी अक्षता सेतो  वा पहेँलो फूल, धुपदिप, रोती फलफूल प्रसादका साथ ८ टुक्रा सिन्का, ८ टुक्रा सुपारी, ८ वटा भिजाएको केराउ पनि चाहिन्छ । नायो र कन्या दुवै वोल्न हुँदैन । ८ मध्ये ४ केराउ, ४ कुड्का सुपारी, ४ टुक्रा सिन्का घरको अर्को सदस्यले एक एक गरी नायोलाई दिन्छन् । नायोले कन्यालाई दिएपछि कन्याहरूले एक एक गरी चपाउँदै थुक्छन् र प्रत्येक पटक थुक्दा मुख कुल्ला गर्छन् त्यस्तै गरी एक एक गरी सिन्काले दाँत कोट्याउदै फाल्छन् र प्रत्येक पटक पानीले मुख कुल्ला गर्छन् । पूजा गर्ने क्रममा घरको एकजनाले पालैपालो पूजाको सामान नायोलाई दिन्छ र नायोले कन्याहरूलाई दिएपछि कन्याहरूले खाएको जुठो र पूजा गरेको सबै बटुलेर वाहिर दोबाटो वा घरको वलेसीमा नायोले लैजान्छ । उसको साथमा घरका अन्य सदस्यहरू कसैले पूजा सामान, जल, कसैले लट्ठी टेक्दै कसैले कुचो लतार्दै जान्छन् । वाँकी ४ केराउ, ४ सुपारी र ४ सिन्का एक एक गरेर नायोलाई दिन्छन् र नायोले एक एक गरी चढाउँछ र नायोले हात, खुट्टा, मुख धोई जल छर्कदै भित्र पसेपछि अन्य सदस्य भित्र पस्दछन् । नायोले धूपबत्ती वाली वाटा माथि घोप्टाएर त्यसमाथि कन्या लाई तीनपटक हात माथितिर फर्काएर ट्याङ्ग गर्न लगाएपछि मात्र नायो र कन्याहरू वोल्छन् र त्यस दिनको कार्य समाप्त हुन्छ । राती नाचगान कार्य हुन्छ । चारदिनपछि नुहाएर सिन्दुर पखालेपछि टीका सगुन दिइन्छ ।

यो कलवाय संस्कार कार्य काठमाडौं र शहर वजारमा प्रचलन भएपनि देउरालीमा भने यी संस्कार गरिदैन । यदि गुफामा राख्दा कन्याको मृत्यु भएमा ढोकाबाट ननिकाली झ्यालबाट लाश निकालिन्छ ।

## ५.१.७ विवाह संस्कार

पुर्खाको वंश कायम राख्न, घरको आर्थिक अवस्था सुधार्न विवाह एक नैतिक वन्धन हो । नेवार समुदायमा विवाह संस्कार अनिवार्य मानिन्छ । विवाह सामाजिक र आर्थिक हिसाबले पनि महत्वपूर्ण मानिन्छ । देउरालीका नेवारहरूले विवाहलाई धार्मिक संस्कारको रूपमा लिन्छन् । विवाहमा देवी देवता, कुलदेवता आदिको पूजा गरिन्छ र नेवारी कन्या ७ वर्षको हुँदा वेलसित विवाह (इहि) गरिदिन्छन् । इहि गर्दा बेल वा भगवान नारायणको नाममा सिन्दूर हाल्ने चलन छ । त्यसैले केटीको पतिको मृत्यु भएमा पनि सिन्दुर पोते लगाएर हिँड्न पाइन्छ किनकि भगवान् विष्णु अमर हुन्छन् त्यसैले विधवा हुनुपर्दैन । तर देउरालीका नेवारमा भने अन्य जातजातिको प्रभाव बढी परेकाले कुनै पनि केटीले दोस्रो विवाह गर्नु, विधवा भएर सिन्दुर पोते लगाउनु राम्रो मानिदैन र लगाउँदैनन् पनि ।

नेवार समुदायमा आमाबावुले छोराछोरी विवाहयोग्य भएपछि भरसक सुहाउँदो जोडी आफ्नै स्थानीय ठाउँमा नजिकै खोज्दछन् । इष्टमित्रबाट छोरीका वा छोराका लागि कुरो हाल्दछन् र टाढाको भए केटाकेटी भेट गराई स्वीकृति पाएपछि विवाह पक्का गर्छन् । नेवारको चाडपर्व, जन्म, न्वारान, वेलविवाह, पास्नी, व्रतबन्ध, विवाह र मृत्युसंस्कार आदि कार्यमा विवाहित छोरी अति आवश्यक मानिने हुँदा सकेसम्म नजीक वैवाहिक सम्बन्ध राख्न चाहन्छन् । छोरी विना हरेक कार्य अपुरो मानिन्छ । तर आजकाल शिक्षित र सभ्य जोडी नपाएमा टाढा टाढा पनि वैवाहिक सम्बन्ध कायम गर्दछन् । चैत्र, कार्त्तिक र पौषमा विवाह गर्दैनन् ।

देउरालीमा मुख्यतया दुई प्रकारका विवाह प्रचलनमा छ । एक मागी विवाह अर्को प्रेम वा भागी विवाह । परम्परागत मागी विवाहमा सगुन, साइपाटा, जन्ती लिएर जाने कार्य हुन्छ भने प्रेम विवाहमा सुटुक्क भाग्ने चलन छ । केटा वा केटीको विवाहयोग्य उमेर भएपछि आफन्त नातागोताबाट मिल्दो जोडी खोज्ने काम हुन्छ । यदि केटालाई केटी मन परेमा चिनेको व्यक्ति वा आफन्तलाई केटी माग्न पठाइन्छ जसलाई लमी भनिन्छ । लमीले कुरा मिलाएपछि यदि कुरा मिलेमा केटाकेटीको चिना मिलाइन्छ यदि चिना मिलेमा विवाहको दिन पक्का गर्ने दिन तोकी लमी फर्कन्छ । ज्योतिषिलाई साइत हेराएर केटा, लमी, केटाको वुवा, मामा, भिनाजु, केटीको घरमा जान्छन् । त्यसरी जाँदा मखमलको थैली बनाई त्यसमा

१० वटा सिङ्गो सुपारी राखी, पूजासामान, ज्वाला न्हेक (ऐना), सिन्हमु (सिन्दुर) र दुलहीलाई एक जोर नयाँ लुगा, सुनको औठी सगुन लिइ जान्छन् । केटीको घरमा कलश स्थापना गरी सुकुण्डा वाली दुलहा दुलही राखी पूजा गर्न लगाउँछन् । साथै घरको कुलदेवता भूतप्रेत आदिको पूजा गरिन्छ । पूजा गरिसकेपछि सुपारीको थैली केटीको बुवाले औपचारिक रूपमा स्वीकार गर्छ । त्यसपछि केटीको फुपू वा दिदीले केटीको निधारमा टीका लगाई सगुन, नयाँ कपडा दिन्छ । यस कार्यलाई ग्वयेकायगु (सुपारी लिने) भनिन्छ । यस रीति पूरा भएपछि केटीमाथि केटाको हक अधिकार रहेको पाइन्छ । उसको अधिकार आमाबाबुसँग पनि टुटेको हुँदैन । तर केही गरि सुपारी लिएर केटीको मृत्यु भएमा उनको सदगत दाह संस्कार माइतीले गर्न हुँदैन केटा पक्षले आएर मुर्दा लगी दाह संस्कार र काजक्रिया गर्छन् ।

विवाहको दिन पक्का भैसकेपछि दुवैतिर तयारी कार्य सुरू हुन्छ । दुलाहाले आफ्नो औकातअनुसार दुलहीको लागि सुन र चाँदीका गहना, नयाँ लुगा किन्ने, घर सजाउने, विभिन्न परिकारहरू जस्तै : रोटी, फिनी रोटी, चिनीरोटी, अरसा, खुर्मा, झिलिङ्गो रोटी, घरपाला रक्सी तयार हुन्छ । मासुको लागि खसी, राँगोको व्यवस्था गर्छन् । सगुनको लागि चिउरा, दही, केरा आदि सामान तयार गरिन्छ । त्यस्तै दुलहीको घरमा पनि दुलाहाको लागि सुनका गहना, नयाँ लुगा, छोरीका लागि गहना, खाना पकाउने भाँडा, खाने खुवाउने भाँडा दुलाहाको घरमा जस्तै परिकारहरू तयार पार्छन् । दुलाहा दुलही दुवैका घरमा आफन्त छरछिमेकले सहयोग गर्छन् । हुनेखानेले क्याटरिङ्ग बोलाएर भोज खुवाउँछन् भने कसैले आफैले दाजुभाई गुठीयार मिली भोज तयार पारी खुवाउँछन् ।

विवाहको दिनमा दुलहा, दुलहीको घरमा ध्वजा, पतकाले सिंगारेर केराको वोट गाडेर स्वागतद्वार बनाइएको हुन्छ । दुवैतिर तामाको गाग्री रंगाएर पानी भरेर फूल राखिएको हुन्छ । दुलही विहानै नुहाएर नयाँ कपडा लगाई सिंगारेर बसेको हुन्छ । दुलही राखेको ठाउँमा दुईवटा टपरीमा चामल राखी एउटामा कलश र अर्कोमा सुकुण्डा स्थापना गरी अगाडि केराको पातमा चन्दन केशरी सिन्दूर, धूप दियो, रोटी, फलफूल, अक्षता, भेटी, सगुन आदि चढाइ पूजाआजा गरिन्छ । फुपू, नातेदार, सन्तानहरू, छिमेकीहरू र अन्य निम्तालुहरू आई दुलहीलाई टीका लगाई आफ्नो गक्ष अनुसार उपहार दिने गर्छन् ती सबैलाई भोज खुवाइन्छ । घरको परिवारले भने दुलहीको खुट्टाको जल खाई टीका, प्रसाद तथा उपहार दिने गर्छन् ।

### ५.१.८ विवाहमा साइपाटा

नेवारको विवाहमा पहिला पहिला विवाहको दिनमा दुलाहा केटीको घरमा जाने चलन थिएन । तर आजकाल भने दुलाहा जन्तीसँगै जान्छन् । साइपाटा भनेको दुलाहाको घरबाट घरपरिवारका छोरी, बुहारी साथीहरू सजिएर दुलहीको लागि लुगा गहना, श्रृङ्गार सामाग्री, खानेकुरा, पूजासामान फलफूल, विभिन्न प्रकारका रोटी आदि बोकी दुलहीको घरमा जाने हो । दुलहीको घरमा पुग्ने बेलामा सुकुण्डामा वत्ती बालेर अगाडि उखु वोक्ने, त्यस्तै फलफूल, रोटी, माछा, दहीको ठेकी आदि वोक्नेहरू लाइन लगाएर जान्छन् । दुलहीको घरमा पुगेपछि दुलाहाको घरको सुकुण्डा र दुलहीको घरको सुकुण्डा एकै ठाउँमा राखी दुलाहाको फुपू वा दिदी बहिनीले पूजा गरी दुलहीलाई पूजा गर्न लगाउँछ । आजकाल साइपाटामा Happy Marriage Ceromony लेखेको केक पनि लाने चलन छ । त्यही केक दुलहीलाई काट्न लगाइन्छ र दुलाहाको फुपू दिदी बहिनी जसले पूजा गरेको छ उसलाई एक टुक्रा दुलहीले खुवाउँछे उसले पनि दुलहीलाई खुवाउँछ बाँकी केक पछि अन्य माइतीले वाँडेर खान्छन् । केक काट्ने कार्यक्रम सकिएपछि दुलहाको दिदी वा फुपूले दुलहीको लागि ल्याइएका गहना पहिऱ्याइदिन्छन् । चुरा, पोते लगाइदिन्छन् र बाँकी लुगा, जुत्ता खानेकुरा आदि दिन्छन् । त्यसपछि दुलहीका परिवारले साइपाटा लाने सबैलाई टीका लगाई दक्षिणा दिन्छन् र सगुन खान दिन्छन् र साइपाटा कार्यक्रम समाप्त हुन्छ ।

साइपाटा कार्यक्रम सकिएपछि दुलाहा वाजासहितको जन्ती दुलहीको घरमा पुग्छन् । पहिला दुलाहालाई मात्र जगियामा ल्याई दुलहीलाई सँगै राखेर स्वंयबर कार्यक्रम सम्पन्न गरिन्छ फेरि दुलाहा पुनः जन्ती भएको ठाउँमा जान्छ । त्यसपछि दुलही पक्षले लाभा, अवीर, फूल, अक्षता छर्किइ जन्तीको स्वागत गर्छन् । यसलाई जन्ती पर्सिने भनिन्छ । त्यसपछि जन्तीलाई टीका लगाई भोजमा लगिन्छ ।

दुलाहा र दुलहीलाई एकै ठाउँमा राखी टीका लगाइदिने र बाबुआमाले जल, जौ, तिल, कुश हातमा राखी दुलाहाको हातमाथि दुलहीको हात राखी कन्यादान दिने कार्य हुन्छ । यसपछि दुलहीको आमाबावुले सगुन दिन्छन् । आमाबाबुले टीका लगाई, सकेको दाइजो दिन्छन् । दाइजोमा दुलाहा पक्षबाट केही माग हुँदैन । कन्यादान सकिएपछि दुलहीको बावु,

दाइ वा मामामध्ये एकजनाले दुलहीलाई पिठ्युमा बोकेर डोलीको वरिपरि वा कार भए कारको वरिपरि तीनपटक घुमेर डोली वा कारमा चढाई र जन्तीलाई विदा गर्छन् ।

यता दुलाहाको घरमा जन्ती नफर्किन्जेलसम्म रत्यौली खेल्छन् । जन्ती आएपछि आगनमा लिपेर पिर्का राखेर त्यसमाथि दुलहीलाई उभ्याइन्छ र दुलाहाको आमाले दुलहीलाई करूवाको जलधारा गराउँदै तीनपटक घुमेर टीका लगाई चिउराले तीनपटक पुछेर फाल्छन् र हातमा समातेर घरभित्र लैजान्छ । यसरी भित्र लैजादा दुलाहाको फुपू वा दिदीबाहिनीले ढोकामा वसी बाटो छेक्छन् जसलाई "लुखापानी" भनिन्छ । दुलहीले केही रूपैंया दिएपछि बाटो छोडिदिन्छन् । कोठामा दुलाहा दुलहीलाई एकै ठाउँमा राखी गणेश, कलश, सुकुण्डा भैरव कुलदेवता आदिको पूजा गर्दछन् । पूजा सकिएपछि दुलहीको हातबाट सुपारी चलाउने कार्य (ग्वंय कायगु) शुरू हुन्छ । सबभन्दा पहिले लमीले १०/१० वटा सिङ्गो सुपारी लिदै कुल देवता लगाएत सबै देवतालाई सम्भी सुपारीलाई ढोग गर्दै दुलहीलाई दिन्छन् र दुलहीको टाउकामा छुँदै राख्दछ । त्यसपछि दुलाहाका आमाबावु आफन्त आदिले पालैपालो थालमा औकातअनुसार दक्षिणा राख्दै सुपारी लिन्छन् र दुलहीलाई मान्यता अनुसार ढोग गर्न लगाइन्छ । त्यसपछि सगुन दिने काम हुन्छ । दुलाहाको फुपू, विवाहित दिदीबहिनी, मावली सबै आउँछन् । दिदी बहिनी फुपूहरूले दुलाहाको आमा, वावु, दुलाहा, दुलही भाई सबैलाई राखेर नयाँ कपडा र सगुन दिने गर्दछन् । अन्य निम्तालुहरूले पनि कपडा, रक्सी, अण्डा आदि लिएर आउँछन् ।

भोलिपल्ट विहानै सबै परिवार नुहाइधुवाइ गरी कोटपूजा (पूजा सामाग्री राखिने भाँडाको सेट), रोटी, फलफूल, सगुन, किस्ती तयार गरी एउटा वोकासमेत गरी पूजा सामाग्री तयार हुन्छ । दुलाहाको बावुले कोट पूजा वोकेर जानुपर्छ । मन्दिरमा सबैजना सजिएर जान्छन् । खास गरी गणेश, भीमसेन र भगवतीको मन्दिरमा गइन्छ । मन्दिरमा जाँदा पनि सुकुण्डा वालेर, उखु, रोटी फलफूल आदि ढकियामा राखी लिएर जान्छन् । मन्दिरमा पुगेपछि दुलाहा दुलही तथा दुलाहाको बावुआमा दिदीवहिनीले पूजापाठ गरेपछि वोकाको बलि चढाइन्छ । यसलाई चतुर्थी भनिन्छ ।

मन्दिरबाट फर्केपछि सगुन चलाउने कार्य हुन्छ । दुलाहादुलही सबै एकै ठाउँमा वसी गणेश, कलश, सुकुण्डा कुलदेवताको पूजा गर्दछन् । घर तथा चुलै निम्तालुहरूद्धारा दुलाहा,

दुलही, दुलाहाका आमा, वावुलाई टीका प्रसाद र सगुन दिई भोज खुवाई उक्त दिनको कार्यको समापन हुन्छ ।

निश्चित दिन पारेर दुरन फर्काउने काम हुन्छ । त्यसको लागि कोसेली सहित दुलाहा, दुलही, लमी आदि माइती घरमा जाने गर्दछन् । दुलहीको माइतीतर्फ ज्वाइँ भित्र्याउने कार्य हुन्छ । माइतीले ज्वाइँको हातबाट सुपारी लिन्छन् । कसै कसैले सम्धी सम्धिनी फुकाउने काम पनि सँगै गर्छन् ।

देउरालीका नेवारहरूमा परम्परागत मागी विवाह नै बढी प्रचलनमा रहेको छ तर आजकाल मागी विवाह पनि मन्दिरमा गर्ने वा सुटुक्क टिका लगाई पठाउने र पछि भित्र्याउने चलन छ । प्रेम विवाह गरी भागी विवाह गरेपनि पछि सबैलाई बोलाएर भोज खुवाई भित्र्याउने चलन छ ।

### ५.१.९ मृत्यु संस्कार

अन्य संस्कार जस्तै नेवारहरूको मृत्यु संस्कार पनि भिन्न छ । मानिस मरेपछि वा मर्ने वेलामा तुलसीको मठनिर लगिन्छ र सुताइन्छ मानिस मरिसकेपछि पालामा बत्ती वालेर शिरनेर राखिदिन्छन् । गुठियाहरू जम्मा भई लाशलाई घाटमा लैजाने तरखरमा जुट्छन् । कसैले हरियो बाँस काटेर ल्याउँछन् कसैले कसैले काटेर टुक्रा पारी चोयाले बाधेर सात सिडीको खट (घारो) तयार पार्छन् । छोरा भए छोराले नभए दाजुभाइको छोराहरूले लासलाई उठाएर घारामा सुताई सेतो कपडाले माथिबाट बाँध्छन् । कपडाले छोप्नुभन्दा अगाडि विवाहित छोरीले मुख धुवाई रातो टीका अवीर माला लगाइदिन्छन् यसलाई नेवारीमा "म्हाँगेकेउ" भनिन्छ । मुखमा सुनपानी राखिदिन्छन् । छोरा भए छोराले काँध हालेर वोक्छ भने छोरा नभए गुठियारहरूले घाटमा लैजान्छन् । घाट लैजाने वेलामा तेल वा घिउमा कपडा भिजाई बालेर चिलिममा राखेर एकजना व्यक्तिले सो वोकेर मलामीको अगाडि लाग्छ भने एक जना वुर्की, एकमाना चामल, एकमाना धान, एकमाना मकै अर्थात नौथरी अन्न जसलाई नेवारी "गुटा अ" भन्दछन् र पैसा राखी वाटोमा छर्दै जान्छन् । कसैले घाटमा चाहिने सामानहरू लिन्छन् कसैले मृतकलाई जलाउन दाउरा लिएर जान्छन् । नदीमा पुऱ्याएर नदीको छेउमा काठको सोला बनाई नाङ्गै सुताइन्छ र गएका सबै मलामीहरूले

उल्टो हात गरी पालैपालो पानी खुवाउँछन् । छोराहरूले लासलाई तेल दलेर मालिस गर्छन् । मलामीहरू सबैलाई लासको वरिपरि जम्मा हुन लगाई एक जनाले मृतकको बारेमा जन्मदेखि मृत्युसम्मको राम्रो पक्षहरूको वर्णन गरेपछि एक मिनेट मौन धारणा गरी श्रद्धाञ्जली अर्पण गर्छन् । त्यसपछि बाँसको छडीमा घिउ वा तेलले भिजाएको कपडा बेरी बालेर छोराहरूले तीनपटक मृतकलाई परिक्रमा गरी पानी खुवाइदिन्छन् र खुट्टामा ढोगी मुखमा दागवत्ती दिन्छन् । त्यसपछि छोराहरूले कपाल खौरेर नुहाई सेतो वस्त्र धारणा गर्दछन् र पिण्ड दिन्छन् अनि घर फर्कन्छन् ।

मानिस मरेपछि लासलाई घाटमा लगेपछि घरका बुहारीले माटाको हाँडीमा “गुता विअ” पैसा, जौ, तिल, कालोसेतो भट्ट, मृतकको एकजोर कपडा, ओछ्यान, कुचो, गुन्द्रीले वा मान्द्रो आदिले वेरेर सिन्दुर छर्केर तीन वाटो पर्ने ठाउँमा छाडेर रूँदै घर फर्कन्छन्, जसलाई नेवारीमा “छवासीवाय” भनिन्छ । “छवासीवाय” गरी घर फर्केपछि मृतक राखेको ठाउँमा लिपपोत गरी धारामा गई नुहाई घर पस्दछन् । मलामीहरू घाटबाट फर्केपछि घरअगाडि एउटा भाँडामा आगो राखी त्यसमा गाईको घीउ राखिदिन्छन् र भूतप्रेत तथा मृतात्मादेखि सुरक्षित रहन क्रियापुत्रीहरूलाई हातमा हँसिया वा चक्कु राखिदिन्छन् । क्रियापुत्रीहरूले आगोमा हात सेकी घरभित्र मानिस मरेको ठाउँमा मान्द्रो वा गुन्द्रीले बारेर पराल वा कम्बल विछ्याएर कसैलाई नछोई १३ दिनसम्म बस्छन् । मलामीहरूले पनि उक्त आगोमा हात सेकी आ-आफ्नो घर फर्की सुनपानी छर्केर खाई चोखिएर घरभित्र पस्दछन् । यदि लोग्ने मानिस मरेको हो भने स्वास्नीलाई धारामा लगेर चुरा फुटाई सिन्दुर टीका पखालिदिन्छन् र छोराहरू छुट्टै कसैलाई नछोई काजक्रिया गराउँछन् । बुहारीहरू पनि छुट्टै कोठामा १३ दिनसम्म बसेर काजक्रिया गर्छन् । छोरीले पनि ५ दिनसम्म काजक्रिया गर्छन् । मृतकलाई घाटमा लगेपछि मृतकका घरमा सन्तान र छोरीवेटीले चिउरा, मिठाइ, अदुवा, घिउ, मिश्री, चिनी लिएर आउँछन् जसलाई नेवारीमा चिपन्हिकी भनिन्छ । सबै ठाउँबाट ल्याएको चीजबाट अलिअलि छुट्याएर मृतकको नाममा छुट्याई हाँडीमा राखेर क्रियापुत्री बस्ने ठाउँमा डोको वा डालोले छोपेर कसैले नछुने गरी राख्दछन् र बाँकी रहेका सन्तानहरू तथा मलामीहरूले पातको दुनामा राखी बाँडी खानुपर्दछ । मानिस मरेको दिनदेखि क्रियापुत्रीलाई सालको टपरी, दुना, खोचीको काम बढी पर्ने हुनाले अन्य आफन्त छिमेकीहरूले पात टिप्ने, टपरी गाँस्ने आदि काममा सहयोग गर्छन् ।

मान्छे मरेको दिनदेखि नै माटोको पालामा तेल राखेर बत्ती वालिरहनुपर्दछ । पहिलो दिन क्रियापुत्रीहरू केही नखाई क्षेत्रवास बस्दछन् भने अरूले नुन नखाइ चोखो खाएर बस्छन् । जूठो परेको दाजुभाइ सबैले पूजापाठ गर्न नुहाईधुवाइ गर्न, कपाल कोर्न र शुभकार्य गर्नुहुँदैन । गुठीका सदस्यहरू पालैपालो गरी प्रत्येक दिन चारजनाको दरले मृतकको घरमा सुत्न पँधेरा जान सहयोग गर्छन् । दोस्रो दिनदेखि क्रियापुत्री, गुठियार र पर्वते ब्राम्हणसहित नजिकको खोला, पँधेराको कर्मकाण्डलाई चाहिने जौं, तिल, भेँडाको रौं, श्रीखण्ड, भिरिङ्गे, झार तथा क्रियापुत्रीलाई खाना पकाउने सामान लिएर जान्छन । पँधेरामा गई क्रियापुत्रीहरूले कसैलाई नछोई पवित्र ठाउँबाट वा खोलाबाट ढुङ्गा ल्याइ नुहाई जल चढाई जौं ठाउँमा ब्राम्हणअनुसार पितृ पूजा गर्दछन् । त्यसपछि क्रियापुत्रीहरूले तामाको भाँडामा घीउमा चोखो चामलको भात पकाई अदुवा तथा फलफूलसँग केराको पातमा भात खान्छन् । क्रियापुत्रीहरू पंधेरामा गएपछि घरमा चोखो बसेका आइमाई क्रियापुत्रीहरूले क्रियापुत्रीहरू फर्कनु अगाडि भात पकाई खाइसक्नुपर्छ । एवंरितले दशौं दिनसम्म चल्दछ । यसैगरी सन्तानहरूले पहिलो सातौं र नवौं दिनमा एक छाक नून, भात छोड्छन् र बाह्र दिनसम्म नै विटुलो चीज नखाई जुठो बार्छन् । जसलाई नेवारीमा “डु बाऱ्याउ” भनिन्छ । मानिस मरेको छैंठौं दिन र चेलीवेटीहरूले ठोकनी रोटी, चिनी चिउरा, साग, तरकारी, गेडागुडी पकाएर मृतकको घरमा लिएर आउनुपर्छ । जसलाई नेवारीमा ‘बेओर’ भनिन्छ । छोरीको घरबाट ल्याएको बेओर भित्र्याएपछि मात्र अरूको घरको भित्र्याइन्छ । बेओरमा ल्याएको अलिकति छुट्याएर चोखो झ्यालमा बाँधी कसैले नछुने ठाउँमा झुन्ड्याएर राख्नुपर्दछ र बाँकी सबै जम्मा भएका सन्तानले बाँडेर खानुपर्छ ।

कसैले सातौं दिनमा खाना पकाएर मृतकको नाममा गाईलाई खुवाउने चलन हुन्छ । जुन कार्यलाई नेवारीमा न्हेन्मा ठ्वेउ भनिन्छ । यस्तो खाना विवाहित छोरीले, छोरी नभएमा पुरूष मरेको भए बहिनीले र महिला मरेको भए देवरले पकाउने चलन छ । उक्त दिनमा विवाहित छोरीले उल्टा गरी नुहाएर कसैलाई नछोई चोखो, जुत्ता नलगाई, चोखो लुगा लगाएर सात माना चामल, घिउ पकाई, सातवटा कुखुराको अण्डा उसिनेर सातथरी तरकारी गेडागुडी तयार गरिसकेपछि नुहाई आउँछन् र तयार भएका सबै खानेकुराहरू एक भाग (कोजा) एक भाग (पाखा जा) गरी ९ भाग राखी छैठौं दिनमा छुट्याएको खानेकुरामा पनि नौवटै टपरीमा राखेर आँगनमा लिपेको ठाउँमा कसैले नछुने गरी राखिन्छ । क्रियापुत्री

र न्हेन्मा भात पकाउनेले सातपटक उक्त टपरीको खाना वरिपरि घुमेर पानी चढाई ७ वटा गाईलाई खुवाउँछन् । एक भाग (कोजा) र वचेको खाना न्हेन्मा पकाउनेले नै कसैलाई नछुवाई हिटी वा नदीमा लगेर वगाई नुहाएर घर फर्कन्छन् । एक भाग (पाखा जा) राखिएको ठाउँमा रातभर बत्ती वालेर जाताले टम्म पारी छोपेर र त्यसमाथि डोको घोप्ट्याई त्यसको वरिपरि खरानीको रेखा बनाइसकेपछि न्हेन्मा पकाउने व्यक्तिले फेरि नुहाउनुपर्छ । (पाखा जा) राखिएको ठाउँमा रातभर बत्ती बालेर कुरूवाहरूले पालैपालो गरी कुरेर बस्छन् । अर्कोदिन भाले नबास्दै न्हेन्मा पकाउने व्यक्तिले नुहाएर आई कसैलाई नछोई हिटीमा वा पँधेरामा लगी सेलाई नुहाएर फर्किन्छन् । कसैले पाँचौं दिनमा पाँचमाना अर्थात हरेक चीज पाँच थोक गरी उक्त कार्य सम्पन्न गर्दछन् । यसबाट नेवारहरू पनि ङान्मा ठ्येउ (पाँच दिनमा भेटी लाने) र न्हेन्मा ठ्वेउ (सात दिनमा भेटी लाने) गरी दुई थरी भएको प्रष्ट हुन्छ । आठौं दिनको दिनदेखि ब्राम्हणलाई बोलाएर गौरी पुराण वाचन गर्न लगाइन्छ । नवौं दिनमा मृतकको घर, सन्तान सबै जुठो परेकाले लुगा धुन्छन् । दशौं दिनमा घर लिपपोत गरी आफ्नो खलकका प्रत्येक घरबाट एक एक जना मूली लोग्ने मान्छे पंधेरामा जम्मा हुन्छन् । मृतकको घरबाट तामाको बाटामा खाली अमलाको पात हर्रोबर्रो, पीना, मिठाइ, मिसाएर ल्याएको हुन्छ । छोरी भए छोरीले नभए ज्वाइँले नुहाउने बेलामा सबैको टाउकोमा राखिदिन्छन् यस्तो कार्यलाई खौवाटा गर्ने भनिन्छ । सबै नुहाई, धुवाइ गरी ब्राम्हणले मन्त्रेको गाईको गहुँत खाई घरमा चारैतिर छर्केर चोखो पारिन्छ । दशौं दिनको साँझ क्रियापुत्री र गुठियार भई पँधेरामा गई पैयुको हाँगो काटेर सात पिँढी भएको उल्टो भऱ्याङ्ग देखाई, नाथ्रो नभएको सियो र धागो दुईवटा बाँसको ढुङ्ग्राामा चामल बेसार राखी खरको बलियो पिँजडाजस्तो जाली बनाई त्यसभित्र टपरीमा राखिएको एकमाना चामलमाथि पालामा तेल राखी वत्ती बाल्दछन् । बाँसको ढुंगामा ७ पटक पानीको अर्घ दिई नुहाई घर फर्कन्छन् ।

एघारौं दिनमा क्रियापुत्रीहरू पंधेरामा गई ब्राम्हण विधि अनुसार ३६५ दुना (खोची) मा पर्ने गरी तितेपातीको ३६५ दतिवन, जौ तिल कुश राखेर वगाउँछन् । मरेको दिनदेखि कर्म गराउँदै आउने ब्राम्हणलाई थत्पादान (सिरक, डसना, तकिया, तन्ना, कम्बल, दरी, खाट वा पलङ्ग, छाता, जुत्ता, लगाउने कपडा, गाई, ओदान), पकाएर खाने भाँडाहरू (कसौडी, डाडू, पन्यू, गाग्री, थाल, कचौरा, अङ्खोरा) ३६५ माना चामल, ३६५ मुठी मासको दाल तरकारी, वेसार, नून, घिउ, ब्राम्हणीलाई सुनको गहना, कपडा, चुरो, टीका, पोते, सिन्दुर,

जुत्ता आदि सामाग्रीहरू पंधेरामा लगी ब्राम्हण विधिअनुसार संकल्प दान गरी घरमा ल्याइन्छ । बाह्रौ दिनमा पनि क्रियापुत्रीहरू विधिका अनुसार कार्य गर्दछन् ।

तेह्रौ दिनमा सबै जुठो परेका घर एवं मृतकको घरमा गाईको गोबरले लिपपोत गरेर ब्राम्हणले मन्त्रेको पञ्चगप्य खाई सबै घरतिर छरेर चोखो हुन्छन् । मृतकको घरमा क्रियापुत्रीहरूले नुहाई दान गरिएको गाईलाई छुन्छन् । गहुँत खाई ब्राम्त्ण विधिअनुसार होम पूजा गरिन्छ जसको लागि पूजासामाग्री पहेँलो र सेतो हुन्छ । पूजा सकिएपछि क्रियापुत्रीहरूले ब्राम्हणलाई टीका प्रसाद लिई एघांरौ दिनमा संकल्प गरी छुट्याइएको समान व्राम्हणलाई वा ब्राम्हणीलाई दान दिइन्छ भने आइमाई मरेको भए ब्राम्हाणीलाई गहना लुगा, श्रृङ्गारका सामान पहिराई टीका प्रसाद दक्षिणा दिई विदावारी गरिन्छ । क्रियापुत्रीहरूले कन्याहरू सन्तानहरूलाई पहेंलो टीका लगाई प्रसाद, दक्षिणा दिन्छन् । यस दिनदेखि क्रियापुत्रीहरूले परिवारले पकाएको खान र नून फुकाउँछन् । कसैले वर्ष दिनसम्म सेतो कपडा लगाई जुत्ता नलगाई अरूले छोएको पानी, खानेकुरा, माछा, मासु, लसुन तथा विटुलो चीजहरू बार्छन् । अछूत जातसँग छुदैनन् भने कसैले ४५ दिनसम्म बार्दछन् तर आजकल १५ दिनमा नै फुकाउने चलन बढ्दो देखिन्छ । पन्ध्र दिनको दिनमा घरमा लिपपोत गरी सबै नुवाई धुवाई गर्दछन् । ब्राम्हणलाई बोलाई वार्षिक कर्म (नेवारीमा लट्टे कर्म) गरी सबै सन्तानहरू मलामीहरू वोलाई टीका दक्षिणा दिई भोज खुवाइन्छ । यस कार्यमा सबैले सहयोग गर्छन् ।

वार्षिकी फुकाउँदा चेलीबेटीहरूले र आफन्तहरूले नयाँ टोपी, कपडा, सगुन, क्रियापुत्रीहरूलाई दिई फुकाउँछन् । प्रत्येक वर्ष मृतकको नाममा पितृपूजा श्राद्ध, तिथि गरिन्छ । यहाँका नेवारहरूले सात, नौ वा तेह्र चीज लिने दिने गर्दैनन् । नौ महिनामा नौ दिनमा कतै जाने आउने गर्दैनन् नुहाएर कपाल नझारी भित्र पस्दैनन् । नुहाएर तेल वा चोखो नलगाई खाँदैनन् । वलेनीमा बसेर नुहाउँदैनन् यी विभिन्न चलन अझै चलेको पाइन्छ।

## ५.२ देउरालीका नेवारहरूले मनाउने चाडपर्वहरू

सबै जातजातिले विभिन्न चाडपर्वहरू आ-आफ्नै तरीकाले मनाउँछन् । त्यस्तै देउरालीका नेवारहरूले पनि विभिन्न चाडपर्वहरू मनाउने गर्छन् । नेवारहरू चाडबाड मान्नमा अगाडि पंक्तिमा पर्दछन् । उखान छ; वर्षमा ३६५ दिन हुन्छ भने नेवारले ३६६ पटक भोज गर्छन् रे । त्यस्तै "नेवार विग्रियो भोजले, ठकुरी विग्रियो मोजले" भन्ने उखान पनि सुनिन्छ । विभिन्न देवीदेवताको पूजा गरी विभिन्न परिकारका खाना बनाई खाने चलन छ । देउरालीका नेवारहरूले मनाउने चाडपर्वहरू निम्न प्रकारका छन् ।

### ५.२.१. विस्केट जात्रा

बिस्केट जात्रा विशेष गरी भक्तपुरका नेवारहरूले मनाउने चाड हो । देउरालीमा बसोबास गर्ने नेवारहरू प्राय सबै भक्तपुरबाट आएका हुनाले विस्केट जात्रा मनाउँछन् । यसलाई विशा नखा पनि भनिन्छ । यो पर्व कसैले चैत महिनाको अन्तिम दिन वा कसैले वैशाख १ गते मनाउँछन् । यहाँका नेवारहरूले चैत्र महिनाको अन्तिम दिन नै यो पर्व मनाउँछन् । त्यस दिनमा घरमा गोबर माटाले लिपपोत गरी शुद्ध बनाइन्छ । घरका सम्पूर्ण कपडाहरू अघिल्लो दिनमा नै धोइन्छ । घरका हरेक परिवारहरूले विहान उठी नुवाइधुवाई गर्छन् । अक्षता, केशरी, फूल, चन्दन, धूप, दीप, दक्षिणा, सिङ्गो सुपारी, कोजा (चिउरा भिजाएर बनाइएको वस्तु) धजा, रोटी सगुन, तयार गरी कलश स्थापना गरी सुकुण्डा राखी सबै परिवारले पूजा गर्छन् । सबै तयारी खानेकुराहरू घरको मुलीले कसैलाई नुछवाई साल वा केराको पातमा राखी देवतालाई छुट्याइ घरको गाह्रोमा वा कसैले नछुवाई सालको वा केराको पातमा राखिन्छ । छोरीवेटी आफन्तलाई निम्ता गरी टीका, प्रसाद, सगुन दिई, भोज खुवाई चाड मनाइन्छ ।

### ५.२.२. आमाको मुख हर्ने (मातातीर्थ औंसी)

यो चाड वैशाख कृष्ण औंसीमा पर्छ । जसलाई मातृ औंसी पनि भनिन्छ । यस दिन आफूलाई जन्म दिने, कर्म दिने आमाको सम्मान गरिन्छ । औंसीको दिन विहानै आमा र

वुवालाई राखेर विभिन्न रोटीका परिकारहरू, सगुन, फलफूल र आमालाई कपडा साडी चोलो आदि दिएर आमाको मुख हेर्छन् । आमाले पनि छोराछोरीहरूलाई टीका प्रसाद दिई दक्षिणा दिन्छन् । आमा नहुनेले वाहुनलाई सिदा, दक्षिणा दिने चलन छ ।

### ५.२.३. अक्षय तृतीया

वैशाख शुक्ल तृतीयाका दिन अक्षय तृतीया चाड मनाइन्छ । यो दिन त्रेतायुग शुरू भएको र महादेव र पार्वतीको विवाह भएको दिन हो । त्यसैले यो दिन विवाह गर्न साइत हेर्नुपर्दैन । यस दिनमा गरेको दान होम आदिको फल क्षय नहुने भएकाले अक्षय भन्ने गरेको भनाइ छ । यस दिनमा सख्खरपानी खाने चलन छ । विष्णु भगवानको सातौं अवतार पर्शुराम यसै दिनमा जन्मेको हो । त्यसैले यो दिन जौको सातु बनाएर घिउ, चिनी, दही मिलाएर दान दिने चलन छ ।

### ५.२.४ चण्डिपूर्णिमा/वुद्धजयन्ती

भगवान गौतम वुद्धको जन्म, वोधिज्ञान प्राप्त गरेको, महापरिनिर्माण प्राप्त गरेको पवित्र दिन बुद्ध जयन्ती हो । यो वैशाख पूर्णिमाको दिन पर्दछ । यस दिनमा विभिन्न मन्दिरहरूमा पूजा गरी भंगेरको पूजा गरी देउरालीका नेवारहरूले पूर्णिमा मनाउँछन् ।

### ५.२.५. सिठी नख :/ कुमार षष्ठी

नेवारहरूले ज्येष्ठ शुक्ल षष्ठीको दिनलाई सिठी नख : चाडको रूपमा मनाउँछन् । यस दिनमा पनि सफा सुग्घर गरेर, नुहाएर, शुद्ध भई लिपेर धर्तीको पूजा गरिन्छ । देवाली मनाउन नपाएकाहरू यस दिनमा कुल देवताको पूजा गर्न जान्छन् । महादेवको जेठो छोरो कुमार कार्तिकेय यसै दिनमा जन्मेका हुनाले यस दिनलाई कुमार षष्ठी पनि भनिन्छ । बारा,

सगुन तयार गरी पूजा गरी यो चाड मनाइन्छ। चेलीवेटी इष्टमित्रलाई भोज खुवाई यो चाड मनाइन्छ।

### ५.२.६ हरिशयनी एकादशी/हरिवोधनी एकादशी

हरिशयनी एकादशी असार शुक्ल एकादशीको दिनमा पर्दछ भने हरिवोधनी एकादशी कार्तिक शुक्ल एकादशीको दिनमा पर्दछ। यी एकादशीलाई ठूलो एकादशी पनि भनिन्छ। हरिशयनी एकादशीको दिनमा तुलसी रोप्ने चलन छ। प्रत्येक नेवारको घरको आँगनमा तुलसीको मठ हुन्छ। तुलसीको मठमा नयाँ तुलसीको विरूवा रोपेर पूजा गरी फलाहार गरी एकादशीको व्रत बसिन्छ। यसपछिको प्रत्येक एकादशीमा पनि व्रत वसी विष्णु भगवानको पूजा गरिन्छ। हरिवोधनी एकादशीको दिनमा पनि व्रत वसी टपरीमा फूल प्रसाद अक्षता दियो बाली नदीमा लगेर बगाउने गर्दछन्। त्यसको पाँच दिनपछि पूर्णिमाको दिनमा एकादशीको साङ्गे गर्ने गरिन्छ। त्यस दिनमा तुलसीको मठलाई सिँगारिन्छ। दिनभरि व्रत वसिन्छ। मकै, भटमास, मास, गहत आदि १२ थरी गेडागुडी भुट्छन्। साँझपख सूर्य भगवानको पूजा गरि बाँसको लिङ्गामा फूलको माला, नेपालको झण्डा राखि तुलसीको मठ नजिकै गाडिन्छ। नेवारहरूले नेपाल संवत सुरू गरेकाले राष्ट्रियताको प्रतीकको रूपमा नेपालको झण्डा राखिएको हो। फेरि रात परेपछि जून भगवानको पूजा गरिन्छ र मकै गेडागुडी, जसलाई “छुसेमुसे” भनिन्छ। जूनमा छुसेमुसे सुकाएपछि सबै परिवार लगायत छिमेकीलाई टीका प्रसाद, छुसेमुसे बाँडेर व्रत सकिन्छ।

### ५.२.७ घण्टाकर्ण

श्रावण महिनाको कृष्ण पक्ष चतुदर्शीका दिन नेवारहरूले यो चाड मनाउँछन्। यसलाई नेवारी भाषामा “गठे मङ्गल” भनिन्छ। बूढापाकाको भनाइ अनुसार एउटा गाउँमा एउटा राक्षस आइ बालबच्चा खाने दुःख दिने गर्थ्यो र पछि त्यसले थाहा नपाउने गरी सुतेको बेलामा दुवै कानमा घण्ट झुण्ड्याइदिएछन्। त्यसपछि राक्षस आउँदा घण्ट बजेछ र

सबै बच्चाहरू भागेछन् । उक्त राक्षसलाई दलदलमा फसाएर मारेछन् र बाटोमा हिँड्नेसँग चन्दा उठाई दाहसंस्कार गरेछन् । त्यसैबेलादेखि यो पर्व मनाउन थालिएको हो रे । देउरालीका नेवारहरूले उन्यू भ्याङ्गटाहरूबाट भूत बनाएर हातखुट्टा बनाई साँझ परेपछि, गाउँबाट पर लगी कराउँदै जलाउँछन् र भूत भगाउँछन् । यसलाई "बूढी पोल्ने" भनिन्छ ।

### ५.२.८ नागपञ्चमी

श्रावण शुक्ल पञ्चमीका दिन घरको मूल ढोकामाथि नाग लेखेको वा नागको तस्वीर टाँसेर त्यसमा घरमूलीले पूजा गर्छन् । नागको तस्वीरमा गाईको गोबर, टाँसी त्यसमाथि दुवो, सिङ्गो सुपारी पैसा टाँसेर पूजा गर्छन् । गाईको दूध चढाउँछन् । नेवारहरू नागलाई भगवानको रूपमा पूजा गर्छन् । बारी वा घरको नजीकमा नागको स्थान छ भने त्यस दिनमा गाईको दूधको धार दिई पूजा गरिन्छ ।

### ५.२.९ जनै पूर्णिमा

श्रावण शुक्ल पूर्णिमालाई जनै पूर्णिमा भनिन्छ । यस दिनलाई ऋषितर्पणी पनि भनिन्छ । यस दिनमा देउरालीको नेवारहरू नुवाई धुवाई गरी सफा हुन्छन् । पर्वत ब्राम्हण आएर मन्त्रेको जनै हातमा वाधिदिई आशिर्वाद दिन्छन् । ब्राम्हणलाई टीका लगाई दक्षिणा र सिदा दिने चलन छ । त्यस दिनमा क्वाटी पकाई खाने चलन छ ।

### ५.२.१० गाईजात्रा

राजा प्रताप मल्लले आफ्नो छोराको मृत्युमा रानी भावविह्वल भएपछि रानीलाई फकाउन गाईजात्रा देखाउने चलन चलाएका हुन् । त्यस वर्षभित्र मरेका घरबाट गाई बनाई निकाल्ने चलन छ । एकवर्ष भरिमा जति मानिस मरेका छन् त्यति नै घरबाट गाई सिंगारेर निकालिन्छ । एउटा बाँसको डोकोमा भित्रबाट बासका कप्टेरा छिराएर हात बनाइन्छ । माथि

टुप्पोमा काठ राखिन्छ र त्यसमा विभिन्न कपडाले वेरिन्छ । माथि निकालिएको हातमा चौवन्दी चोली लगाइन्छ भने डोकोलाई सारी पछ्यौरी लगाई छोपिन्छ । बासको टुप्पोमा मकैका भूत्ला राखिन्छ । आजकाल अगाडिपट्टि मृतकको फोटो राख्ने चलन चलेको छ । डोकोमा भित्रबाट टाउको छिराई मानिसले बोकेर घर घरमा लगिन्छ । गाईको साथमा बहर बनाई बहर पनि हिँड्छन् । त्यस्तै मारूनी (केटा मान्छे केटीको भेष गरी नाँच्ने नाँच), टाकटुक खेल्ने (दुई जना केटाहरू दुईवटा लौरी लिई ठोकेर खेल्ने नाँच), सिँगारिएका केटाहरू पनि सँगसँगै हिड्छन् । सबै घरले गाईको पूजा गरी दक्षिणा प्रसाद दिन्छन् । उक्त जम्मा दक्षिणा कोषमा जम्मा गरिन्छ । बजार परिक्रमा गरी एकछिन मारूनी, मक्का (बाँदर) नाँच नाचेपछि नाँच फिर्ता निकालिएको घरमा पुऱ्याइ फेरि पूजा गरी भित्र्याइन्छ ।

### ५.२.११. कृष्ण जात्रा

भाद्र कृष्ण अष्टमीको रात भगवान श्रीकृष्णका जन्म भएको हो । कृष्ण जन्मने दिनमा महिलाहरू फलाहार गरी व्रत वस्छन् भने बेलुकी रातभर सबैजना जम्मा भएर जाग्राम बस्छन् । भोलिपल्ट विहान रथ सिंगारेर कृष्णको फोटो राखी पूजाआजा गरिन्छ । त्यस दिनको साँझमा रथलाई बोकेर प्रत्येकको घर घरमा लगी बजार परिक्रमा गरिन्छ । सबैले कृष्णको फोटोमा पूजा गरी दक्षिणा चढाउँछन् मारूनी र मक्का नाँच पनि नाँच्छन् । रथलाई बोकेर बजार परिक्रमा गरेपछि जात्रा सम्पन्न हुन्छ ।

### ५.२.१२ बाबुको मुख हेर्ने (पितृसम्मान दिवस)

भाद्र कृष्ण औंसीको दिनलाई वावुको मुख हेर्ने दिनका रूपमा मनाइन्छ । जन्म दिने बुवालाई खुशी पार्न विभिन्न उपहार, मीठा मीठा परिकारहरू, फलफूल, चढाएर बावुलाई सम्मान गरिन्छ । रक्सी, मासु, अण्डा, माछा आदि सगुन पनि दिने गर्दछन् । विवाह भैसकेका चेलीवेटीहरू यस्ता कोसेली सामान बोकेर माइत आउँछन् । वुवा नभएकाहरूले बुवालाई सम्झेर सिदा उठाई दान दिने गर्छन् । भगवान नारायणको घाँस अवतार कुश उखेल्न हुने

भएकाले यस दिनलाई कुशे औंशी पनि भनिन्छ । पण्डितहरूले वर्ष भरिका पूजाको लागि चाहिने कुश यसै दिनमा जम्मा गर्दछन् ।

## ५.२.१३ दशैं

नेपालीहरूको सबैभन्दा ठूलो राष्ट्रिय चाड दशैं हो । यो असोज शुक्ल प्रतिपदादेखि पूर्णिमासम्म मनाइन्छ । असत्यमाथि सत्यको विजय भएको दिन वा देवताहरूलाई दुःख दिने राक्षसलाइ देवी दुर्गाले वध-गरी विजय प्राप्त भएको दिनलाई विजयादशमीको रूपमा मनाइन्छ । दशैंमा घर पोतेर, रङ्गाएर सफा पार्छन् । गाउँ, टोल, बाटोघाटो पनि सफा गरिन्छ । घर परिवारलाई नयाँ कपडा किन्छन् । दशैंको पहिलो दिन घटस्थापनाको दिन विहानै अध्यारोमा नै चोखो ठाउँबाट माटो ल्याएरू टपरामा राखी अँध्यारोमा नै चोखो ठाउँमा माटो ल्याएर टपरामा राखी अँध्यारो कोठामा पूजा आजा गरी जौं तिल, मकै आदि छरेर जमरा राख्दछन् । जमरालाई नेवारीमा “नौलो स्वाङ्ग” भनिन्छ । जमरा मूल घरमा राखिन्छ । जमरालाई नुहाएर दिनदिनै चोखोपानी चढाइन्छ ।

### महाअष्टमी

आश्विन शुक्ल अष्टमी वा महाअष्टमी देखि दशैं मनाउन शुरू हुन्छ । यस दिन विहान नुहाएर चोखो भई भीमसेनको मन्दिरमा दुनाको जमरा, पूजा सामाग्री लगी सामुहिक पूजा गरिन्छ र यस पूजामा राँगाको वलि दिइन्छ । त्यसपछि सबैजना वसी मासु चिउरा, अचार, रक्सी आदि राखेर, भोज खाइन्छ । कतिपय घरमा सो दिनदेखि दशमीसम्म भात पकाउन हुँदैन भनी चिउरा र मासुका परिकारको भोज मात्र खाने चलन छ ।

**महानवमी**

आश्विन शुक्ल नवमीका दिनलाई महानवमी भनिन्छ । अष्टमी र नवमी वीचको रातलाई कालरात्री भन्दछन् । यसबेला भवानीको तीन रूप महालक्ष्मी, महासरस्वती र महाकालीको पूजा हुन्छ । मानिसलाई जीवनमा नभई नहुने तीन चीज अर्थ, ज्ञान र शक्ति सधैं स्थिर रहोस् भनेर भक्ति भावले पूजा गरिन्छ । यस दिनमा देउरालीका नेवारहरूले पूजापाठमा कुभिण्डो, अदुवाको वोट, उखुको बोट, भेट्नासहितका फलफूल आदि स्थापना गर्छन् । यस दिनमा पालामा बत्ती बालेर पालाले छोपेर कालो टीका थापिन्छ । जुन टीका दशैंको मुख्य टीकामा राखि लगाइन्छ । यस दिनमा यहाँ वा नेवारहरूले पूजापाठ बोका वा कुखुराको भाले बलि दिने चलन छ । आजभोलि यी नभएमा काँचो नरिवलको बलि दिने चलन बढेको छ ।

**महादशमी (विजयादशमी/टीका)**

आश्विन शुक्ल दशमीका दिन विहानै नुहाइधुवाई गरेर नित्य पूजा गरिराखेको र स्थापना गरेको सबै सामाग्रीहरूलाई पूजा गरेर निकालिन्छ । जमरा र टीका ठीक पारी टीकाको साइतअनुसार पहिले घरको जेष्ठ सदस्यबाट क्रमअनुसार ठूलोबाट सानोलाई टीका लगाउँदै आशिर्वाद दक्षिणा र जमरा दिइन्छ । टीका लगाउने क्रम सकिएपछि सगुन प्रसाद तथा सम्हे लिने काम हुन्छ । अनि विवाहित महिला आफ्नो माइतमा टीका थाप्न जाँदा कासेलीको रूपमा विभिन्न रोटीका परिकारहरू फलफूल, टीका जमरा साथै बोका वा कुखुराको सपेंटा समेत लाने गर्छन् । आजकाल विवाहको पहिलो दशैंमा मात्र मासु लाने त्यसपछि भने नलैजाने गर्न थालेका छन् । दशैंको टीकाको दिन टीका थाप्न जान नभ्याउनेले कोजाग्ग्रत पूर्णिमासम्म टीका लगाउन जाने गर्दछन् । कोजागत पूर्णिमाको दिन अन्तिम दिन मानी टीका र जमरा विसर्जन गर्दछन् ।

## ५.२.१४ तिहार

तिहार दशैंपछिको ठूलो चाड हो । नेवारहरूको तिहार विशेष किसिमले मनाउँछन् म्ह पूजाका लागि ६ सरो काँचो धागोमा ६ वटा सग्लो चामलको अक्षता नयाँ कपडाको टुक्रामा बाँधी सयपत्रि फूलको टुक्रा पनि धागोमा बाँधी जजंगा बनाइन्छ । भाइटीकाको लागि १२ सरो धागोमा १२ वटा अक्षता राखेर पोकोपारी जजंगा बनाइन्छ । तिहारको लागि रोटीका परिकार, चिउरा, विमिरा, धान भुटेर लाभा, चामलको पीठो तयार पारिन्छ ।

यमपञ्चकको पहिलो दिन कागपूजा हुन्छ कागलाई दाल भात तरकारी पकाएर खान दिइन्छ । दोस्रो दिन कुकुर पूजा गरिन्छ । कुकुरलाई टीका माला लगाई मासुभात खान दिइन्छ । तेस्रो दिन लक्ष्मीपूजा हुन्छ । यस दिनमा गाईलाई पीठो दाना खुवाई पूजा गरिन्छ । गोठमा पूजा गरिन्छ । तोरण (बावियोको डोरीमा फूलपाती उनेर तयार पारिएको माला) तयार पारिन्छ र गाई भैंसी बाच्छा बाच्छीलाई माला बनाई लगाइदिन्छन् । गोठको तगारो कट्ने गरी तोरण टांगिन्छ । गाईलाई चामलको पिठो घोलेर ठेकीको विर्कोबाट छाप लगाई सिगार्दिन्छन् गाईको पूच्छरमा जनै पूर्णिमामा लगाएको डोरी बाधिन्छ ।

साँझमा लक्ष्मीपूजा गरिन्छ लक्ष्मी पूजा गर्नु अगाडि पूजाकोठा लिपपोत गरिन्छ । आँगनमा पोतेर लक्ष्मी पूजाकोठासम्म लक्ष्मीको पाइला बनाउँदै लगिन्छ र पूजा गरिन्छ । घरका तामाको भाँडा गाग्री आदिमा जजंगा (काँचो धागोमा फूल र चामल राखी तयार पारिएको माला) बनाई लगाइदिन्छन् र पालामा बत्ती वालिन्छ र घरको चारैतिर बत्ती वालेर झिलीमिली पारिन्छ ।

### म्हपूजा

लक्ष्मीपूजाको भोलिपल्ट नेवारहरूले आफूले आफ्नो शरीरलाई पूजा गर्ने चलन छ । आफू भए यो जगत् छ नभए छैन, त्यसैले आफू सबैभन्दा अत्यावश्यक भएकाले आफूलाई पूजा गर्ने चलन छ । यो भौतिक शरीर र यसमा विराजमान आफूलाई शुभ होस् भनी पूजा गर्ने हो । वर्षेभरि राम्रो होस, स्वास्थ्य होस्, सुविचार रहोस्, राम्रो हेर्न पाऊँ, बोली उचित

होस्, राम्रो सुन्न पाउँ भनेर गर्ने शुभ कार्यक्रम हो । यसको लागि पूजा गर्ने ठाउँमा पोतेर चोखो सुकुल गलैचा ओछ्याइन्छ त्यसको अगाडि चामलको पीठोले मण्डल बनाइन्छ । मण्डल बनाउँदा षटकोणको आकारमा बनाइन्छ जसको अर्थ हाम्रो शरीरका विभिन्न अङ्गहरु हुन् ती सबैको रक्षाको लागि यस्तो मण्डलको स्थापना गरिएको हो । त्यस्तै प्रकृति र मातृत्वको प्रतीक स्वरूप मण्डल बनाई पूजा गरिएको हो । सबैभन्दा माथि देवताको मण्डल हुन्छ त्यसपछि क्रमशः ठूलोबाट सानोको नाममा मण्डल बनाइन्छ । त्यस मण्डलमा सयपत्रिको फूल च्यातेको फूल चढाएर बत्ति बालिन्छ । सयपत्रिको फूल च्यातेर कुचीकुची पारेको फूल र लाभा (धानलाई भुटेको) ले घरको मुख्य महिलाले पहिला भगवानलाई विमिरा राखेर घ्वाल्ल (मसिनो बनाएको फूल र लाभा टाउको माथिबाट खनाउने) गरिन्छ त्यसपछि क्रमशः ठूलोदेखि सानोलाई कम्मर घुँडामा छुवाएर कचौराले टाउकोबाट फूल खनाइन्छ । क्रमशः सबैलाई फूलले पूजा गरिसकेपछि मूलीले आफूलाई £वाल्ल गर्छन् । जजंगा दिइन्छ त्यसपछि विमिरा लडाएर बत्ती निभाइन्छ र कुचोले सोरेर एक साइडमा थुपारिन्छ । अनि सगुन र भोज खाइन्छ ।

**भाइटीका**

यमपञ्चकको अन्तिम दिन भाइटीका लगाइन्छ । यमुनाले भाई यमराजलाई पाँचदिन पालेर पूजा गरी धेरै खुशी भएर, "तेलको चिन्ह नसुकेसम्म, ओखर नभिजेसम्म मखमली फूल नओइलाएसम्म लग्दैनौ" भन्ने वरदान दिइराखेकोले सबै दिदीबहिनीले यमराज लिन नआओस भनी भाइटीका गर्ने गरेको हो ।

भाइटीकाको दिन दिदीबहिनीले नुहाएर शुभ मुर्हुतमा म्हपूजाको दिन जस्तै चामलको पीठोले रेखी हालिन्छ । बत्ति बालिन्छ । दाजुभाइलाई राखेर तेल र पानीले घेरिन्छ मखमली र सयपत्रि फूल च्यातेर £वाल्ल गर्ने (पूजा) गरिन्छ । ढोकामा दाजुभाइको शत्रु नाश होस् भनी ओखर फोडिन्छ । त्यसपछि दाजुभाइलाई टीकामाला र जजंगा लगाइदिन्छन् । सगुन र मीठा मीठा खानेकुरा दिन्छन् । दाजुभाइले पनि दिदिबहिनीलाई उपहार दिन्छन् र भाइटीका समाप्त हुन्छ ।

### ५.२.१५ माघे सक्रान्ति

माघे सङ्क्रान्तिलाई मकर संक्रान्ति पनि भनिन्छ किनभने सूर्य दक्षिणबाट उत्तर सर्ने र मकर राशिमा प्रवेश गर्ने भएकाले यसलाई मकर संक्रान्ति पनि भनिएको हो । यस दिनदेखि रात छोटो र दिन लामो हुँदै जान्छ । नदीका दोभानमा मेला लाग्छ । मासको फुरौला, रोटी पकाई, तरूल, £यू, …अदुवा फलफूलका साथमा पूजा गरिन्छ र खिचडी मासु अचार पकाई छोरीबेटी आफन्तलाई बोलाई टीका प्रसाद दक्षिणा दिई रमाइलोसँग मनाइन्छ ।

# परिच्छेद : ६

# देउरालीमा नेवारहरूमा आएको सामाजिक सांस्कृतिक परिवर्तनहरू

## ६.१ बच्चा जन्मनुअघि गर्नुपर्ने विधिमा परिवर्तन

### क. पुसंवर संस्कार

गर्भ रहेको तीन महिना भयो भनेर घरमा सबै परिवारलाई थाहा दिने संस्कारलाई पुसंवर संस्कार भनिन्छ । खास गरि बच्चा पेटमा रहेदेखि जन्मेर सुत्केरी स्याहार्न नपुगेसम्म सुसार गर्ने व्यक्तिलाई 'अजी' भनिन्छ । अजीले गर्भ रहँदा के गर्नुपर्छ, के गर्न हुँदैन र खानपानको बारेमा सिकाइदिने गर्छ । तर देउरालीका नेवारहरूमा यस्तो अजी राख्ने चलन छैन । यस्तो कार्य ग्रामीण स्वास्थ्य कार्यकर्ता वा सिष्टर गर्दछन् । एक उत्तरदाताका अनुसार समयको परिवर्तन सँगै यस्ता संस्कारमा परिवर्तन आएको मानिन्छ ।

### ख. सीमान्तोन्नयन संस्कार

अजीले बच्चा नजन्मेसम्म गर्नुपर्ने सल्लाह र बच्चा जन्मदा के गर्ने भन्ने कुरा सिकाइने संस्कारलाई सीमान्तोन्नयन संस्कार भनिन्छ । अजीलाई गर्भ देखाएर हारती अजिमाको नाममा बत्ती चढाएर राम्रा मनसायले यो संस्कार गरेको रहेछ । सहभागी उत्तरदाताका अनुसार आजकाल अजी उपलब्ध नहुने र नयाँ उपचार विधि अपनाउने भएकाले पनि यी संस्कार हराएर गइसकेको छ । यो कार्य गाइनोक्लोजिस्ट डाक्टरले गर्छ ।

### ग. दहीचिउरा खुवाउने संस्कार

गर्भ रहेको आठ महिना नाघी नौ महिना लाग्दा बच्चा जन्मनु अघि माइतीपट्टिका छोरीको घरमा गएर विभिन्न परिकारहरू खुवाउँछन् । फूल बारा, मासुको परिकार, तरकारी,

अचार, रोटी, फलफूल, दही र चिउरा राखी हारती अजिमालाई भाग पन्छाएर बाबुआमा बन्ने जोडीसँगै बसाएर सजिलैसँग बच्चाको जन्म होस् भनेर बधाइ दिदै सगुन दिएर लगेका खानेकुरा राखेर खुवाउने चलन छ । देउरालीका नेवारहरूमा यस्तो दही चिउरा खुवाउने चलन हराइसकेको छ । मुख्य सूचनादाता अनुसार दहि चिउरा खुवाउने नेवारहरुले यसलाई महŒव नदिएका कारण हराइसकेको पाइन्छ ।

## घ. जन्म संस्कार

नेवारी समाज धार्मिक विधि विधानले सम्पन्न छ । काठमाण्डौं उपत्यकाका नेवारहरूमा कुनै महिला गर्भवती भइसकेपछि वच्चा नजन्मिउन्जेलसम्म विभिन्न विधानहरू गर्ने गरेको देखिएको छ र यस अवस्थामा उक्त महिलाले गर्नुपर्ने र गर्न नहुने काम समाजले निर्दिष्ट गरेको पाउँछौं । गर्भवती महिलाले भैरव र नरसिङ्गका डरलाग्दा तस्वीरहरू नहेर्ने, ग्रहण लाग्दा पेटमा नछुने, वज्रलाई नछुने जस्ता काम गर्नुपर्छ । कम्मरमा पटुका बाँध्ने पौष्टिक आहार खाने गर्नुपर्छ ।

गर्भाधानको केही समयसपछि माइती घरबाट “धौबजी” (दहि चिउरा) खुवाउने “अजी” (बच्चा जन्माउन सहयोग गर्ने धाई) राखिन्छ । बच्चा जन्मनासाथ पहिलो समाचार उक्त महिलाको मामाकहाँ पठाइन्छ र मामाघरबाट माइतीमा उक्त खबर गर्न खास व्यवस्था गरिएको हुन्छ । छोरो जन्मे सिङ्गो सुपारी, नून, अदुवा र इमु (ज्वानो) मामा कहाँ पठाइन्छ भने छोरी जन्मे आधा सुपारी र अन्य सामाग्री पठाइन्छ । बच्चा जन्मेको घरमा सबै चीज वारिएको हुन्छ । उनीहरूले चारदिनपछि शुद्धिकरण कार्य गर्दछन् । शुद्धिकरणका लागि नाउनीले हात खुट्टाका नङ काटी रातो रङ लगाइदिन्छ । बच्चा जन्मेको २ वटा ३ दिनपछि माइती पट्टिका महिलाहरू उक्त सुत्केरी महिलालाई भेट्न आउँछन् । जसलाई नेवारीमा “मचा बु गु कु वनेगे” भनिन्छ । बच्चा जन्मेपछि छोरा भए ६ दिन र छोरी भए चार दिनमा बच्चाको शुद्धिकरण गरिन्छ जसलाई “मचा बु ब्रेन्गेग” भनिन्छ । यस संस्कारलाई आवश्यक पर्ने सामाग्रीहरू बच्चा र बच्चाको आमालाई दैनिक आवश्यक पर्ने चीजहरू बच्चाको मामाघरबाट दिइन्छ । यस संस्कारमा “निसी या गु” “लुसी ठी गु” (नङ काट्नु) “अल

तयगु" (खुट्टाका औंलाहरूमा रङ लगाउनु) जस्ता विधानहरू रहेको देखिन्छ । बच्चा जन्मेको २१ औं दिनपछि बच्चालाई र आमालाई माइतीघरबाट लिन पठाइन्छ ।

बच्चा छोरा भए ६ महिना र छोरी भए ५ महिनामा भात खुवाई (पास्नी) गरिन्छ । भात खुवाइको शुरूवात मामाबाट गरिन्छ । भात खुवाइको लागि विविध व्यञ्जन तयार गरी देवी देवता गणेश, भैरव, कुमारी, बज्रयोगिनी वा कालीपूजा गरी गुरू मण्डल स्थापना गरी सम्पन्न गरिन्छ । यी जन्म संस्कारका केही भाग देउरालीका नेवारहरूले पनि अंगिकार गरेको छन् भने केही भाग स्थानीय रितिरिवाज अनुसार गरेको अवलोकनबाट देख्न सकिन्छ ।

## ६.२. बच्चा जन्मेपछि गर्नुपर्ने विधिमा परिवर्तनहरू

### क. जन्मेको सूचना पठाउने

बच्चा जन्मेपछि सुत्केरीको माइत सुपारी, चाकु, ज्वानु, अदुवा, नून, जाइफल, सिम्रिक, काँसको थालमा राखेर पठाइन्छ । यस्तो सत्कारलाई "सिसापालु कंके छ्वयेगु" भनिन्छ । यही सिसापालुको अवस्था र आकार हेरेर छोरा वा छोरी के जन्मेको हो थाहा हुन्छ देउरालीका नेवारहरूमा यस्तो चलन हराइसकेको छ । आजकाल फोन वा मोबाइल मार्फत खबर दिइन्छ । एक उत्तरदाताका अनुसार समय र आधुनिकताका कारण सञ्चारका विकासका कारण यस्ता चलनमा परिवर्तन आएको हो ।

### ख. नाभि काट्ने

बच्चा जन्मेपछि अजीले नाभि काटी साल र नाभि खिर्रो वा दूध आउने रूखको फेदमा लगेर गाड्ने गर्दछन् तर आजकाल अस्पतालमा बच्चा जन्माउने भएकाले यस्तो चलन हटिसकेको छ ।

## ग. बच्चाको नामाकरण (न्वारन)

बच्चा जन्मेको बाह्रौ दिनमा बच्चालाई सूर्य दर्शन गराई नाम प्रदान गरिन्छ । नाम राख्दा बच्चाको चिनो र बच्चालाई विधिपूर्वक पूजा गरि नाम राखिन्छ । तर देउरालीका नेवारहरूमा भने ११ औं दिनको दिन बिहान गाईको गहुँत ल्याएर चारैतिर छरि चोख्याइन्छ । आँगनमा पोतेर ईटा राखी पूजा गरिन्छ । १२ जोर बत्ती, फुरौला (मासको पीठोबाट बनेको), पुवा (चामलको पिठोलाई घिउमा भुटेको), भिलिङ्गा (खिउनी), चिउरा राखेर बनाई सूर्य भगवानको पूजा गरिन्छ । १२ जना कन्यालाई टीका लगाइ दक्षिणा र बो (प्रसाद) दिइन्छ । बेलुकी १ माना चामल, दक्षिणा पोको बनाएर घरको मूल महिलाले बच्चालाई पिठ्यूमा बोकेर लौरो टेकी काशी लैजाने भन्दै बाहिर लाने चलन छ । अरू घरका सदस्यले फर्क भनी बोलाएपछि फर्कन्छ । त्यसपछि झोलुङ्गो बनाई बच्चालाई हल्लाउँछन् । बच्चाको नाम काशी लैजाने मूल व्यक्तिले राख्दछ । यसरी बच्चाको नामकरण गर्ने काम देउरालीका केही नेवारहरूले यही तरिकाबाट गर्ने गर्छन् भने केहीले ब्राम्हण पण्डितलाई बोलाई ब्राम्हण विधिद्वारा पूजा लगाइ नामाकरण गरिन्छ ।

## घ. व्रतबन्ध

केटालाई समाजमा समाहित गर्न यो व्रतबन्ध संस्कार गरिन्छ । काठमाण्डौंका नेवारहरूमा मामाले एकदिन वेलुका आएर केटाको टुपी सुनको औंठी बाँधी चिन्ह लगाउँछन् । भोलिपल्ट विहान सबैले नुहाएर चोखो पारी घरमा सफासुग्घर गरी नजिकैको नाताकुटुम्बलाई डाकेर बयर श्राद्ध (व्रतबन्ध गर्ने तरिका) गर्छन् । मामाले केटाको टाउकोमा मनतातो पानीले कपाल भिजाई सुनको र चाँदीको खौरने प्रतिमाले खौरेको जस्तो गरी खौरने ज्यावल पूजा गरी नाइलाई थम्याइ दिन्छ । मृगको छाला, चिउरा भएको पोका, चामल भएको पोको लिएर वन पठाउने र पछि बोलाई भिक्षा लिन लगाउँछन् । तर देउरालीका नेवारहरूमा बयर श्राद्ध गर्दैनन् भिक्षा माग्न पनि लगाइँदैन नयाँ कपडा लगाई

दिएपछि मन्दिरमा देवताको दर्शन गर्न लान्छन् र फर्केपछि निम्तालु सबैलाई केटा र केटाको बाबुआमालाई सगुन दिइ कपडा दिने गर्छन् ।

## ङ. विवाह संस्कार

विवाह एक सामाजिक संस्कार हो । यो समाज चल्नुको लागि विवाहको आवश्यकता पर्दछ । विवाहमा विवाह गर्ने तरिकाका आधारमा विभिन्न प्रकारहरू हाल प्रचलित रहेका छन् । ती हुन् : १ मागी विवाह २. प्रेम विवाह र ३. अदालती विवाह । देउरालीमा नेवारहरूमा मागी विवाह गर्दा पहिले पहिले केटाकेटी नहेरीकन लमीले विवाहको कुरा राखिदिन्थ्यो अनि कुरा मिलेमा विवाहको दिन तोकिन्थ्यो, जनैसुपारी समाइन्थ्यो । विवाहको दिन बाजागाजासहित दुलाहा पक्षहरू दुलही लिन दुलाहा नलिइ जान्थे । त्यसपछि केटीको घरमा जन्तीहरूमा गई भोज भतेर खाई दुलही लिएर आउँथे । दुलहीका बाबुआमा आफन्तहरूले छोरीको खुट्टा धोएर पानी खाइ सक्दो दाइजो दिएर दुलही अन्माएर पठाउँथे । उचित दिन पारेर दुलहीका माइतीहरू दुलहीको मुख हेर्न दुलाहाको घरमा जान्थे अर्को भोज चल्थ्यो । तर आजकाल यो चलनमा परिवर्तन आएको छ । आजभोलि मागि विवाहमा पहिले केटा र केटी हेरेर कुरा गरेपछि दुवैलाई चित्त बुझेपछि विवाहका लागि मञ्जुरी दिन्छन् । विवाह गर्ने दिन तोक्न जनैसुपारी गर्ने गरिन्छ । त्यस दिनमा विवाह कहिले गर्ने भन्ने निश्चित गरिन्छ । उक्त दिन दुलाहाले दुलहीलाई र दुलहीले दुलाहालाई टीका र माला लगाइदिन्छन् । दुलाहाले दुलहीले गच्छे हेरेर सिक्री, चुरा आदि लगाइदिन्छ भने । त्यसपछि विवाहको दिनमा दुलाहाको घरबाट दुलाहासहित जन्ती दुलहीको घरमा जान्छ । जन्तीमा कन्या केटी भए कन्याहरू मात्र नभए अन्य विवाहिता महिलाहरू समेत साइपाटीका रूपमा वैना सगुन लिएर जान्छन् । साइपाटामा कन्या केटीहरू विवाह गर्ने उमेरकालाई देखाउने एउटा प्रक्रिया हो । तर आजकाल रूपवती गहना गुरिया देखाउने जस्तो विवाहित पनि जाने चलन छ । बैना सगुनमा माछा, उखु, दही, केरा, रोटी, फलफूल, लाखामारी, झिलिङ्गा, नरिवल, केक, मिठाई, सुकुण्डामा बत्ती बालेर लाइनमा बसी दुलाहाका घरमा जान्छन् । साइपाटा वा वैना सगुन लैजानेलाई दुलहीको घरमा सिन्दुर राख्दै भित्र लगिन्छ र सम्मानपूर्वक राखिन्छ । टीका लगाएर दक्षिणा दिइन्छ र सगुन खान दिइन्छ । दुलहीको दिदी

वा बहिनीले दुलहीलाई लगेका कपडा गहना आफ्नै हातले लगाइदिन्छन् । त्यसपछि साइपाटाको काम सकिन्छ र जन्ती पर्सने काम हुन्छ जन्तीलाई भोजमा लगिन्छ । दुलाहालाई स्वयंम्बर गरेपछि दुलहीसँगै राखेर टीका लगाई दक्षिणा र दाइजो दिन्छ । दुलहीको हातबाट आफन्तले सुपारी लिन्छन् । आजकाल दुलहीको बहिनीहरूले दुलाहाको जुत्ता लुकाउने गर्छन. । भनेजति रकम नदिएसम्म फिर्ता दिदैनन् । दुलाहाले सालीले माग गरेअनुसार रकम दिएपछि जुत्ता ल्याएर दिन्छन् । पहिले यहाँका छोरीको बिहे गर्दा जिन्सी सामान दाइजोको रूपमा दिइन्थ्यो । तामाका गाग्री, ताउलो, थाल, दराज, सोफा आदि सामान दिइन्थ्यो तर आजभोलि भने यो चलनमा परिवर्तन आएको छ । आजकाल छोरीको विवाहमा नगद नै दाइजो र उपहारको रूपमा दिइन्छ । यसरी छोरीलाई दिएको उपहार छोरी कै नाममा राखिदिने गर्छन् । जन्ती अन्माएर पठाएपछि दुलाहाको घरमा जब जन्ती पुग्छ त्यहाँ रत्यौली नाँच घन्किरहेको हुन्छ । दुलहीलाई सासुले टीका लगाइ पानीले घुमेपछि भित्र लगिन्छ । ढोकामा नन्द अमाजुले बाटो छेक्छन् । दुलहीले केही रकम दिएपछि छाडिदिन्छन् । दाजुभाइले दुलहीको हातबाट सुपारी लिन्छन् । भोलिपल्ट मन्दिरमा लगी पूजा गरिन्छ जसलाई चतुर्थी पूजा भनिन्छ । र दुलहीलाई सिन्दूर पनि राखिन्छ । पर्सीपल्ट दुरन फर्किएपछि मात्र विवाह समाप्त हुन्छ ।

## च. मृत्यु संस्कार

जन्मेपछि मृत्यु अनिवार्य छ । मानिसको मृत्यु हुँदाको समयमा गरिने सम्पूर्ण कार्य मृत्यु संस्कार हुन् । नेवार जातिमा मानिस मरेपछि बाँसको घारो तयार गरि लासलाई बाँधिन्छ र गुठीयारहरू मिली घाटमा लैजाने गरिन्छ । यहाँका नेवार वस्तीहरू देउराली बजार, स्यामलथर, हटिया, वेत्यानी र फेदीका लासहरू देउरालीबाट पश्चिम दिशामा पर्ने ३ घण्टा हिँडेर जानुपर्ने गगनगौंडाको पारी सेती नदीको किनारमा जलाएर दाहसंस्कार गरिन्छ भने देउराली पौवा र डाँडाथरमा बस्ने नेवारहरू वा गुठीयारहरूको लास देउरालीबाट पूर्व ३ घण्टा हिँडेर जानुपर्ने सिसाघाट नजीकै मादी नदीको किनारमा जलाएर दाहसंस्कार गरिन्छ । पहिले पहिले लास लैजादा काँधमा बोकेर लानुपर्दथ्यो तर आजकाल टाढा भएकोले बोकेर पुऱ्याउन गाह्रो हुने हुँदा गाडीमा राखेर लगिन्छ । आर्थिक अवस्था मजबुत हुनेछ भने छोराले

नै सबै खर्च व्यहोर्छ भने आर्थिक अवस्था कमजोर भएकाको लागि गुठीयार सबै मिली चन्दा उठाएर गाडी भाडा तिरिदिन्छन् । मलामी जाँदा पहिले पहिले चप्पल लगाउन नहुने, छाता ओड्न नहुने चलन थियो तर आजकाल चप्पल सबैले लगाउँछन्, घामपानीमा छाता पनि ओढ्छन् । छोराले लास जलाएपछि कपाल खौरेर क्रिया बस्दछ । यदि श्रीमान मरेको हो भने श्रीमती पनि क्रिया बस्छ भने तर श्रीमती मरेको हो भने श्रीमान क्रिया बस्दैन । छोरीहरू ५ दिनसम्म क्रिया बस्छन् । कपाल कोर्दैनन् नुहाउँछन् । कपडा पनि नसिलाएको एक सरो बेर्छन् । छोराले १३ दिन क्रिया बस्छन् तर आजकाल भने १२ दिनमा पनि उम्काउने चलन छ । ५ दिनसम्म १ छाक खाएर बेलुकी केरा, तिल पकाएर खाइ बस्छन् । छोराले थलामा गई विहान नुहाएर आफै पकाएर घ्यू भात केराको पातमा खान्छन् । आजकाल मूला, अदुवा, कागती आदी पनि खान्छन् तर पहिले खाँदैनथे । बाहुन मानिस मरेको दिनदेखि सधैं आउँछ र पूजा गर्न लगाउँछ । छोरा पर्धैंरामा गएको बेला बुहारीले घरमा खाइसक्नुपर्छ । आएपछि खान हुँदैन । ७ दिनको दिन १ माना चामल भिन्न पकाउने ७ वटा अण्डा पकाउने ६ माना चामल भिन्ने छोरीले पकाउने । १ माना पालीमा झुण्ड्याएर राख्ने । अरू भात गाईलाई खुवाउने वा पधैंरामा लगी सेलाउने गर्छन् । पालीमा राखेको १ माना चामलको भात दाजुभाइले रातभरी कुर्छन् कसैलाई छुन दिदैनन् । त्यो १ माना चामलको भात भोलिपल्ट पधैंरामा लगि सेलाउँछन् । ११ दिनमा ३६५ वटा, पाखुरीको पातको खोची, ३६५ वटा दत्तिवन बनाएर बाहुनले अह्राए अनुसार दत्तिवन टाउकोमा राखेर भाँच्नुपर्छ । अनि पानीमा बगाइदिनुपर्छ । पाखुरीको पात चोखो र हिउँद वर्खा सँधै पाइने हुनाले यस पातको प्रयोग गरिएको हो । १२ दिनमा बाहुन आएर श्रद्धा गर्छ छोराले क्रिया बस्दा लगाएको सेतो कपडा फालेर अर्को कपडा लगाउँछ । तेह्र दिनमा बाहुन आउँछ होम हाल्छ पूजा गर्छ । उम्किएपछि छोरीबेटीले टिका लगाएर टोपी लगाइदिन्छ । छोरीबेटीलाई टीका लगाएर पैसा कपडा वा भाँडा दिने गर्छन् । १३ दिनमा गहुँत खाने र मलामीले हात सेक्ने गर्छन् ।

पहिले पहिले १३ दिनमा उम्कदा राँगो काटेर भोज खुवाउने चलन थियो तर आजकाल भने रोटी, तरकारी, हलुवा, फलफूल खुवाउने चलन छ । मासुभात खुवाइँदैन ।

## ६.३. विभिन्न चाड पर्वहरूमा आएको परिवर्तन

### क. आमाको मुख हेर्ने औंसी (मातातीर्थ औंसी)

केही समय अगाडिसम्म मातातीर्थ औंसी नेवार समुदायद्वारा त्यति महत्व दिइदैनथ्यो तर आजकल भने मातातीर्थ औंसी खुबै प्रचलनमा आएको छ । विशेष गरी विवाह भैसकेको छोरीवेटी उक्त दिन माइतमा आउँछन् । आमालाई मीठा मीठा परिकार बनाई सारी चोलो आदि कपडाका साथमा खानेकुरा दिन्छन् । आमाले टीका लगाई दक्षिणा दिनुहुन्छ । आमाका साथमा बुबालाई सानीआमा र ठूलीआमालाई समेत खानेकुरा खुवाउने गर्दछन् ।

### ख. चण्डिपूर्णिमा (बुद्धजयन्ती)

वैशाख शुक्ल पूर्णिमाको दिनमा विभिन्न मन्दिरहरूमा पूजा गरि परेवा कुखुरा आदिको वलि दिइ यो चाड मनाइन्थ्यो तर आजकल पूजा गरेपनि बलि दिने प्रचलन कम हुँदै गएको छ । परेवा कुखुरा हाँसको सट्टामा नरिवल लगि चढाउने चलन बढ्दै गएको पाइन्छ । भगवान् गौतम बुद्ध हिंसाका विरोधी थिए भन्ने कुरा बुझ्दै आएकाले वलि दिने प्रचलनमा परिवर्तन भएको हो ।

### ग. हरिशयनी एकादशी र हरिवोधनी एकादशी

ठूलो एकादशी वा हरिशयनी एकादशीका दिन तुलसी रोपी व्रत वस्छन् र विष्णु भगवानको पूजा गर्छन् । हरिवोधनी एकादशीका दिन व्रत बसी फूल, अक्षता, प्रसाद, बत्ती टपरीमा राखेर नदीमा लगि बगाउँछन् । तिहारमा म्ह पूजा र भाइटीकाको दिन दिएको जग्गा पनि त्यही टपरीमा राखि बगाउँछन् । हरिवोधनी एकादशीको पछि आउने पूर्णिमामा व्रत बसी एकादशी व्रतको सांगे गर्दछन् । त्यस दिनमा पूर्णिमाको व्रत बसी तुलसीको मठ सिँगारिन्छ । बाँसको लिङ्गोमा फूल माला झुण्डाई तुलसीको मठसँग गाडिन्छ । आकाशे दीप वालिन्छ । सूर्य र चन्द्रमाको पूजा गरिन्छ । मकै, भटमास, गहत, मास आदि १२ थरी

गेडागुडी भुटेर चन्द्रमाको उज्यालोमा सुकाइन्छ । पहिले पहिले मान्द्रोमा धेरै मकै भटमास भुटेर सुकाइन्थ्यो जसमा मान्छेका आकृति बनाइन्थ्यो तर आजकल भने केही मात्रै गेडा गुडी भुटेर नाङ्लो वा वाटामा राखी सुकाइन्छ र छिमेकीलाई वाँडिन्छ ।

## घ. जनैपूर्णिमा

देउरालीमा जनैपूर्णिमाको दिन पर्वते ब्राम्हणहरू नेवारहरूका घर घरमा आउँछन् र जनै हातमा बाँधिदिन्छन् र नेवारहरूले ब्राम्हणलाई टीका लगाइ दक्षिणा र सिदा दिन्छन् । क्वाटी खान्छन् । आजकल जनैपूर्णिमाको दिन दिदी बहिनीले दाजुभाइलाई राखी पनि बाँधिदिने चलन सुरू भएको छ ।

## ङ. गाईजात्रा

एकवर्षभित्र कुनै घरमा मृत्यु भएको छ भने त्यस्ता घरबाट गाई बनाई निकाल्ने चलन छ । बाँसको डोकोलाई सारी फरिया लगाई सिँगारेर मृतकको फोटो अगाडि टाँसेर गाईजात्राको दिन बजार परिक्रमा गराइन्छ । गाईको साथमा बहर बनाई हिडाइन्छ । त्यस्तै मारूनी, टाकटुक नाँच पनि देखाइन्छ ।

## च. कृष्णजात्रा

कृष्णअष्टमीको दिनमा रातभर जाग्राम बसी भोलिपल्ट कृष्णको मन्दिर घर घरमा लगि पूजा गरिन्छ । पहिले पहिले सानो बालकलाई सिँगारेर राखी कृष्ण मानी पूजा गरिन्थ्यो र रातमा कृष्ण, कंश, बनी कृष्णले कंशको बध गरेको नाटकद्वारा देखाइन्थ्यो तर आजकल भने समयको अभाव, कलाकारको अभाव र नेवार समुदाय र गुरूङ्ग समुदायका केटाहरूबीच हुने झगडाले गर्दा नाटक देखाउन, धेरैवेरसम्म वा रातमा नाँचगान देखाउन छाडिएको छ ।

## छ. बाबुको मुख हेर्ने दिन

यस दिन पिताको सम्मान गर्ने चलन छ । आमाऔंसीमा जस्तै बाबुऔंसीमा पनि विहानै आफ्नो बाबुलाई मनपर्ने परिकार, फूलफूल, मिठाइ कपडा आदि बुवालाई दिएर यो चाड मनाइन्छ । त्यस दिनमा बुवाले छोराछोरीलाई टीका लगाई आशिर्वाद दिने गर्दछन् । पहिले पहिले नेवारहरूले यो औंसीलाई खासै महत्व दिएको देखिन्न तर आजकाल भने सबैले मनाउन थालेका छन् ।

## ज. दशैं

हिन्दू नेपालीहरूको सबैभन्दा ठूलो चाडको रूपमा दशैंलाई मनाउँछन् । घटस्थापनादेखि दशैं सुरू हुन्छ । घटस्थापनाको दिनमा बिहानै टपरीमा चोखो माटो ल्याइन्छ र जौ तिल वा मकै छरेर जमरा राखिन्छ र दिनदिनै चोखो पानी चढाइन्छ । अष्टमीको दिनमा भिमसेनको मन्दिरमा घरघरबाट पूजा सामाग्री लगि पूजा गरिन्छ र राँगोको बलि दिइन्छ । सबैजना बसी मासु चिउरा भोज खान्छन् र बाँकी मासु घर घरमा लैजान्छन् । नवमीको दिनमा कुभिण्डो अदुवाको वोट, उखुको वोट, भेटनासहितको फलफूल भएको सिरानको कोठामा जहाँ पूजा गरिन्छ त्यहाँ राखिन्छ र घरको भिमसेनको स्थानमा कुखुराको भाले वलि दिइन्छ । भाले नभएमा अण्डा दिइन्छ वा काँचो नरिवल पनि आजकाल चढाइन्छ । दशमीको दिन विहानै घर सफा पारी नुहाइधुवाइ सकेर भगवानको पूजा गरिन्छ । टीकाको साइत हेरी साइतमा टीका र जमरा घरको मूल व्यक्तिले ठूलोदेखि सानो क्रममा मिलाएर लगाइदिन्छन् र आशिर्वाद दिन्छन् । टीका थाप्न कोजाग्रत पूर्णिमा सम्म आफन्तकहाँ पुग्छन् । कोजाग्रत पूर्णिमाको दिन टीका र जमरा विर्सजन गर्छन् । पहिले पहिले नेवारहरू नौ दुर्गा लागेपछि घरमा भात पकाउन हुन्न भन्थे र चिउरा रक्सी र मासु मात्र खान्थे तर आजकल भने आफूलाई जे मन लाग्छ त्यही खान्छन् । चिउरा र मासु बढी मात्रा खाएपनि कर हुँदैन । पहिले पहिले रक्सी नखाने त नेवार हुँदैन भन्ने भनाइ भएपनि आजकाल भने युवा पिढीले कमै खान्छन् । महिलाहरू पनि पहिलेका महिलाले खाएपनि आजकालका महिलाले भने खासै खाँदैनन् ।

## झ. तिहार

नेवारहरूले तिहार पनि विशेष किसिमले मनाउँछन् । कुकुर तिहारमा कुकुरको, काग तिहारमा कागको र लक्ष्मीपूजामा गाई र लक्ष्मीको पूजा गर्छन् । म्हपूजा नेवारहरूले मात्रै विशेष भिन्न किसिमले मनाउँछन् । लक्ष्मीपूजाको भोलिपल्ट नेवारहरूले आफ्नो शरीरको पूजा गर्छन् । सयपत्री फूललाई च्यातेर कुचीकुची पार्छन् । ६ सरो धागोको जजंगा बनाइन्छ र बेलुकी आँगनमा पोतेर पीठाको मण्डल बनाइन्छ र बत्ती बालिन्छ । उक्त बालेको बत्ति ननिभ्दै घरको मूल व्यक्तिले विमिरा र घरका सम्पूर्ण सदस्यलाई सयपत्रिको च्यातेको फूलले पूजा गरिदिन्छन् । ६ पटक फूलले पूजा गरेपछि जजंगा खसी अण्डा र अदुवाको टुक्रा दिएर सगुन खाइन्छ त्यसपछि भोज मासु, चिउरा खाइन्छ । भाइटीकाको दिन बेलुकी दिदीबहिनीले दाजुभाइलाई पूजा गर्छन् । भाइहरूलाई राखेर अगाडि पिठोको मण्डल बनाइन्छ र बत्ती बालिन्छ बत्ती ननिभ्दै सयपत्रीको च्यातेको फूलले १२ पटक घ्वाल्ल गरिन्छ र टीका (अक्षता) लगाइन्छ अनि, फूल, माला जजंगा प्रसाद उपहार खानेकुरा दिइन्छ । मण्डलमा बालेको बत्ती विमिरा लगाएर निभाइन्छ भाइलाई मासु चिउरा रक्सी खानेकुरा दिइन्छ भाइले दक्षिणा उपहार दिन्छन् । पहिले पहिले भाइटीका रातमा मात्र लगाउने चलन थियो । तर आजकाल भने भाइटीकाको साइतमानै पनि टीका लगाउने चलन बढेको छ । पहिला रातमा लगाउँदा भाइलाई अक्षताको रातोटिका मात्र लगाइन्थ्यो भने आजकाल सप्तरंगी टीकाको महत्व बुझी सप्तरंगी टीका लगाई माला र जंजगा लगाइदिएर तेल र पानीले चारैतिरबाट परिक्रमा गरि छेकेर पूजा गरिन्छ ।

## झ. पुषे पन्ध्र

पुस महिनाको पन्ध्र गते जाडो बढी हुने कारणले गर्दा लट्टे भात पकाइ मासुसँग खाने चलन छ । पुसको जाडोमा मरिन्छ कि बाँचिन्छ भनेर खाने गरेको रे भन्ने भनाइ छ । यसमा कुनै परिवर्तन देखिएको छैन ।

**ञ. माघे सक्रान्ति**

माघको एक गतेका दिन पुसको जाडोमा मरिएन बाँचियो है भनी यो चाड मनाइएको रे भन्ने भनाइ प्रचलन छ । पुसको अन्तिम दिन दोमासेमा रोटी, मासको फुरौला पकाइ माघ १ गते विहानै नुहाएर, रोटी फुरौला, सख्खरखण्ड तरूल, चिउरा, अण्डा, खुदो र अदुवा खाने चलन छ । पुसको पाक्य, माघको खाक्य (पुसमा पकाई माघमा खाने) भन्ने चलन रहेको छ । यस चाडमा पनि खासै परिवर्तन देखिदैन ।

## ६.४. सामाजिक रितिरिवाजमा आएको परिवर्तन

**क. भाषा**

नेवार जातिको आफ्नै मातृभाषा नेवारी रहेको छ । नेवारहरू घर परिवारमा सामान्य कामकाजमा बोलचाल गर्दा नेवारी भाषा नै प्रयोग गर्दछन् । देउरालीमा बसोबास गर्ने नेवारहरू पहिले पहिले नेवारी भाषा मात्र बोल्ने गर्दथे । घरपरिवार र नेवार समुदायमा नेपाली भाषाको प्रयोग गर्दैनथे तर आजकाल भने नेवारी भाषाको प्रयोग कम हुँदै गएको छ । नयाँ पिढीले नेवारी भाषा नबुझ्ने र बोल्न नसक्ने स्थिति आइसकेको छ । अन्य जातिसँगको बढी घुलमिलको कारणले गर्दा नेवारी भाषाको प्रयोग कम हुँदै गएको छ । यहाँका हटिया र फेदीका नेवार समुदायमा भन्दा देउराली बजार, स्यामलथर र पौवाका नेवार समुदायमा नेवारी भाषाको प्रयोग कम हुने गरेको छ । बूढाबूढीहरू मात्र नेवारी भाषा बोल्ने अरूले नबोल्ने भाषा नबुझ्ने, बुझ्नेले पनि बोल्न नजान्ने स्थिति रहेको छ ।

**ख. भेषभूषा**

नेवार समुदायको आफ्नै मौलिक भेषभूषा रहेको छ । आइमाइले ढाकाको चोली, घरबुना खाडीको कालो गुन्यू, सेतो पटुकी, कानमा माडवारी, टाउकोमा फूल, खुट्टामा चाँदीको कल्ली, पोते नेवारका बस्त्र र गहना हुन् । लोग्नेमानिसले कालो रङ्गको खाडीको कपडाको दौरा सुरूवाल, कालो भादगाउँले टोपी र सेतो पटुका लगाउने गर्दछन् । पहिलेका

नेवारहरूले यस्तो कपडा लगाएपनि आजकाल भने पूर्ण रूपमा परिवर्तन भई गुन्यू, चोलो, वृद्ध महिलाले, कुर्ता सुरूवाल, लुङ्गी टिसर्ट, वयस्क महिलाले र पाइन्ट टिसर्ट, स्कर्ट, कुर्ता सुरूवाल केटीहरूले लगाउने गर्छन् । केटा मानिसले जिन्स पाइन्ट, टिसर्ट, कोट पाइन्ट आदि लगाउने गर्दछन् । आजकाल आफ्नो जातिको भेषभूषा लोप हुन लागेको महशुस गरी हटिया, स्यामलथर र पौवाका नेवारहरूले प्रत्येक घरले आफ्नो जातिगत पोशाक किन्नुपर्ने र विभिन्न सांस्कृतिक कार्यक्रममा आफ्नो मौलिक पोशाकसहित उपस्थित हुने चलन चलाएका छन् । विशेष गरी हटियामा बसोबास गर्ने नेवारहरू विभिन्न सांस्कृतिक कार्यक्रममा भाग लिने देशव्यापी रूपमा आयोजित लाखे नाँच प्रतियोगितामा भाग लिई प्रथम स्थान पनि हासिल गरेका छन् । यसबाट आफ्नो संस्कृति जोगाउन जागरूक रहेको थाहा पाउन सकिन्छ ।

### ग. खानपान

नेवार समुदाय भन्ने बित्तिकै विभिन्न थरीका परिकारहरू र भोज सम्झने गरिन्छ । नेवारहरू विभिन्न परिकार बनाउन सिपालु हुन्छन् । एउटै मासुलाई धेरै तरिकाबाट पकाइ तयार गर्छन् । छोयला, कचिला, भुटुवा, सेकुवा बनाउँछन् । रोटी, अचार, माछा, भटमास, साँधेर, चिउरा, मासुका परिकारहरू बनाइ भोज खाने चलन छ । देउरालीका नेवारहरू पनि विभिन्न चाडपर्व, गुठी पूजा आदिमा भोज खाने गर्छन् । तर घरमा भने पहिले जस्तो विभिन्न परिकार बनाउन छाडिसकेका छन् । सामान्य खाना दाल, भात, तरकारी, अचार बनाइ खान्छन् । पहिले गरिबीको कारण ढिडो धेरै खाने चलन थियो तर आजकल भने ढिडो खाने चलन हराइसकेको छ । वैदेशिक रोजगार नोकरी, व्यापार आदिका कारण आर्थिक अवस्था राम्रो हुँदै गएकाले खानपानमा स्तरीयता बढेको छ । पहिले घरमा नै बनाइने खाना खाइन्थे भने आजकाल बजारमा उपलब्ध रेडिमेड खानाहरू चाउचाउ, विस्कुट, कुरमुरे आदिको प्रयोग बढी गर्ने गरेको पाइन्छ ।

## घ. शिक्षा

पहिले विद्यालयको अभाव, जनचेतनाको अभाव र आर्थिक स्थिति कमजोरको कारण यहाँका नेवारहरू अशिक्षित थिए तर आजकाल गाउँमा नै प्रा.वि. र १ उ.मा.वि. रहेको छ । जनचेतना पनि फैलिएको छ भने आर्थिक स्थिति पनि मजबुत हुँदै गएको कारणले गर्दा प्राय सबै घरका वालवालिका विद्यालय जान्छन् भने बूढापाका पनि प्रौढ शिक्षा पढ्न थालेका छन् । राम्रो आर्थिक स्थिति हुनेले वोर्डिङ्गमा र डाक्टर, इन्जिनियर पनि पढाएका छन् ।

## ङ. सरसफाई

नेवार समुदाय पहिले पहिले सरसफाइमा कमजोर देखिन्थ्यो तर आजभोलि भने मानिस शिक्षित भइसके । जनचेतनाका कारण सरसफाइको महत्व बुझे । स्वास्थ्य नै धन हो भन्ने बुझेकाले देउरालीका नेवारहरू सरसफाइमा ध्यान दिन्छन् । घर, समुदाय, टोल सफा गर्छन् ।

## च. परिवार

परिवार विभिन्न प्रकारका हुन्छन् एकल, संयुक्त र वृहत । बाबुआमा र छोराछोरीमात्र बस्ने परिवार एकल हो । वावुआमा, हजुरबा, हजुरआमा, नाति, नातिना, फुपू बस्ने परिवार संयुक्त हो भने काकाकाकी, छोराछोरी बस्ने ठूलो परिवार वृहत हो । पहिले पहिले यहाँका नेवारहरूमा केही मात्रामा वृहत परिवार देखिएतापनि धेरै परिवार संयुक्त रूपमा बस्दथे । आजकाल पनि संयुक्त परिवार नै बढी रहेको छ । तर एकल परिवारमा बस्नेको संख्या बढ्दो रहेको छ ।

## छ. पेशा

नेवारहरूले अपनाएका पेशा हेर्दा प्राय : कृषि पेशा अपनाएको देखिन्छ । पहिलेका नेवारहरूले खाडीको कपडा बुन्ने, राँगो भैसी बेच्ने, खेतबारीमा काम गर्ने गर्दथे तर आजकाल कपडा बुन्ने चलन हराएको छ । खेतीपाती भने गर्ने गर्छन् । आजकाल बढी मात्रामा व्यापारतिर आकर्षित भएका छन् । त्यस्तै वैदेशिक रोजगारमा जानेको संख्या बढ्दो छ । त्यस्तै सरकारी नोकरी शिक्षक, आर्मी, प्रहरीतिर पनि लागेका छन् । यसरी देउरालीका नेवारहरूको पेशामा परिवर्तन आएको छ ।

## ज. घरको प्रकार

पहिलो नेवारको बस्ती बाटो मुनि र बाटो माथि बाटोतिर फर्काएर जोडेर घर बनाइन्थ्यो । तल्लो तलामा पसल राख्न मिल्ने गरी ढिक राखेर बनाइन्थ्यो । तर आजकाल भने घर बनाउने तरीकामा परिवर्तन आएको छ । आजकाल घर बनाउँदा सिमेन्ट बालुवाले ढलान गरेर सटर निकालेर बनाउँछन् । समूह छलफलबाट समय र आर्थिक अवस्था राम्रो भएको कारण घरको प्रकारमा परिवर्तन आएको देखिन्छ भन्ने निष्कर्ष निकालियो ।

## झ. व्यवहार/सम्बन्ध

नेवारहरूको आफ्नो परिवारमा पनि राम्रो सम्बन्ध रहेको पाइन्छ । बावुआमा, छोराछोरी, दाजुभाइ, दिदीबहिनीवीच राम्रो सौहार्द्रपूर्ण वातावरण र सम्बन्ध रहेको पाइन्छ । परेको बेलामा एकले अर्कोलाई सहयोग गर्छन् । समुदायमा अन्य जातिसँग पनि राम्रो सम्बन्ध रहेको पाइन्छ ।

**वैयक्तिक अध्ययन - एक**
**सामाजिक, साँस्कृतिक परिवर्तनका सम्बन्धमा हीरालाल श्रेष्ठको विचार**

हीरालाल श्रेष्ठ ८४ वर्षको हुनुभयो । उहाँ देउराली ३ हटियामा बस्नुहुन्छ । उहाँको जेठा छोरा बुहारी र नाति नातिनी बुहारीका साथमा बस्नुहुन्छ । उहाँको पेशा कृषि हो । जेठा छोरा यसै गाउँको विश्व शान्ति उ.मा.वि. को भू.पू प्र.अ. हुनुहुन्छ । उहाँको पुर्खाह¿ भक्तपुरबाट बसाइँ सरेर आउनुभएको भनिन्छ । उहाँले नेवार जातिको संस्कार र संस्कृतिमा परिवर्तन देख्नुभएको छ । उहाँको पालामा नेवार जातिले विवाह गर्दा केटाकेटीले मुख नहेरी जन्ती गएर केटीलाई दुलाहाको घरमा ल्याइदिन्थे र पछि मुख हेर्ने चलन थियो तर आजकाल केटाकेटी हेरेर गफ गरी विवाहमा दुलाहासमेत जन्ती गएर विवाह गर्ने चलन छ । मुत्युसंस्कारमा पहिले मलामी जाँदा जुत्ता चप्पल नलगाई छाता नओढी जानुपर्थ्यो तर आजकाल क्रियापुत्री समेत सबैले चप्पल लगाएर घामपानीमा छाता ओढेर जाने चलन छ । पहिले लाशलाई काँधमा बोकेर सेती वा मादि नदीको किनारमा पुऱ्याइन्थ्यो भने आजकाल गाडीमा राखी लगिन्छ । त्यस्तै मृत्यु भएको तेह्र दिनमा चोख्याउँदा मलामी र गाउलेलाई राँगो काटेर मासु भात खुवाउने चलन थियो तर आजकाल रोटी तरकारी, हलुवा फलफूल खुवाउने चलन छ । उहाँकानुसार नेवारका संस्कृतिहरू समय अनुसार परिमार्जित हुँदै गएको छ । कति कुराहरू विर्सेर वा नजानेर सिकाउने व्यक्तिको अभावले गर्दा परिवर्तन भएको हो ।

## वैयक्तिक अध्ययन - दुई

## सामाजिक, साँस्कृतिक परिवर्तनका सम्बन्धमा केशवराज घिमिरेको विचार

केशवराज घिमिरे ६१ वर्षको हुनुभयो । उहाँ देउराली - २ घिमिरे गाउँमा बस्नुहुन्छ । उहाँ जेठा छोरा बुहारी र श्रीमतीको साथमा बस्नुहुन्छ । उहाँ सानै उमेरदेखि पण्डित्याइँ कार्यमा लाग्नुभएको हो । यसको अलावा कृषि र पशुपालन गर्नुहुन्छ । उहाँको छोराले पनि पुरोहित्याइँ कार्य नै गर्नुहुन्छ । उहाँकानुसार पहिले पहिले नेवारहरूले ब्राम्हणद्वारा कुनै पनि कार्य गराउने गर्दैनथे तर आजकाल भने नेवारहरूले विभिन्न कार्यहरू ब्राम्हणद्वारा ब्राम्हणविधिबाट नै गराउने गर्दछन् । जस्तै : आजकाल कसै कसैले बच्चाको न्वारान ब्राम्हण डाकी ब्राम्हण विधिद्वारा गराउने गर्छन् । श्राद्ध गर्ने काम, मृत्यु, संस्कारमा उम्काउने काम व्रतबन्ध गर्ने काम आदि ब्राम्हणद्वारा पुरोहित नै गर्ने गरिन्छ । उहाँकानुसार नेवार जाति आफैले गर्ने संस्कारहरू छुट्टै मौलिक भएपनि ब्राम्हण पुरोहितद्वारा गरिने कार्य भने ब्राम्हण जाति र नेवार जातिमा एउटै हुने कुरा बताउनुभयो । उहाँले महिलाको अवस्थामा धेरै सुधार भएको देख्नुभएको छ । उहाँका पालामा महिलाहरू ढिकी जातोमा सिमीत थिए तर आजकाल मेशिनको जमानामा आएको छ । महिला पुरूष समान छन् चाड मनाउने तरीकामा आधुनिकता आएको छ ।

## वैयक्तिक अध्ययन - तीन

## सामाजिक, साँस्कृतिक परिवर्तनका सम्बन्धमा हरि प्रसाद श्रेष्ठको विचार

हरिप्रसाद श्रेष्ठ ७३ वर्षको हुनुभयो । उहाँ देउराली - २ स्यामलथरमा बस्नुहुन्छ । उहाँ भू.पू. इण्डियन आर्मीको हुनुहुन्छ । हाल कृषि पेशामा आवद्ध हुनुहुन्छ । उहाँका पूर्खाहरू पनि भक्तपुरबाट नै बसाईं सरेर आउनु भएको हो । भक्तपुरबाट बसाईं सर्नुको कारण सोध्दा उहाँ भन्नुहुन्छ, "भक्तपुरमा नेवारहरूको चाड र संस्कार मनाउन बढी खर्च लाग्थ्यो रे त्यसैले चाड मनाउन नसक्ने भएपछि हाम्रा पुर्खाले त्यो ठाउँ छाडी बसाईं सर्ने निधो गरेछन् र हिँडेर आउँदा तनहुँको स्याम्गा भन्ने ठाउँमा बास बसी यस ठाउँमा आएकाले हामीलाई स्याम्गाली भनिएको हो । साथै यो ठाउँको नाम स्यामलथर रहेको हो ।" उहाँका अनुसार पहिले र अहिलेको नेवारहरूको स्थिति फरक भएको छ । नेवारहरूको आर्थिक अवस्थामा सुधार आएको छ । पहिले चामलको भात खान धौ धौ पर्थ्यो ब्राम्हणको घरमा गई काम गरेर चामल ल्याई खानु पर्थ्यो पैसाले किनेर खानेलाई नराम्रो मान्दथे, गरिब ठान्दथे तर आजकल काम नगरी पैसाले किनेर खाने बढी छन् । त्यसैलाई इज्जतदार र सुखी मान्दछन् । चाड मनाउने तरीकामा पनि परिवर्तन आएको छ । उहाँ आजकल मानिसलाई सुखी देख्नुहुन्छ ।

# परिच्छेद सात
## सारांश, निष्कर्ष र सुझाव

### ७.१ सारांश

नेपाल चार जात छत्तीस वर्णको फूलबारी हो । नेपाल नामको सुन्दर बगैंचामा फूलने फूल मध्ये नेवार एक प्रकारको फूल वा जात हो । जसले फूलवारीको शोभा बढाएको छ । यो जाति संस्कृति र रितिरिवाजमा धनी मानिन्छ । यस जातिको रितिरिवाज र संस्कृति के छ र हाल के परिवर्तन देखिएको छ भन्ने पहिचानको लागि यो अध्ययन गरिएको हो । यस अध्ययनमा नेवार जातिले अंगिकार गरेका प्रमुख सामाजिक संस्कार, चाडपर्व र रितिरिवाजका बारेमा अध्ययन गरि त्यसमा देखा परेका परिवर्तनका बारेमा विश्लेषण गर्न खोजिएको छ ।

यस अध्ययनमा अन्वेषणात्मक र वर्णनात्मक अध्ययन विधिको उपयोग गरिएको छ । जस अन्तर्गत घरधूरी सर्वेक्षण, प्रश्नावली सूची, प्रत्यक्ष सम्पर्क, अवलोकन, अन्तर्वार्ता र वैयक्तिक अध्ययन आदिको प्रयोग गरि तथ्याङ्क संकलन गरिएको छ । यस अध्ययनको लागि देउराली गा.वि.स.का पाँच गाउँबाट दश दश घरधूरी पर्ने गरि ५० घरधूरीलाई उत्तरदाताको रूपमा नमूना छनौट गरिएको छ ।

### मुख्य प्राप्ति

- देउराली गा.वि.स. मा हिन्दूमार्गी नेवारहरू मात्र बसोबास गर्छन् ।
- देउरालीमा हटिया गुठी, स्यामलथर, पौवा, गुठी रहेका छन् जसमा नेवारहरू जातिहरूमात्र संलग्न रहेका छन् ।
- काठमाण्डौंका नेवारहरूको संरचना डा.गोपाल सिं नेपालीका अनुसार पूजारी जाति, उच्च वर्ग, उच्च निम्न जाति, निम्न जाति, फोहरी जाति तथा अछूत जाति अन्तर्गत

विभिन्न थरहरूमा विभाजन गरिएको देखिन्छ तर देउरालीका नेवारहरूमा यस्तो विभाजन देखिदैन ।

- डा. गोपाल सिंह नेपालीका अनुसार नेवार समुदायमा बच्चा जन्मेको २ वटा ३ दिनपछि माइती आई सुत्केरी महिलालाई हेर्न वा भेट्न आउँछन् । जसलाई नेवारीमा "मचा बु गु कु बनेगु" भनिन्छ । बच्चा जन्मेपछि बच्चाको शुद्धीकरण गरिन्छ जसलाई "मचा बु वेन्गेग" भनिन्छ । बच्चा र आमालाई आवश्यक पर्ने सामाग्रीहरू बच्चाको मामाघरबाट दिइन्छ । यस संस्कारमा "निसी या गु" "लुसी ठि के गु" "अल त यगु" जस्ता यी संस्कार पाइँदैन । पर्वते ब्राम्हणको जस्तै ११ दिनमा न्वारान गरिन्छ ।
- गोपाल सिं नेपालीका अनुसार काठमाण्डौंका नेवारहरू कुमारीजात्रा, इन्द्रजात्रा, मच्छिन्द्रजात्रा, घोडेजात्रा, विस्केटजात्रा विशेष रूपमा मनाउँछन् तर देउरालीका नेवारहरू विस्केटजात्रालाई चाडको रूपमा मनाउँछन् भने गाईजात्रालाई उत्सवका रूपमा बजार परिक्रमा गरि मनाउँछन् ।
- देउरालीमा "देउराली नेवा खल्" नामक नेवारी संस्था कार्यरत छ जसले नेवारी संस्कृतिको जगेर्ना गर्ने विभिन्न महोत्सवमा भाग लिने काम गर्छ ।
- विभिन्न जातजातिहरूको संगतले गर्दा यहाँका नेवारहरूको संस्कार र संस्कृति पनि विस्तारै परिवर्तन हुँदै गईरहेको छ ।
- नेवारी भाषाको अध्ययन गर्दा घरका मुली मानिस र बूढाबूढीहरू नेवारी भाषा वोल्न जान्ने तर छोराछोरीहरू वोल्न नजान्ने देखिएको छ । त्यस्तै हटियाको नेवार वस्तीमा धेरै नेवारी भाषा वोलिन्छ भने अन्य बस्ती जस्तै : स्यामलथर, पौवा, देउराली बजारमा नेवारी भाषा कम बोल्ने वा वोल्दै नवोल्ने पनि पाइयो ।
- त्यस्तै संस्कार तथा संस्कृति सम्बन्धमा कुनै लिखित दस्तावेजहरू नपाइने हुनाले पनि विस्तारै विस्तारै लोप हुँदै गई नयाँ पुस्ताहरूको लागि नेवार संस्कृति, संस्कार र सभ्यताको अस्तित्वमाथि नै प्रश्न चिन्ह आउने संभावना यस अध्ययनले देखाउँछ ।

- यहाँका नेवारहरूले मनाउँदै आएका चाडपर्वहरू जस्तै योमरी पुन्ही मनाउन छाडिएको छ भने चाडपर्व मनाउने तरिकामा परिवर्तन आएको छ । चाडपर्व मनाउने तरीकामा परम्परागत तरीका कम गर्दै आधुनिकता भित्रिएको देखिन्छ ।
- विभिन्न चाडपर्वहरू ब्राम्हण समुदायको प्रभावले गर्दा ब्राम्हण विधि अनुसार मनाइन थालिएको छ ।
- जन्म संस्कार, मृत्यु संस्कार, व्रतबन्ध र विवाह जस्ता संस्कारमा परिर्वतन आएको छ । यसमा पनि ब्राम्हणको संस्कारको प्रभाव बढी देखिन्छ ।
- त्यस्तै भाषा, भेषभूषा र पेशामा पनि परिर्वतन आएको छ ।

## ७.२ निष्कर्ष

यस अध्ययनबाट नेवार जातिको जन्म संस्कार, पास्नी, व्रतबन्ध, बेल विवाह, गुफा राख्ने, विवाह संस्कार र मृत्यु संस्कारमा आफ्नै मौलिकता रहेको छ । यिनीहरूले मनाउने चाडपर्वहरूमा विस्केट जात्रा, मातातीर्थ औंसी, अक्षय तृतीया, चण्डिपूर्णिमा, सिठी नखः, घण्टाकर्ण, नागपञ्चमी, जनैपूर्णिमा, गाईजात्रा, कृष्णजात्रा, कुसे औंसी, दशैं, तिहार, माघे सक्रान्ति आदि प्रमुख रहेका छन् ।

यी प्रमुख संस्कार र चाडपर्व मनाउने तरिकामा समयको अन्तरालसँगै परिवर्तनहरू देखा परेका छन् । नेवारी भेषभूषामा परिवर्तन देखिएको छ । घरबुना गुन्यू चोलीको बदलामा कुर्ता सुरूवाल र पाइन्टले व्यापकता पाएको छ । नेवारी भाषा बोल्ने संख्या कम हुँदै गएको छ । विशेष गरी ब्राम्हण समुदायको संस्कारको प्रभाव बढी परेको देखिन्छ । नेवारहरुले अपनाउदै आएको पेशामा परितर्वतन देखिएको छ । जसको कारण खोज्दा शिक्षा, यातायातको सुविधा, समयको अन्तर, आधुनिकीरण, परसंस्कृतिकरण, सहरीकरण आदि प्रमुख कारक तत्व रहेका छन् ।

## सुझावहरू

क. यस देउराली गा.वि.स. मा नेवारहरूको १३० घर रहेकोमा प्रतिनिधि घरसंख्या ५० लिइएको छ । प्रतिनिधि घर संख्याबाट लिइएको तथ्याङ्अनुसार जम्मा ३१ घर संख्याले मात्र नेवारी भाषा वोल्ने र १९ घर संख्याले नेवारी भाषा नबोल्ने पाइएकोले घरमूलीले वालवच्चालाई भाषाको उत्थान हुने देखिन्छ । साथै यहाँको विद्यालयमा प्राथमिक तहको स्थानीय पाठ्यक्रममा नेवारी भाषालाई ऐच्छिक रूपमा समावेश गरेमा भाषाको संरक्षण हुने थियो ।

ख. पर्वतेहरूको सम्पर्कले गर्दा कतिपय चाडपर्वहरू मान्न छाडेको र मान्नेले पनि मनाउने तरीकामा परिवर्तन ल्याएकाले परम्परागत रूपले मान्ने गरेमा नेवारी संस्कारको संरक्षण हुने थियो ।

ग. काठमाण्डौं उपत्यकाबाट बाहिरिएका नेवारहरूमा सामाजिक, साँस्कृतिक अवस्था कमजोर देखिएकोले नेवारी परम्परा र संस्कृति सम्बन्धी लेख रचनाहरू प्रत्येक परिवारमा अध्ययन गर्ने नेवा पुचले विशेष पहल गरेमा संरक्षण हुने थियो ।

घ. नेवारहरूको चाडपर्व धेरै भएकाले फजुल खर्चतिर नलागी मितव्ययी ढंगबाट मनाएमा आर्थिक अवस्थामा असर पर्ने थिएन ।

ङ. गुठी संख्यालाई केवल मृत्यु संस्कार सम्पन्न गर्नमा मात्र लागि परेको देखिएकाले उक्त संस्थालाई संस्कृति र भाषा संरक्षणतर्फ पनि लगाएमा सामाजिक सांस्कृतिक अवस्था वलियो हुँदै जाने थियो ।

च. शिक्षा दिने, विभिन्न संस्कृति तथा संस्कार सम्पन्न गर्ने क्रममा छोरा र छोरीलाई भेदभाव भएको देखिएकाले यस्तो भेदभावप्रति समाजलाई सचेत गराएमा छोरा र छोरीमा समानताको विकास भई समाज उन्नतितर्फ लाग्ने थियो ।

छ. यहाँका नेवारहरूमध्ये केहीलाई संस्कार तथा संस्कृति सम्बन्धि विद्या तथा तालिमको व्यवस्था गरी नेवारहरू स्थानीय बाहुनबाट संस्कार नगराई नेवारबाट नै गराएमा सामाजिक सांस्कृतिक अवस्थामा शुद्धता आउने थियो ।

## सन्दर्भग्रन्थ सूची


आचार्य, बलराम (वि.सं.२०६४), ***“नेपाली समाज र संस्कृतिको विश्लेषण”*** काठमाण्डौंः सनलाइट पब्लिकेशन ।

एम्वर एण्ड एम्वर (१९८५), ***“क्यारोल आर एण्ड मेलभिन”*** सांस्कृतिक मानवशास्त्र न्यू जेरसीः न्यान्सी रोर्वटस् ।

डेविड जेरी एण्ड जुलिया जेरी, (२०००), “***तेस्रो संस्करण डिस्नेरी अफ सोसियोलोजी”,*** यू.केः हर्पर कोलिन्स् ।

नेपाल, ज्ञानमणि (वि.सं.२०४०), ***“नेपाल निरूक्त”*** काठमाण्डौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाली, गोपाल सिंह (सन् १९६५), ***“द नेवार्स”*** काठमाण्डौंः हिमालयन समुदायको एक जनजातीय अध्ययन, हिमालयन बुक सेलर ।

रेग्मी, डि.आर (सन् १९५२), ***“प्राचीन तथा मध्य नेपाल”*** काठमाण्डौंः ।

रोशर, कोलिन (सन् १९६६),***“सोसियल मोविलिटी इन द नेवारी काष्ट सिष्टम”*** काठमाण्डौं ।

विष्ट, डोरबहादुर (सन् १९८९), ***“पिपुल अफ नेपाल”*** काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

विष्ट, डोरबहादुर (सन् १९७३), ***“सबै जातको फूलबारी”*** काठमाण्डौं : साझा प्रकाशन ।

शर्मा, नगेन्द्र (वि.सं. २०६३), ***“नेपाली जनजीवन”*** काठमाण्डौंः साझा प्रकाशन ।

शान्ति सुरभ, (वि.सं. २०२६), ***“ऐतिहासिक पृष्ठभूमिमा नेवार र तिनको संस्कृति, हाम्रो संस्कृति”*** काठमाण्डौं ।

शिवाकोटी, गोपाल (वि.सं. २०६८), ***“नेपालमा सामन्तवादः हत्या, हिंसा र षड्यन्त्रको इतिहास”*** काठमाण्डौं : पैरवी प्रकाशन ।

हेगन टोनी (१९९८), ***“नेपालको चिनारी”*** ललितपुरः हिमाल किताब ।

शोधपत्रहरु :

गौतम, मिना कुमारी, (२०६९), माछापुच्छ्रे गा.वि.स. कास्कीमा तरकारी उत्पादनले महिलाको सामाजिक र आर्थिक अवस्थामा पारेको प्रभाव ।

अधिकारी, सन्तोष (२०६५), कसाई जातिमा देखा परेको सामाजिक परिवर्तन ।

सोदेम्बा, महेश्वर (२०११), लिम्बु समुदायको संस्कारमा आएको परिवर्तन ।

अनुसूची - १

# प्रश्नावली सूची

## १. सामान्य विवरण

घरमूलीको नामथर :

लिङ्ग : उमेर : धर्म :

भाषा : वडा नं. : टोल :

जात :

## २. पारिवारिक विवरण

| क्र. स | नाम थर | उमेर | घर मूलीसँगको | लिङ्ग | शैक्षिक योग्यता | वैवाहिक सम्बन्ध | पेशा | धर्म | भाषा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | | |
| २. | | | | | | | | | | |
| ३. | | | | | | | | | | |
| ४. | | | | | | | | | | |
| ५. | | | | | | | | | | |
| ६. | | | | | | | | | | |
| ७. | | | | | | | | | | |
| ८. | | | | | | | | | | |
| ९. | | | | | | | | | | |
| १० | | | | | | | | | | |

| क.सं | प्रश्नहरू | उत्तरहरू |
|---|---|---|
| ३. | तपाइको परिवार कुन हो ? | क) एकल<br>ख) संयुक्त<br>ग) वृहत |
| ४. | तपाइको परिवारले प्रयोग गरेको घरको वनोट कस्तो छ ? | क) माटोको जोजइ भएको ईटा<br>ख) सिमेन्टको जोडाइ भएको इटा ढुङ्गा<br>ग) ढलान पिल्लर सहितको<br>घ) अन्य |
| ५. | तपाई कहाँबाट आउनुभएको हो ? | क)<br>ख)<br>ग)<br>घ) |
| ६. | तपाइका पुर्खाहरू कहाँ बस्ने ? | क) काठमाण्डौं<br>ख) भक्तपुर<br>ग) ललितपुर |
| ७. | तपाइका परिवारमा विद्यालय जाने उमेरका वालवालिकाहरू कति छन् ? | क) केटा ..................<br>ख) केटी ........................ |
| ८. | विद्यालय जाने उमेरका वालवालिका यदि विद्यालय नपठाएको भए त्यसका कारण के के हुन् ? | क)<br>ख)<br>ग) |
| ९. | तपाइको परम्परागत पेशा के हो ? | क) कृषि<br>ख) पशुपालन<br>ग) व्यापार<br>घ) अन्य |

| क.सं | प्रश्नहरू | उत्तरहरू |
|---|---|---|
| १०. | तपाइले हाल के पेशा गर्नुभएको छ ? | क) कृषि<br>ख) पशुपालन<br>ग) व्यापार<br>घ) नोकरी<br>ङ) |
| ११. | के तपाई आफ्नो पेशाप्रति सन्तुष्ट हुनुहुन्छ ? | क) छु<br>ख) छैन |
| १२. | छैन यदि भने किन ? | क) कम आम्दानी<br>ख) गाह्रो काम<br>ग) स्रोतको अभाव<br>घ) अन्य |
| १३. | तपाईका पेशामा सहयोग गर्न घरपरिवारका कोको सदस्यहरू सहभागी हुनुहुन्छ ? | क) श्रीमान<br>ख) श्रीमती<br>ग) छोरी<br>घ) छोराबुहारी<br>ङ) कोही पनि हुँदैन |
| १४ | तपाइका परिवारका कुनै सदस्य देशवाहिर गएका छन् । | क) छ<br>ख) छैन |
| १५. | यदि गएका भए कुन देश | क) ................<br>ख) .................... |
| १६. | तपाईको घरमा यातायातको साधन छ कि छैन ? छ भने के छ ? | क) छैन<br>ख) कार<br>ग) मोटरसाइकल<br>घ) साइकल<br>ङ) बस |

| क.सं | प्रश्नहरू | उत्तरहरू |
|---|---|---|
| १७. | संचारका साधनहरू के के छन् ? | क) रेडियो<br>ख) टेलिभिजन<br>ग) टेलिफोन<br>घ) मोबाइल |
| १८. | तपाइका घरमा के के सुविधा छन् ? | क) विजुली<br>ख) पानी<br>ग) टेलिफोन<br>घ) ढल<br>ङ) अन्य |
| १९ | तपाइ कुनै संस्थामा संलग्न हुनुहुन्छ ? | क) छ<br>ख) छैन |
| २०. | तपाईको कस्तो विवाह भएको थियो ? | क) प्रेम विवाह<br>ख) अदालती विवाह<br>ग) मागी विवाह |
| २१. | तपाइको समुदायमा गुठी व्यवस्था छ छैन ? | क) छ<br>ख) छैन |
| २२. | छ भने गुठीको नाम के हो ? | क) |
| २३. | तपाईको गुठी पर्व कुन महिनाको कुन तिथिमा मनाउनु हुन्छ ? | क) महिना<br>ख) तिथि |
| २४. | तपाइको गुठीमा कति सदस्य छन् ? | क) |
| २५. | तपाईको गुठी संस्थाको मुख्य काम के हो ? | क) धार्मिक संस्कार सम्पन्न गर्ने<br>ख) मृत्यु संस्कार सम्पन्न गर्ने<br>ग) आर्थिक सहयोग गर्ने<br>घ) चाडपर्व मनाउन व्यवस्था गर्ने |

| क.सं | प्रश्नहरू | उत्तरहरू |
|---|---|---|
| २६. | तपाईको जातिगत रूपमा गरिने मुख्य पूजाहरू के के हुन् ? | क)<br>ख)<br>ग)<br>घ) |
| २७. | तपाईको मनाउने मुख्य चाडपर्वहरू के के हुन् ? | क)<br>ख)<br>ग)<br>घ)<br>ङ) |
| २८. | तपाई कुन कुन जात्रा मनाउनुहुन्छ ? | क)<br>ख)<br>ग)<br>घ) |
| २९. | तपाईहरूले पहिला कुन कुन चाड मनाउनुहुन्थ्यो ? | क)<br>ख)<br>ग)<br>घ)<br>ङ) |
| ३०. | अहिले कुन कुन चाड मनाउनुहुन्छ ? | क) घ)<br>ख) ङ)<br>ग) |
| ३१ | तपाईहरूको चाड मनाउने तरीकामा पहिलेको तुलनामा अहिले कतिको परिवर्तन आएको छ वा छैन ? | क) छ<br>ख) छैन |

| क.सं | प्रश्नहरू | उत्तरहरू |
| --- | --- | --- |
| ३२. | छ भने कारण के होला ? | क) आर्थिक अभाव<br>ख) समयको अभाव<br>ग) जातीय प्रभाव<br>घ) तरीका विर्सदै जानु<br>ङ) अन्य |
| ३३. | तपाईहरूले छोरीलाई गरिने कर्मकाण्डहरू के के हुन् ? | क)<br>ख)<br>ग)<br>घ)<br>ङ) |
| ३४. | तपाईहरूले छोरालाई गरिने कर्मकाण्डहरू के के हुन् ? | क)<br>ख)<br>ग)<br>घ)<br>ङ) |
| ३५ | तपाईको समाजमा महिलाको स्थान कस्तो छ ? | क)<br>ख)<br>ग) |
| ३६ | महिलाले गर्ने संस्कार के के हुन् ? | क)<br>ख)<br>ग)<br>घ) |
| ३७. | पुरूषले गर्ने संस्कार के के हुन् ? | क)<br>ख)<br>ग) |

| क.सं | प्रश्नहरू | उत्तरहरू |
|---|---|---|
| ३८ | तपाईले मनाउने सामाजिक संस्कारहरू के के हुन् ? | क)<br>ख)<br>ग)<br>घ) |
| ३९ | त्यस्ता संस्कारमा परिवर्तन आएको छ ? | क) छ<br>ख) छैन |
| ४०. | परिवर्तन आएको छ भने किन ? | क) हिन्दूकरण भएकाले<br>ख) बसाँइ सराइ सरेर आएपछि पुस्ताका संस्कार हस्तान्तरण नभएकाले<br>ग) आधुनिकरणका कारण<br>घ) तरिका बिर्सिदै जानु<br>ङ) आर्थिक अभाव<br>च) समयको अभाव |
| ४१. | त्यस्ता परिवर्तन कुन कुन संस्कारमा कस्तो देखिएको छ ? | क)<br>ख)<br>ग)<br>घ) |
| ४२. | कुन चाडपर्वमा कस्तो परिवर्तन देखिएको छ ? | क)<br>ख)<br>ग)<br>घ) |
| ४३. | रितिरिवाजमा कस्तो परिवर्तन देखिएको छ ? | क)<br>ख)<br>ग)<br>घ) |

| | | |
|---|---|---|
| ४४. | अन्तिममा केही सुझाव छ कि ? | क)<br>ख)<br>ग)<br>घ) |

अनुसूची - २

## मुख्य सूचनादातालाई सोधिएका प्रश्नहरू

१. तपाई यहाँ कहिले देखि बस्दै आउनुभएको हो ?

२. तपाईको पूर्ख्यौली ठाउँ कहाँ हो ?

३. बसाइँ सराई आउनुभएको भए कहिले र के कारणले आउनुभयो ?

४. नेवारको संस्कृति र रितिरिवाज के के हुन् ?

५. नेवारले मनाउने चाडवाडको बारेमा भनिदिनुहुन्छ कि ?

६. पहिले मनाउने चाडपर्व र अहिले मनाउने चाडपर्व र तरिकामा परिवर्तन आएको छ ? यदि छ भने कुन चाडपर्वमा के परिवर्तन आएको छ ?

७. नेवारको पेसामा परिवर्तन आएको छ ? आउनाका कारणहरू के के हुन् ?

८. नेवारहरूको भेषभूषा, रहनसहन, खानपानमा परिवर्तन भएको देख्नुभएको छ ? छ भने के परिवर्तन देख्नुभएको छ ?

९. नेवारका विभिन्न संस्कारहरू (जन्म, मृत्यु, विवाह) आदि संस्कारबारे थाहा छ ?

१०. ती संस्कारमा हाल परिवर्तन भएको छ कि छैन ? छ भने के परिवर्तन भएको छ ?

११. नेवारी महिलाको अवस्था कस्तो रहेको छ ? छोरा र छोरीको स्थानमा फरक छ कि छैन ?

अनुसूची - ३

**परिशिष्ट क**

# परिशिष्ट ख

# परिशिष्ट ग